# शुभारम्भ



## ❖ प्रा. डा. गङ्गाप्रसाद अधिकारी

यो पुस्तक केवल लेखकका पीडापूर्ण अभिव्यक्तिको अरण्यरोदन मात्र होइन, रोगीले रोग लाग्दादेखि त्यसमाथि विजय हासिल गर्दासम्म बेहोरेका असामान्य परिस्थितिबारे लेखिएको अनुभवको पुञ्ज हो । अनुभवले नै मासिलाई खार्दो रहेछ । एउटा खतरनाक रोगबाट आक्रान्त हुँदा र त्यसबाट त्राण पाउन सङ्घर्ष गर्दाका खेमजी र उहाँको परिवारले भोग्नुपरेका विषम परिस्थितिले उहाँहरूलाई अनुभवी मात्र बनाएन त्यस्ता विषम अवस्थासँग भिड्ने साहस पनि दिलायो । अर्थात् अनुभवले खार्‍यो उहाँहरूलाई । यसरी उहाँको जीवनको एउटा कालखण्डले दिलाएको त्यो मूल्यवान् अनुभव अरूसँग पनि बाँड्ने उहाँको उत्कण्ठाकै फलस्वरूप नै यो पुस्तकले आकार प्राप्त गरेको छ र उहाँले बाँडेका यी अमूल्य अनुभूतिबाट हामी पनि लाभान्वित हुनपुगेका छौँ । अतः यो कृति पाठकका रागात्मक पक्षलाई घच्घच्याउन मात्र होइन व्यवहारिक जीवनको उपदेष्टा पनि बन्न सफल हुने छ ।

*- प्रा.डा.गङ्गाप्रसाद अधिकारी (साहित्यकार खेमराज निरौलाको 'जीवनको खोजीमा' आत्मानुभवमा समाविष्ट भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# जनविश्वासको कसीमा घोटिन तम्सिनेहरू र मतदाताको मूल्याङ्कन !

नेपालको लोकतन्त्र अहिले पनि शैशवावस्थामा छ र यसको जगेर्ना पनि जनताकै तहबाट मात्र हुन्छ भन्ने अत्यन्त गम्भीर मूल्याङ्कन गर्ने दिनको रूपमा मङ्सिर ४ हाम्रो सन्निकट आइरहेको छ । पूर्ण गणतन्त्रको स्थापनापछि संविधान निर्माणका लागि मात्रै हामीले दुई दुईपटक संविधानसभाको निर्वाचन व्यहोर्‍यौँ, जो पटक्कै अपेक्षित थिएन । त्यसपछि २०७४ को निर्वाचानमा हामी मतदाताले मतदान गर्‍यौँ र आफ्ना जनप्रतिनिधि निर्वाचित गर्‍यौँ, त्यसपछिको शासनव्यवस्था हेर्‍यौँ, भोग्यौँ । गएको स्थानीय निर्वाचनमा पनि सहभागी भयौँ, आफ्ना जनप्रतिनिधि चयनका लागि मतदान गर्‍यौँ र उनीहरूको शासन पनि भोग्दै छौँ । अर्थात् आफैँले जनप्रतिनिधि छान्ने र आफैँलाई शासन गर्ने अख्तियारी प्रदान गर्ने लोकतन्त्रको विशेषताको उपयोगको सुरुवाती चरणमै छौँ अझै हामी । अनि हामी मतदाताले नै लोकतन्त्रलाई बलियो पार्दै लैजानुपर्ने आवश्यकता छ भन्ने कुरालाई अत्यन्त गम्भीरताका साथ सोच्ने र मूल्याङ्कन गर्ने त्यसपछि कार्यान्वयनका तहमा पुग्ने जिम्मेवारी पनि हाम्रै रहेको छ ।

२०४६ सालको आन्दोलनपश्चात् प्राप्त भएको बहुदलीय शासन व्यवस्थाका लागि २०४८ सालमा भएको निर्वाचनमा प्रजातन्त्रका हामी मात्र ठेकेदार हौँ भन्नेहरूले भ्रमको खेती गर्न निकै राम्रोसँग मलजल गरे । यहाँसम्म कि 'कम्युनिस्टले निर्वाचन जिते भने साठी वर्ष पूरा भएकालाई मारिदिन्छन्' भन्नेसम्मका भ्रमको खेती गर्न उनीहरू सफल भए । ठिकै छ नि त भनेर जनताले पनि पत्याइदिए, उनीहरू निर्वाचित भए र सरकार बन्यो । जे भए पनि बुहदलीय व्यवस्था पुनस्थापना हुनु र जनताले आफ्नै शासनका लागि जनप्रतिनिधि छान्न पाउनु र सरकार गठन हुनु अत्यन्त सकारात्मक कुरा थियो, खुसीको कुरा थियो ।

बहुदलीय शासन व्यवस्थाको स्थापनापछि जनताका आकाङ्क्षा एकाएक बढेर गए र मुलुकका परिपूर्ति गर्नुपर्ने आवश्यकता पनि धेरै नै थिए । मुलुकका शिक्षा, स्वास्थ्य, विकासनिर्माण, रोजगारीका अवसर सिर्जनालगायतका सबै सबै क्षेत्रमा सरकारको गम्भीर ध्यान जानुपर्ने, योजना निर्माण गर्नुपर्ने, इमानदार कार्यान्वयन गर्नुपर्ने आवश्यकता थियो । तर निर्वाचन जित्नासाथ जनता बिर्सिने, जनतासँग गरेका बाचाकसम बिर्सिने, आफ्नो क्षमता तथा बुद्धिविवेकले भन्दा पनि आदेश र इसारामा काम गर्ने, आफ्नो मुलुकको हितभन्दा छिमेकीको हित सोचिदिनुपर्ने खै त्यस्तो के बाध्यता र परिबन्दमा प्रजातन्त्रको ठेकेदार भनेका हामी मात्र हौँ भन्नेहरूले पर्नुपर्ने अवस्था आयो खुल्लमखुल्ला त सार्वजनिक गरेनन् तर त्यो करिब करिब सर्वाङ्ग नै भयो । प्रजातन्त्रको स्थापनामा छिमेकीको सहयोग रहेको र त्यही गुन तिर्नुपरेको, उसैको एकाधिकार बजारको सुनिश्चितताका लागि खुला बजार अर्थनीतिको सुन्दा राम्रै लाग्ने पस्मिनाको बर्कोले छोपेको स्वार्थप्रेरित तथाकथित उदारवादले नै छिमेकी तथा शुभेच्छुकले स्थापना गरिदिएका ठुला उद्योगधन्दा तथा कलकारखाना कौडीको मूल्यमा बिक्री गरी यो मुलुकलाई बेरोजगारको अखडा बनाउने

र मालिकका उत्पादनलाई एकाधिकार बजार कायम गरिदिने, आयातमा मात्र निर्भर हुनुपर्ने अवस्था सिर्जना गर्ने काम तिनै तथाकथित प्रजातन्त्रका ठेकेदारहरूले गरेकाले त्यहीँ भारतमा, खाडी मुलुकमा रगतपसिना बगाउन युवा पलायन हुनुपर्ने बाध्यात्मक अवस्था सिर्जना गर्ने र यो मुलुकलाई रेमिट्यान्सले मात्र चलाउनुपर्ने अवस्थामा ल्याउने काम तिनै ठेकेदारले गरेका हुन् भन्ने कुराको यथार्थबोध हामी मतदाताले गर्ने दिन हो मङ्सिर चार गते ।

सत्ताका निम्ति मात्र मरिमेट्ने र सत्ताबाहेक केही पनि नहेर्ने प्रवृत्तिको थालनी त्यही शासनकालमा भयो र अनपेक्षितरूपमा संसद् विघटन गरी २०५१ सालमा मध्यावधि निर्वाचन हुँदा जनतालाई पूर्ण आयु बाँच्न दिने ठेकका लिएका ठेकेदारहरूको कथित भ्रम आफैँ च्यात्चुत् भयो र उनीहरू पानीफोका फुटेझैँ फुटेपछि ठुलो दलका रूपमा एमालेको उदय भयो । उसले केही जनता र देशका हितमा काम गर्ने देखिेपछि सारासंसार सत्ताच्यूत गर्ने अभियानमा लागे र सफल पनि भए तर उसले जनहितमा ल्याएका सामाजिक सुरक्षाका कार्यक्रमले त्यसपछिका सरकारलाई पनि त्यही नीतिबमोजिम लतारेर ल्याएको सबैले देखेकै छौँ, भोगेकै छौँ । त्यति मात्र होइन त्यही सामाजिक सुरक्षायोजनाको अर्को विकल्प ल्याउन पनि नसकेर त्यसैमा होडबाजी गरिरहेका तमासेहरूका, चटकेहरूका घोषणापत्र हुन् कि बकबास हुन् हामी अहिले पनि पढिरहेकै छौँ !

हिजो तथाकथित क्रान्तिको नाटक गरी देश तथा जनता लुट्ने अनि मालिकको आशीर्वाद लिएर आफू सुरक्षित रही उसैले टाट्नामा हालिदिएको सेवासुविधारूपी घाँस खाएर जनताका अबोध छोराछोरीलाई आन्दोलनको मोहरीमा होम्ने, विचार नमिल्नासाथ सडकमा हिँड्दा गड्यौला किचेर मारेजस्तो मान्छे मार्दै हिँड्ने, गुडिरहेको बसमा आगो लगाउने, झुट र फरेब तथ्याङ्कका माध्यमबाट राज्यकोष लुट्ने अनि सत्ताप्राप्तिका लागि चाहिँ भैँसीको पूजा पनि गर्नेहरूले समेत हत्केलाले सूर्य छेक्नकेनन् र एउटा निर्वाचनमा धाकधम्कीको निर्लज्ज प्रयोग गरेपछि जनताले लौ भैगो नि त भनिदिँदा पनि अवसर पाउनासाथ उही छोरी, छोरा, भाइ, भतिजा, नातागोता, चम्चे, हुक्के, भ्रष्ट, दलालभन्दा पर दृष्टि नै नगएपछि, सत्तालिप्सा, पैसा र ऐसआरामभन्दा पर नगएपछि अस्तित्वरक्षाका लागि जम्मा एक सय पैँसठ्ठी सिटमध्ये अहिले जम्मा सतचालिसजना मात्र उमेदवार निर्वाचनमा उठाउने अनि एक्लै उभिनेसम्म पनि हिम्मत नभएर अर्काको सुरुवालको जाङ समातेर उभिनुपर्नेहरू हाम्रो सरकार बने यो गर्छौँ र त्यो गर्छौँ भन्ने बकबासपत्र सार्वजनिक गरिरहेका छन् !

त्यस्तै अर्काथरी स्वार्थलम्पटहरू, आफ्नो घरमा आफैँ आगो लगाएर अर्काको घरमा भाँडा माझ्ने खरानी उपहारसहित लम्पसार पर्नेहरू हामीलाई उभिन चाहिँ तपाईँले सहारा दिनैपर्‍यो भनेर दौराको फेर समातेर उभिएका छन् र जम्मा उन्नाइसजना उमेदवार उठाएर हाम्रो सरकार बने जनताको जीवनस्तर स्वर्गैमा पुर्‍याइदिन्छौँ भन्दै दिउँसै सपना देखिरहेका छन्, बकबासपत्र सार्वजनिकीकरणको नौटङ्की गरिरहेका छन् ! योभन्दा भद्दा मजाक अरू के हुनसक्छ ! दिउँसै रात पार्ने निर्लज्ज तमासा योभन्दा अरू के हुनसक्छ ! राजनीतिमा लाज भन्ने चिज हुने भएको भए स्थानीय निर्वाचनमा जम्मा चार प्रतिशत मात्र मत जनताका

तहबाट प्राप्त हुँदा मुख छोपेर पो हिँड्नुपर्नेमा उल्टै ३८% पाउनेलाई धारे हात लाएर समय खर्चिएको देखियो ! यी दृष्टान्तले हामी मतदातालाई भने इमान, नैतिकता नभएपछि, मालिकले जसो जसो भन्छन् आदेशपालकले त्यसै त्यसै गर्नुको के विकल्प हुँदो रहेछ र ! लाज मानेर कहाँ सुख पाइँदो रहेछ र ! भन्ने मूल्याङ्कनको तहमा पुर्‍याएको छ। हुन त यो पनि नराम्रै चैँ होइन, यथार्थ हो। पानीफोका एक छिन्कै लागि त हो, त्यो फुट्छ नै।

विचारविहीन, उद्देश्यविहीन, नीतिविहीन, नैतिकताविहीन तर राष्ट्रदोहन एक मात्र एजेन्डा रहेका ठगबन्धनहरू सत्य बोल्ने र बोलीअनुसार गर्ने अठोट व्यक्त गर्नेलाई सत्तोसराप गरिरहेका छन् ! बहुदलीय व्यवस्थामा निर्दलीयताको उदाहरण आफू निर्लज्जरूपमा प्रस्तुत गर्छन्, जनताले विश्वास गर्दैनन् भन्ने ठानेर आफैँ थरथर काम्छन् अनि बिरालाले बच्चा सारेजस्तो हरेक निर्वाचनमा कहाँका जनतालाई भ्रममा पार्न वा प्रभावमा पार्नसकिन्छ भनेर दयालाग्दो शैलीमा आफैँ सरिरहन्छन् ! तिनै चटकेहरू र तिनीहरूको ठगबन्धनका माध्यमबाट हजारौँ तथाकथित राजाहरूले लुट्नुभन्दा एउटा राजाले लुटेको ठिक भन्दै राजतन्त्र देशलाई आवश्यक छ भनी सबैभन्दा बढी एक सय बयालिस उमेदवार उठाउँदै जनतासँग मत मागिरेहको पार्टी र कोही कोही ठाउँमा तालमेल गर्ने अर्को शक्तिलाई सत्तोसराप गरिरहेका छन् !

ए बाबा ! सतचालिसजना, उन्नाइसजना उमेदवार उठाउनेलाई जनताले पूराका पूरा विश्वासै गरे पनि  सरकार त बन्दैन नि। अनि दिउँसै रात पार्न किन खोज्नु ! बरु आफ्नो दृष्टिकोण नलुकाइकन एक सय बयालिसजना उमेदवार पनि उठाएकाले मलाई विश्वास गरिदिनुस् भनेर जनतासँग विश्वासको मत माग्नु कसरी अपराध हुन्छ ? हिजो आफूले जोडेको घाँटी चैँ ठिक आज अर्कोले सहयोग आदानप्रदान गर्नेगरी गरेको कहीँ कतैको तालमेल चैँ कसरी बेठिक हुन्छ ? अर्काको सुरुवालको जाङ समात्ने र दौराको फेर समात्नेका लागि सायद यो त्रासको विषय चाहिँ हुनसक्छ कि कतै जनताले विश्वास गरिदिए भने ! त्यसैले बर्बराइरहेका पनि हुनसक्छन्। मतदाता कसैका दास होइनन् नि, कसैले रिझायो भने विश्वासै गर्दैनन् भन्ने पनि के छ र ? एक्लै उभिन पनि नसकेर ढोडको तोक्मा खोज्नेभन्दा बरु एक्लै उभिने ठिक होइन र ? विचारविहीन, स्वार्थीहरूको झुण्डले निर्दलीय संस्कार रोज्नखोजेको र कुनै एउटा व्यक्ति र उसको शक्तिसँग थरथरी कामेर निषेधको संस्कार हुर्काउन खोजेको कुरालाई मतदाताले स्विकार्ने होइन अस्विकार नै गर्ने वेला हो यो। आदेशपालक लम्पसारवादी टिके खेतालाहरूलाई जुन दिन तिमीहरू एक्लै एक्लै उभिनसक्छौँ त्यही दिन आउनू भनेर मतदाताले दुत्कार्ने नै वेला हो यो। देश बेच्नेहरूलाई होइन, देशको रक्षा गर्छौँ भन्नेहरूलाई नै रोज्ने पावन अवसर हो मङ्सिर चार। त्यसैगरी बहुदलीय शासनव्यवस्थामा एकाध स्वतन्त्रको अस्तित्व हुँदैन; अन्ततः कोही कोही जित्नेहरू पनि यताउता लेपासिन्छन् नै। हामीले देखेको विगत यही हो। अहिले चाहिँ हामी सम्पूर्ण मतदाताले सबै सबैको विगतदेखि वर्तमानसम्म समग्र मूल्याङ्कन गरेर, तुलना गरेर मात्र निर्णयमा पुग्ने र विवेकको सम्पूर्ण प्रयोग गरी सत्पात्र चयन गर्ने दिन पनि हो मङ्सिर चार।

***–रमेश पोखरेल***

# यस अङ्कमा


**विशेष संवाद**

नेपाली... -*डा. नारायणप्रसाद पन्थ/१२*

**कविता/गजल/हाइकु**

नियम- *डा. फणीन्द्रराज निरौला/१७*

मृत्यु... - *कात्यायन/१८*

मुक्तक - *अरुण नदी खत्री/२५*

काभ्रेकी...- *भोलानाथ सुवेदी/२६*

घैँटोको...- *रज्जुश्री पराजुली/४५*

एक्लै... - *रवीन्द्रनाथ टैगोर/५५*

**कथा/ लघु कथा**

थोप्लो... - *विन्दु अधिकारी ढकाल/२७*

विदेशी...- *राजकुमार पोखरेल/४६*

कर्मको...- *डा. श्यामप्रसाद न्यौपाने/४८*

कलियुग/सपना...- *नन्दलाल आचार्य/५२*

**यसपटक**

*रामकुमार पण्डित क्षेत्री/७*

**समालोचना/संस्मरण/हास्यव्यङ्ग्य/निबन्ध/जीवनी/कृतिसमीक्षा**

समन्वित... - *बाँस्कोटा धनञ्जय/१९*

जुम्लामा...- *शान्ता मानवी/३१*

जेएनयु...- *डा. यादवप्रकाश लामिछाने/३४*

कति...- *गायत्री लम्साल/४२*

*संसदीय... - गणेश घिमिरे 'मार्मिक'/४९*

*बस्तीमा... - अरुणबहादुर खत्री 'नदी'/५३*

*घुमाउने... - रमेश प्रभात/५६*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

*सत्यमोहन जोशी/६*

**निरन्तर...**

वासुदेव अधिकारी/६०

**समाचार**/६३

**अनूभूति**

*केशवप्रसाद बडाल/६४*



**शब्द-संयोजन** (मासिक साहित्यिक प्रकाशन) वर्ष १९ अङ्क ८ पूर्णाङ्क २२३/२०७९ मङ्सिर

जिप्रकाका द.नं. ९४/२०६०/०६१

शब्द संयोजन मासिक

**सल्लाहकार**: डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी

**प्रधान सम्पादक**: रमेश पोखरेल

**कार्यकारी सम्पादक**: सुमी लोहनी

**सम्पादक**: रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेभ संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र** : अंतरिक्ष चौहान

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि.

## शिखर व्यक्तित्व

# सत्यमोहन जोशी

नेपालमा जन्मेर एसियाकै बलिया पुरुषको परिचय पाएका सत्यमोहन जोशी आफूले पाएको दीर्घ जीवनलाई उत्तिकै सक्रियतापूर्वक सदुपयोग गर्न सफल व्यक्ति हुन् । शताब्दी आयु भएका नेपलीहरू धेरै भए र अझै पनि छन् तर आयु र त्यसको जीवन्ततालाई सँगसँगै लिएर हिंड्नसक्ने एकदम कम व्यक्तिभित्र सत्यमोहन जोशी पर्दछन् ।

वि.सं १९७७ वैशाख ३० गते ललितपुरको बखुंबहालमा सत्यमोहनको जन्म भएको थियो । पिता शंखरराज र माता राजकुमारी जोशीका छ सन्तानमध्ये सत्यमोहन जेठा हुन् । बाल्यकाल सुखपूर्वक बिताएका जोशीको बिस वर्षको उमेरमा राधादेवीसित विवाह भएको थियो । जोशीको विद्यारम्भ घरबाटै भयो । उनी पाटन स्कुल र दरबार स्कुलबाट विद्यालय शिक्षा प्राप्त गरी १९९७ मा प्रवेशिका उत्तीर्ण भए । त्रिचन्द्र कलेजमा आई.ए.पढेका जोशीले जनसङ्ख्या तथा तथ्याङ्क शास्त्रमा भारत, श्रीलङ्का तथा न्युजिल्यान्डमा उच्च अध्ययन तथा तालिम प्राप्त गर्ने अवसर पाए । वास्तवमा जोशीको जीवन ज्ञान र अनुभवको सङ्गम हो ।

सत्यमोहन जोशी कर्मशील व्यक्ति हुन् । जेठो सन्तानका रूपमा पारिवारिक दायित्व पनि उनकै काँधमा आएकाले अध्ययनलाई भन्दा पनि अर्थोपार्जनलाई महत्त्व दिनुपर्‍यो तथापि उनले अध्ययन, अनुसन्धान र लेखनको अवसरलाई भने उम्किन दिएनन् । समाचार अड्डा, तथ्याङ्क विभाग, पुरातत्त्व विभाग, राष्ट्रिय योजना परिषद्, प्रज्ञा प्रतिष्ठानजस्ता संस्थामा रहेर उनले उल्लेख्य काम गर्नपाएका थिए । सत्यमोहन जोशी अनुसन्धाता तथा साहित्यकार हुन् । उनले आफ्नो लामो जीवनयात्रामा दर्जनौँ कृतिहरूको रचना गरेका छन् । नेपाली तथा नेपाल दुबै भाषामा उत्तिकै सशक्तताका साथ कलम चलाउने जोशीका धेरै कृतिहरू ऐतिहासिक महत्त्वले परिपूरित छन् ।

'नेपाली लोकगीत एक अध्ययन', 'नेपाली राष्ट्रिय मुद्रा', 'कर्णाली लोक संस्कृति', 'नेपाली मूर्तिकलाको विकासक्रम', 'नेपाली चाडपर्व', 'कलाकार अरनिको', 'हाम्रो लोक संस्कृति', 'जय प्रकाश', 'दैलाको बत्ती', 'जब घाम लाग्छ'जस्ता साहित्यिक, सांस्कृतिक तथा अनुसन्धानपरक कृतिहरूको रचना गरेर जोशीले नेपाली वाङ्मयलाई सम्पन्न तुल्याएका छन् ।

राज्य तथा विभिन्न सङ्घसंस्थाहरूले सत्यमोहनलाई सम्मान एवम् पुरस्कार अर्पण गरेका छन् । आफ्नो योगदानको उच्च मूल्याङ्कन आफ्नै आँखाले देख्ने भाग्यमानी व्यक्तिका रूपमा जोशीलाई लिन सकिन्छ । जीवनपर्यन्त उनी चर्चित तथा लोकप्रिय बन्न सफल भए । २०७९ असोजमा पार्थिव देह त्यागेका सत्यमोहन जोशीको सम्मानमा शब्द संयोजन साहित्यिक मासिकको २०६९ भदौको सयौँ अङ्क सत्यमोहन जोशी विशेषाङ्कका रूपमा प्रकाशन गरिएको थियो ।

*– रूपक अलङ्कार*

# यसपटक



## रामकुमार पण्डित क्षेत्री

वि.सं.२०३२ साउन १ गते माता नारायणी पण्डित क्षेत्री र पिता विनोदकृष्ण पण्डित क्षेत्रीका सुपुत्रका रूपमा काठमाडौँ महानगरपालिका बौद्ध सिमलटारमा जन्मिएका रामकुमार पण्डित क्षेत्रीले व्यवस्थापन र जनप्रशासनमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । लेखा व्यवसायीका रूपमा कार्यरत क्षेत्री आधा दर्जनभन्दा बढी साहित्यिक सङ्घसंस्थामा क्रियाशील रहेका छन् । २०५२ सालमा हिमशिखर राष्ट्रिय मासिकमा 'अवसर' शीर्षकको कथा प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका क्षेत्रीले 'देशको खोजी' लघु कथासङ्ग्रह २०७१, 'बुद्ध र विचार' बालकवितासङ्ग्रह २०७३, 'मन्दिर र माओ' कवितासङ्ग्रह २०७४, ' आधुनिक माधवी' कथासङ्ग्रह २०७७, 'वर्ष साहित्य पुस्तक' २०७७ समीक्षासङ्ग्रह २०७८, 'देशको चित्र' लघु कथासङ्ग्रह २०७९ जस्ता कृतिहरू प्रकाशित गरिसकेका छन् । आधा दर्जनभन्दा बढी विभिन्न साहित्यिक पत्रिका तथा स्मारिकाको सम्पादनसमेत गरेका क्षेत्रीले गरेको नेपाली साहित्यको सेवा तथा विभिन्न सङ्घसंस्थामा देखाएको सक्रियतावापत पौने एक दर्जन सङ्घसंस्थाले मान, सम्मान तथा पुरस्कारद्वारा सम्मानितसमेत गरेका छन् । उनी आफ्ना सिर्जनामा सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने, समसामयिक युगजीवनका बेथिति, विसङ्गति, अति महत्वाकाङ्क्षालाई जीवन्तरूपमा उजागर गर्ने र रूपान्तरणको स्पष्ट आग्रह गर्ने, राष्ट्र र राष्ट्रियताका पक्षमा वकालत गर्ने गर्दछन् । लेखन तथा सामाजिक रूपान्तरणको अभियानमा क्रियाशील यिनै स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ ।

'आमाको ममता' शीर्षकको पहिलो कवितामा आमा भनेकी आफ्ना सन्तानका लागि ममताकी सागर हुन्, उनको महिमा अवर्णनीय छ भन्ने भावसहित आमाको महत्तागान गाइएको छ । 'माटो' शीर्षकको दोस्रो कवितामा नेपाली माटोको सुवास, यही माटोमा ठडिएका हिमाल, कलकल बग्ने नदी, नेपाली माटोमा जन्मिएर विश्व चिनाउने वीर विरङ्गना, नेपाली माटो मात्र होइन संसारको माटोले विभेदको सट्टा विश्वभाइचाराको सन्देश सम्प्रेषण गरिरहेको हुँदा माटोको महत्त्व बुझ्नुपर्ने राष्ट्रवादी सन्देश सम्प्रेषण गरिएको छ । 'माटो चिनौँ' शीर्षकको तेस्रो कवितामा महामारीको सन्त्रासमा साथ दिने, पलायन हुनेहरूको आश्रयस्थल, पारिवारिक मिलनको सेतु, मिहिनेतको प्रतिफल सहजै दिलाउने माटो नै जीवन हो, यसको महकलाई चिन्नसक्नुपर्छ भन्ने प्रखर राष्ट्रवादी भावना मुखरित भएको छ ।

# माटो

मेरो मुटुभित्रको ऐनामा
जब हेर्छु तब देख्छु माटोको प्रतिविम्ब
जहाँ मेरा पिता पुर्खा
अमरसिंह थापा, भीमसेन थापाहरू
खुकुरी र खुँडाको भरमा
तन्काइरहेका हुन्छन् सीमा र साँधहरू ।

देशको ऐनामा
विश्वकै उच्च हिमाल
उभिएको देखिन्छ माटोको भरले
आमाको फरियाझैँ लमतन्न फैलिएर
जीवन उब्जाइरहेको देखिन्छ तराईको माटोले
आँधीहुरी छेक्दै, सुरम्यता भर्दै
मन बहलाइरहेको देखिन्छ पहाडी माटोले ।

देशीविदेशी फिरन्तेहरू रमाइरहेछन्
मेरो देशको माटोमा
बुद्ध यहीँ जन्मिएर
विश्वभर शान्तिको बिगुल फुके
एसियाका तारा भएर जगमगाए
भृकुटी र अरनिकोले
यहीँको माटोको सुगन्ध
चीनमा फैलाए
सीताले स्वधर्मको पाठ पढाइन् हिन्दुस्थानभरि
पाखुरीका पसिना चुहिए
विदेशमा फुल्ने लाहुरे फूललाई
आफ्नै घरआँगनमा
फक्राउन सक्ने सामार्थ्य छ यो माटोमा ।

छैन के यो माटोमा ?
आफू पग्लिएर
हिरामोती फलाउने माटै हो
विश्वब्रह्माण्डको जननी यो माटोले
जाती, धर्म, छुवाछुत, रङ्गवाद र तेरोमेरोको
भूगोलको कित्ताकाटलाई
माटोकै गर्भमा पुरेर
विश्व भाइचाराको सम्बन्धलाई
एक ढिक्का पार्ने शक्ति दिइरहेको हुन्छ ।

# आमाको ममता

सन्तानले चिलिमझैँ मुख बाएर
आमाको छाती निचोरी
जब भर्दछ घ्याम्पोजत्रै पेट
तब आफैँलाई रित्याएर
सन्तानलाई पिलाउँदा
देखिएको असीमित खुसी
प्रस्टिन्छ आकाशको उज्यालोजस्तै ।
सन्तानले सक्नेजति
लगिरहन्छ प्यार
कहिले अञ्जुलीभरि
कहिले लोटाभरि
कहिले गाग्रीभरि
जति नै लगे पनि
कहिल्यै नसकिने
उनको सागरमयी
प्रेमको टाउकोमा
एउटा निर्दयी सन्तानले
ढुङ्गा हाने पनि
उनी मूर्तिवत सहिदिन्छिन्
पलाउँन दिन्नन्
कहिल्यै आँकुरा बदलाको
उनी त ममताको सागरभित्र
पृथ्वी अटाएकी आमा हुन् ।

# माटो चिनौँ

माटोलाई कोरोनाले छुँदैन आमा
यी हातहरूले
माटो खेलाउँदा खेलाउँदा
थाहा भयो
माटोको फोहोर हातमा लाग्दैन
बरु फोहोरको माटोले
मलाई धर्तीको माटोमाथि
उभ्याइदिएको छ
टुक्रुक्क दुई खुट्टा
सुन खोज्न
पँखेटा चाल्नै आँटेको मेरो बदनले
बन्दाबन्दीको नियतिमा
थाहा पायो
माटोभित्रै रहेछन्
असङ्ख्य सुन र रत्नहरू
म माटोलाई
बनाउन सक्छु सुन
तर सक्दिनँ
सुनलाई माटोमा बदल्न
तिमी सुनले
माटोको पहाड किन्लाऊ
तर सुन खाएर बाँच्न सक्दैनौ
म माटो खाएर
आमाको काखमा लुटपुटिन सक्छु
तिमी सुनले सजिएर
बन्द गर्छौ आमालाई वृद्धाश्रममा
म हरजीवको अस्तित्व
माटोमै देख्छु
एक गेडा दानालाई
कल्पवृक्ष बनाउन सक्छ माटोले
जसले जत्रो क्षमतालाई रोप्छ
उत्रै फल फलाउँछ माटोले ।

मान्छेले कोरोनालाई जित्न
माटोमै हराउन सक्नुपर्छ
आफ्नै माटोभित्र छ रोजगारी
आफ्नै माटोभित्र छ सुरक्षा र जीवन
जसले माटो चिन्छ
उसले आमा चिन्छ
जसले आमा चिन्छ
उसले ब्रह्माण्ड चिन्छ
ब्रह्माण्ड जान्नेलाई
हिरा जुहारतले सक्दैन किन्न
ब्रह्माण्ड बुझ्नेले
हिरा जुहारतसँग
सक्दैन आमालाई साट्न
ब्रह्मज्ञानीलाई
कोरोनाको भाइरसले
हल्लाउन गारो पर्छ
नाथे भाइरसले आक्रमण गर्ला
माटोप्रेमीले
सकारात्मक सोचको ऊर्जाले
प्रतिकार गर्छ
तिमी जीवनलाई
सादा
सुरक्षा
शक्तिमान्
सम्मान
सामाजिकता
समानता
समता
हरअसल कर्मलाई
सफलताको रङले
नौ रङ्गी डाँफेको तालमा
सगरमाथाको उचाइमा
उडाउन चाहन्छौ भने
माटो चिन
माटोलाई चिनाऊ ।



❖ डा. नारायणप्रसाद पन्थ

# नेपाली समाजको चेतना विकास र रूपान्तरणमा नेपाली प्रगतिवादी साहित्यको महत्त्वपूर्ण भूमिका रहेको छ

पिता देवीप्रसाद पन्थ र माता लक्ष्मीदेवी पन्थका सुपुत्रका रूपमा हर्दिनेटा ३ गुल्मी (हाल : छत्रकोट ३) मा जन्मिएका डा.नारायणप्रसाद पन्थको अहिले बुटवल १० कालिकानगरमा बसोवास रहेको छ । त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर, एम.एड. र विद्यावारिधि उपाधि हासिल गरेका पन्थ विगत बिस वर्षदेखि प्राध्यापन कर्ममा समर्पित रहेका छन् । बुटवल बहुमुखी क्याम्पस बुटवलमा प्राध्यापन पेसामा संलग्न पन्थ नेपाली शिक्षा स्नातकोत्तर तहमा विभागीय प्रमुखको जिम्मेवारी वहन गरिरहेका छन् । उनका 'नेपाली समाजमा प्रचलित उखानहरू' अनुसन्धानात्मक कृति २०६९, 'नेपाली उखान र टुक्काको समाजभाषिक अध्ययन, शिक्षण विधि तथा प्रक्रिया' अनुसन्धानात्मक कृति २०७७ प्रकाशित छन् । उनले त्रि.वि.शिक्षाध्यक्षको कार्यालयबाट 'मोदनाथ प्रश्रितको मानव महाकाव्यमा अलङ्कार' र 'थारु भाषी विद्यार्थीका अभिव्यक्ति क्षमता' शीर्षकमा लघु अनुसन्धान सम्पन्न गरेका छन् । उनले विश्वविद्यालय अनुदान आयोगबाट 'अवधी मातृभाषी विद्यार्थीका अभिव्यक्ति क्षमता' शीर्षकमा लघु अनुसन्धान सम्पन्न गरेका छन् । त्यस्तै सन्दर्भ पुस्तकका रूपमा बालबालिकाको विकास र सिकाइ प्रक्रिया तथा नेपालमा शिक्षालगायत दुई दर्जन पाठ्यपुस्तक प्रकाशित छन् । ६० भन्दा बढी स्नातकोत्तर स्तरीय शोधपत्र निर्देशन गरेका उनका १०० भन्दा बढी विभिन्न अनुसन्धानात्मक र साधारण लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । लोकवार्ता परिषद् नेपालको आयोजनामा लुम्बिनीमा प्रस्तुत कार्यपत्र 'रूपन्देहीमा प्रचलित उखानहरू'लगायत थुप्रै कार्यपत्र रहेका छन् । उनले अनुसन्धानात्मक तथा गैरअनुसन्धानात्मक विभिन्न साहित्यिक पत्रिकाहरूको सम्पादन अनुभव पनि सँगालेका छन् । उनले शिक्षा र साहित्यसँग सम्बद्ध अनेक तालिम र प्रशिक्षणबाट आफूलाई खार्नुका साथै थुप्रै गोष्ठी सेमिनारहरूमा प्रशिक्षकका रूपमा तालिम र प्रशिक्षण दिएका छन् । स्विजरल्यान्ड, इटाली, जर्मनी, बेल्जियम, नेदरल्यान्ड, फ्रान्स, जापान, दक्षिण कोरिया, सिङ्गापुर, थाइल्यान्ड, बङ्गलादेश, भुटान, दुबइ, भारतलगायतका देशको भ्रमण गरिसकेका पन्थले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका पुरस्कार सम्मान र कदरपत्रसमेत प्राप्त गरेका छन् । उनले विभिन्न सामाजिक तथा चेतनामूलक सङ्घसंस्थामा अध्यक्षको जिम्मेवारी पूरा गरी आफ्नो सामाजिक हैसियतलाई पनि अक्षुण्ण राखेका छन् । शिक्षा, साहित्य र समाजलाई नजिकबाट नियालेर हेर्ने; प्राध्यापन, सङ्गठन तथा सिर्जनामा समानरूपमा क्रियाशील रहेका सामाजिक रूपान्तरण अभियानका अभियन्ता यिनै अहिलेको समयका सक्रिय समालोचकसँग समसामयिक सन्दर्भमा शब्द संयोजनका लागि अच्युत घिमिरेले गरेको संवाद यहाँ समावेश गरिएको छ ।

***अच्युत : सन्चै हुनुहुन्छ ?***

**डा.पन्थ** : हजुर ठिक छु।

***अच्युत : आजकाल समय कसरी बिताउँदै हुनुहुन्छ ?***

**डा.पन्थ** : अध्ययन, अध्यापन, अनुसन्धानात्मक कार्य, लेखनसँगै सामाजिक कार्य गर्दै समय व्यवस्थापन मिलाएको छु।

***अच्युत : साहित्यलेखनमा कहिलेदेखि लाग्नुभयो ?***

**डा.पन्थ** : खासगरी लोकसाहित्य र समालोचनाक्षेत्रमा २०६० तिरबाट लागियो।

***अच्युत : कुन कुन विधामा कलम चलाउनुहुन्छ ?***

**डा.पन्थ** : लोकसाहित्य र समालोचनाक्षेत्रमा प्रवेश गरी यिनै क्षेत्रसँगै पाठ्यपुस्तक लेखन तथा समालोचनाका क्षेत्रमा कलम चलाउँछु।

***अच्युतः लोकसाहित्य विधालाई नै मुख्य विधाका रूपमा रोज्नुको कारण बताइदिनुहोस् न।***

**डा.पन्थ** : लोकसाहित्य विधालाई नै मुख्य विधाका रूपमा रोज्नुको कारण मैले २०५८ मा त्रि.वि.बाट नेपाली शिक्षामा एम.एड उत्तीर्ण गरेपश्चात २०५९/०६० मा त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायबाट एम.ए अध्ययन गर्दा अध्ययनपत्र लेखनकार्यका क्रममा 'रुपन्देही जिल्लामा प्रचलित उखानको सङ्कलन वर्गीकरण र विश्लेषण' गर्ने मौका मिल्यो। त्यसैमा रमाउँदा लोकसाहित्य विधालाई नै मुख्य विधाका रूपमा रोज्न पुगेँ भने प्राध्यापन र लेखन कार्यसँगै समालोचनातिर आकर्षित भएँ।

***अच्युतः साहित्यसिर्जनाका स्रोतहरू कसरी जुटाउनुहुन्छ ?***

**डा.पन्थ** : प्रकाशित पुस्तक, पत्रपत्रिका, पुस्तकालयीय अध्ययन कार्य, आफ्नो स्वअध्ययन अनुसन्धान र अनुभवबाट स्रोतहरू जुटाउने गर्दछु।

***अच्युतः शक्तिशाली र कालजयी रचना सिर्जना गर्न केकस्ता गुणहरू आवश्यक पर्लान् ?***

**डा.पन्थ** : शक्तिशाली र कालजयी रचना सिर्जना गर्नका निम्ति आवश्यक गुण भनेको निरन्तर साधना र युगद्रष्टा बन्नसक्नु हो। साहित्यकारमा सिर्जनात्मक क्षमता, इमान्दारिता, पर्याप्त अध्ययनशीलता, चिन्तनशीलता, साधना, श्रम र सिप हुनुपर्दछ।

***अच्युतः नेपाली साहित्यको वर्तमान अवस्थालाई कसरी हेरिरहनुभएको छ ?***

**डा.पन्थ** : नेपाली साहित्यको वर्तमान अवस्था निकै समृद्ध अवस्थामा पुगेको देखेको छु। निरन्तरताको खाँचो छ।

***अच्युत : विश्वसाहित्यको तुलनामा नेपाली साहित्यलाई पुऱ्याउन केकस्ता कदम चाल्नुपर्ला ?***

**डा.पन्थ** : विश्वसाहित्यको तुलनामा नेपाली साहित्यलाई पुऱ्याउन हाम्रा साहित्यलाई विभिन्न माध्यमबाट विश्वसामु पुऱ्याउनुपर्दछ। यसका निम्ति प्रविधिको उच्चतम् उपयोग गर्नुपर्दछ। देवकोटा,

शङ्कर लामिछाने र अर्यालका निबन्धहरू, भूपी, वैरागी, वल्लभ र मोहन कोइरालाका कविता पाश्चात्य साहित्यका इलियट र एज्रा पाउन्डका कविताभन्दा कमजोर छैनन् । पारिजातको लेखनी पनि अन्तर्राष्ट्रिय स्तरकै नमुना हो । मुना मदनलगायतका कृतिलाई अङ्ग्रेजीमा अनुवाद गरिएका दृष्टान्तबाट विश्वसाहित्यको तुलनामा नेपाली साहित्य कमजोर छैन । त्यसैले अबका साहित्यकार हरूले पनि अग्रज साहित्यकारहरूले पछ्याएको मार्गमा हिँड्नसके विश्वसाहित्यको तुलनामा नेपाली साहित्यलाई अगाडि बढाउन सकिन्छ ।

***अच्युतः नेपाली प्रगतिवादी साहित्यको वर्तमान अवस्था कस्तो रहेको पाउनुहुन्छ ?***

**डा.पन्थ** : नेपाली प्रगतिवादी साहित्यको वर्तमान अवस्था ऊर्वर अवस्थामा रहेको छ । समाजलाई अग्रगामी दिशामा गतिशील तुल्याउने प्रगतिवादी साहित्यकारले विभिन्न विधामा कलम चलाएर साहित्यलाई समृद्ध अवस्थामा पुऱ्याएका छन् । प्रगतिवादी नेपाली साहित्य लामो परम्परा, राजनैतिक अस्थिरता, असमानता, शोषण र सामन्ती उत्पीडनजस्ता पृष्ठभूमिमा उभिएको छ । प्रगतिवादी नेपाली साहित्यमा राणाविरोधी अभियान, राणाशासनको पतन, दिल्ली सम्झौता, संसदीय निर्वाचन, जननिर्वाचित सरकारलाई अपदस्थ गरी पञ्चायतकालको प्रतिस्थापन, पञ्चायती निरङ्कुशता र आतङ्क, २०३६ को विद्यार्थी आन्दोलन, जनतमत सङ्ग्रह, सत्याग्रह, २०४६ को राष्ट्रिय जनआन्दोलन, संसदीय चुनाव, चुनावबाट स्थापित प्रवृत्ति, माओवादी विद्रोह, दरबार हत्याकाण्ड, सङ्कटकाल, संसद् विघटन, जननिर्वाचित सरकारको बर्खास्ती, हत्या, हिंसा र आतङ्क, राष्ट्रिय जनजीविका र रोजगारीप्रति उदासीनता, भारतले लगाएको नाकाबन्दीबाट उत्पन्न जटिलता, २०७२ को महाभूकम्पबाट उत्पन्न मानवीय सन्त्रासजस्ता घटना परिघटनाको चित्रण पाइन्छ । नेपाली समाज जातिवाद र छुवाछुत प्रथाबाट ग्रस्त छ । मान्छे मान्छे समान भएकाले जातले कोही ठुलो र सानो हुँदैन । छुवाछुत प्रथा गलत छ भन्दै प्रगतिवादी नेपाली साहित्यले सामन्ती यौनलिप्साको चित्रण गरेको पाइन्छ । जनताको मुक्तिका लागि नझुक्ने र प्राणको बाजी लगाउने सहिदको बलिदानीपूर्ण सङ्घर्षको चित्रण गरिएको पाइन्छ । राज्यको उत्पत्ति, राजसत्ता, राजसत्ताको प्रारम्भ र तिनको शोषणको चित्रण पाइन्छ । सामन्तवादी, पुँजीवादी र समाजवादी राज्यव्यवस्थाका चरित्रको चर्चा गरिएको छ । प्रगतिवादी साहित्यले संरचनात्मक नवीन शैली अँगालेको छ । प्रगतिवादी नेपाली साहित्यले भारतीय विस्तारवादको अत्याचार र त्यसका विरुद्ध प्रवासी नेपालीमा विकसित हुँदै गरेको चेतनालाई पनि विषय बनाइएको छ । त्यसैगरी जग्गा-जमिनसम्बन्धी समस्याको पनि चित्रण पाइन्छ । लेखनका लागि खुलापन र वाक्स्वतन्त्रता आवश्यक भएको अभिव्यक्ति पाइन्छ । पञ्चायतको

प्रथम दशक त्रासदीपूर्ण भएकाले प्रगतिवादी साहित्य कम लेखिए । दोस्रो दशकमा पञ्चायतविरोधी जनमत सृजना गरियो । बहुदलीय व्यवस्थाको पछिल्लो दशकमा दलहरूको सर्वसत्तावादी चरित्रले नेताहरू विस्तारवाद र साम्राज्यवादसमक्ष समर्पित देखिएको अभिव्यक्ति पाइन्छ । राष्ट्रियता, जनजीविका, सामाजिक न्याय, शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा थुप्रै आरोह-अवरोह आएको तर जनताको स्तरमा परिर्वन आउन नसकेको विषयलाई प्रगतिवादी नेपाली साहित्यले चित्रण गरेको पाइन्छ । यसरी नेपाली चेतना विकास र रूपान्तरणमा नेपाली प्रगतिवादी साहित्यको योगदान अविस्मरणीय रहेको छ। प्रगतिवादी नेपाली साहित्यले विभिन्न विधाका माध्यमबाट जनता सङ्गठित भएर गाउँमा जाली, फटाहा. र सामन्तका विरुद्धमा सङ्घर्ष गर्नुपर्दछ भन्ने सन्देश दिएका छन्। जनताको सङ्गठित सङ्घर्षका अगाडि प्रतिक्रियावादी शक्ति पराजित हुन्छन् भन्ने स्वर पाइन्छ । प्रगतिवादी साहित्यमा सामन्तवादी, पुँजीवादी र समाजवादी राज्यव्यवस्थाका चरित्रको चित्रण गरिएको छ। नेपालीको बलिदानीपूर्ण भावनाको चित्रण गर्नु, बहुदलीय व्यवस्थाको स्थापनापछि पनि मुलुकको राजनैतिक वस्तुस्थितिमा अन्तर नआएको, झन्डा-डन्डा फेरिएको, राजनेताहरू पर्दापछाडिबाट कठपुतली नाच गरिरहेको अवस्था छ। दलहरूको सर्वसत्तावादी चरित्रले गर्दा नेताहरू विस्तारवाद र साम्राज्यवादसमक्ष समर्पित देखिएको चित्रण पाइन्छ। राष्ट्रियता, जनजीविका, न्याय, शिक्षा र स्वास्थ्य क्षेत्रमा थुप्रै उथलपुथल भएका विषयको अभिव्यक्ति पाइन्छ । नेपाली समाजको सामाजिक तथा आर्थिक शोषणको चित्रण गर्नु, नेपालीहरूको देश र जनताप्रतिको बलिदानीपूर्ण भावनाको चित्रण गर्नु, शोषक, सामन्त र फटाहाहरूले गर्ने यौनशोषणको चित्रण गर्नु, विदेशिन बाध्य भएका निम्नवर्गीय लाहुरे जीवनको कारुणिकताको चित्रण गर्नु, नेपाली समाजमा रहेको सामाजिक तथा आर्थिक असमानताको पर्दाफास गर्नु, मार्क्सवादी विचारको प्रसार एवम् प्रस्तुति, जग्गा जमिनसम्बन्धी समस्याको चित्रण, स्वैरकल्पनाको प्रयोग, भाषिक प्रयोगमा विविधता, बहुदलीय व्यवस्थाको स्थापनापछि पनि मुलुकको राजनैतिक वस्तुस्थितिमा अन्तर नआउनु, दलहरूको सर्वसत्तावादी चरित्रलाई प्रस्तुत गर्नुले नेपाली चेतना विकास र रूपान्तरणमा नेपाली प्रगतिवादी साहित्यको भूमिका महत्त्वपूर्ण रहेको पुष्टि हुन्छ। साहित्यमा मार्क्सवादी विधि र दृष्टिकोणको सौन्दर्यशास्त्रीय प्रयोग प्रगतिवादी साहित्य भएकाले यसले वर्तमान समयमा गतिशीलता प्राप्त गरेको छ।

***अच्युतः साहित्यसिर्जनामा प्रेरणा दिने अग्रजहरूलाई सम्झनुपर्दा कसरी सम्झनुहुन्छ ?***

**डा.पन्थ** : साहित्यसिर्जनामा प्रेरणा दिने अग्रजहरूलाई सम्झनुपर्दा सबैभन्दा धेरै

आदरणीय गुरु नारद गौतमलाई सम्झन्छु । उहाँले अहिले पनि साहित्यसिर्जनामा प्रेरणा दिनुहुन्छ।

***अच्युतः अहिलेको नयाँ पुस्ताका सिर्जनालाई कसरी मूल्याङ्कन गरिरहनुभएको छ ? र उनीहरूको लेखनका बारेमा कस्तो सल्लाह दिनु उचित ठान्नुहुन्छ ?***

**डा.पन्थ** : अहिलेको नयाँ पुस्ताका सिर्जनालाई मूल्याङ्कन गर्दा साहित्यकारले विभिन्न विधामा कलम चलाएर साहित्यलाई समृद्ध अवस्थामा पुऱ्याएका छन् । उनीहरूको लेखनका बारेमा सल्लाह दिनुपर्दा जुनसुकै विधा साहित्य नै किन नहोस् त्यो साहित्य सिर्जना सर्जकले बाँचेको समाज, जनजीविकाका विविध पक्ष र जीवनजगत्का यथार्थ भोगाइलाई टपक्क टिप्न सक्नुपर्छ। यसबाट मात्र कुनै पनि कृति कालजयी बन्नसक्छ।

***अच्युत : नेपाली साहित्यको सम्वर्धन र विकासका लागि साहित्यिक पत्रिकाको केकस्तो भूमिका रहेको छ ? साहित्यिक पत्रिकालाई दीर्घजीवी बनाउन कुन कुन पक्षले केकस्ता कदम चालिदिनुपर्छ भन्ने महसुस गर्नुभएको छ ?***

**डा.पन्थ** : नेपाली साहित्यको सम्वर्धन र विकासका लागि साहित्यिक पत्रिकाको निकै महत्त्वपूर्ण भूमिका रहेको छ। नेपाली साहित्यलाई अहिलेको यो समृद्ध अवस्थामा ल्याइपुऱ्याउन साहित्यिक पत्रिकाको हिजोको योगदानलाई भुल्न मिल्दैन । नेपाली पत्रकारिताको थालनी नै साहित्यिक पत्रिकाबाट भएकाले यहाँ चर्चा गरिएन भने अन्याय हुन्छ । १९५५ मा पाशुपत प्रेस काठमाडौँमा मुद्रित ‘सुधासागर’ साहित्यिक पत्रिका नेपालको जेठो र पहिलो पत्रिका हो यद्यपि ‘गोरखा भारत जीवन’ साहित्यिक पत्रिका सुधासागरभन्दा पहिले नै १९४३ मा बनारसबाट प्रकाशित भएको हो। ‘सुधासागर’ निस्केको तीन वर्षपछि १९५८ मा समाचार पत्रका रूपमा ‘गोरखापत्र’ प्रकाशित भयो । यसबाट नेपाली साहित्यिक पत्रिकाले मूर्त रूप प्राप्त गऱ्यो। बनारसबाट त्यस समयमा निस्केका साहित्यिक पत्रिकाहरू ‘उपन्यास तरङ्गिणी’ १९५९, ‘सुन्दरी’ १९६३, ‘माधवी’ १९६५, ‘चन्द्र’ १९७१, ‘चन्द्रिका’ १९७४, ‘आदर्श’ १९८७ ‘जन्मभूमि’ १९७९, ‘ उदय’ १९९३, ‘युगवाणी’ २००४ को महत्त्वपूर्ण भूमिका रहेको छ । दार्जिलिङ र भारतका अन्य क्षेत्रबाट प्रकाशित केही साहित्यिक पत्रिकाहरू ‘नेपाली साहित्य सम्मेलन’ पत्रिका १९८९, ‘नेबुला’ १९९३, ‘ खोजी’ १९९८, ‘गोरखा संसार’ १९८३, ‘तरुण गोरखा’ १९८९ जस्ता नेपाली साहित्यिक पत्रिकाले नेपाली साहित्यको विकासमा विशेष योगदान दिएका छन्। काठमाडौँबाट प्रकाशित ‘शारदा’ १९९१, ‘उद्योग’ १९९२, ‘साहित्यस्रोत’ २००४, ‘पुरुषार्थ’ २००६ को पनि उल्लेख्य भूमिका रहेको छ । २००७ सालको प्रजातन्त्र आगमनसँगै साहित्यिक पत्रिकाको योगदान अझ व्यापक भएर आयो । ‘प्रगति’ २०१०, ‘धरती’ २०१३, ‘

इन्द्रेणी' २०१३, 'साहित्य' २०१६, 'नेपाली' २०१६, 'रूपरेखा' २०१७, 'इन्द्र' २०१७, ' दर्पण' २०१७, 'रचना' २०१८, 'बिन्दु' २०१८ भारतबाट प्रकाशित, 'हिमानी' २०१९, 'मुकुट' २०१९, 'सिँहनाद' २०१९ र 'बिहान', 'रत्नश्री', 'अरुणोदय, 'फूलपाती', 'भानु' २०२० मा प्रकाशित भए। नेपाली साहित्यको विकासमा यी साहित्यिक पत्रिकाहरूको योगदान अविस्मरणीय रहेको छ । २०२० पछिका प्रमुख साहित्यिक पत्रिकाहरू 'नयाँ कविता', 'सौगात', 'सञ्चय', 'सङ्कल्प', ' कविता', 'कल्पना' 'सन्दर्भ', 'रमझम', ' पारिजात', 'सुनगाभा', 'अभिव्यक्ति', 'तुवाँलो', 'मधुपर्क' 'विम्ब', 'विदेह', ' उत्साह', 'जुही', 'लहर', 'साँग्रिला', 'भिमसेन', 'श्रीजा'जस्ता साहित्यिक पत्रिकाले नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएका छन् । 'रचना', 'बगर', 'उन्नयन', 'भानु', ' जनमत', 'समकालीन नेपाली', 'तन्नेरी', ' नदी', 'प्रलेस ', 'शब्द संयोजन', 'जुही', 'सुगन्ध', 'नवप्रज्ञापन', 'साथी', 'शब्दाङ्कुर', 'पल्लव', 'बनिता', 'वेदना', 'हाम्रो संस्कृति', 'दायित्व', 'नार्गाजुन', 'अक्षर', 'निर्झर', ' दोभान', 'जमघट', 'सुसेली', 'नवज्योति', 'तेस्रो आवाज', 'कलस ', 'रश्मि', 'कलम', 'हाम्रो यात्रा', 'प्रज्ञा', 'सयपत्री', 'आँगन', 'गुञ्जन', 'हाम्रो सिर्जना', 'दियालो आदि साहित्यिक पत्रिकाहरू उल्लेख्य रहेका छन् । संस्थागतरूपमा प्रकाशित साहित्यिक पत्रिकाहरू 'नेपाली, 'मधुपर्क, 'साहित्य, 'सयपत्री, 'मिर्मिरे, 'समकालीन साहित्य, 'मुना, 'गरिमा', 'समष्टि'जस्ता पत्रिकाहरूले नेपाली साहित्यको विकासमा ठुलो गुन लगाएका छन् । यसरी माथि उल्लेख गरिएका साहित्यिक पत्रिकाहरू प्रतिनिधिमूलक रहेका छन् । यहाँ थुप्रै साहित्यिक पत्रिकाहरूको नाम उल्लेख गर्नसकिएको छैन । यी सम्पूर्णले नेपाली साहित्यको सुनौलो युग निर्माण गरेका छन् । अबका नवोदित साहित्यकारहरूका निम्ति ठुलो चुनौती पनि दिएका छन् । साहित्यिक पत्रिकाको यो विरासत जोगाउनुपर्ने चुनौती एकातर्फ छ भने अर्कोतर्फ नेपाली साहित्यलाई अग्रगामी दिशातर्फ डोऱ्याउने चुनौती पनि छ । साहित्यिक पत्रिकालाई दीर्घजीवी बनाउन विविध विधाका साहित्यिक सिर्जना पस्किन सक्नुपर्छ । नेपाली साहित्यको सम्वर्धन र विकासका लागि राज्यले पनि यस्ता साहित्यिक पत्रिकाको उन्नयनका लागि सहयोग पुऱ्याउनु जरुरी हुन्छ ।

***अच्युत : तपाईँ आफू स्रष्टा हुनुहुन्छ । नेपाली साहित्यमा थुप्रै स्रष्टाहरू हुनुहुन्छ । अन्य स्रष्टाभन्दा आफूलाई फरक देखाउनुपर्दा तपाईँको लेखनका फरकपना बताइदिनुहोस् न ।***

**डा.पन्थ** : मैले खासगरी लोकसाहित्य र समालोचनाक्षेत्रमा २०६० तिरबाट प्रवेश गरी यिनै क्षेत्रसँगै रहेर विद्यालय तथा क्याम्पसस्तरीय नेपाली तथा शिक्षा विषयका पाठ्यपुस्तक लेखनमा बढी कलम चलाउने गरेको छु । यी तहमा केन्द्रित दुई दर्जनभन्दा

बढी पाठ्यपुस्तक प्रकाशित छन् । ती हुन् :

| | | |
|---|---|---|
| नेपाली भाषाशिक्षण | (बी.एड.दोस्रो वर्ष २०६७) | एकल |
| प्रायोगिक भाषाविज्ञान | (बी.एड. तेस्रो वर्ष २०७०) | एकल |
| भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति | (बी.एड. तेस्रो वर्ष २०७०) | सहलेखन |
| साधारण नेपाली (बी.एड. प्रथम वर्ष २०६६) | सहलेखन | |
| अनिवार्य नेपाली | (दश जोड दुई २०६५) | सहलेखन |
| हाम्रो नेपाली व्याकरण | २०६२ | सहलेखन |
| शिक्षामा मापन तथा मूल्याङ्कन | २०६४ (एम.एड.दोस्रो वर्ष) | एकल |
| शिक्षाको परिचय | २०६२ (आई.एड. पाठ्यपुस्तक | एकल |
| शैक्षणिक मूल्याङ्कन | २०६३ (दश जोड दुई) | एकल |
| शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार | २०६१ (बी.एड.प्रथम वर्ष) | सहलेखन |
| शिक्षामा मापन तथा मूल्याङ्कन | २०६४ (एम.एड.सेमेस्टर) | सहलेखन |
| शिक्षा मनोविज्ञान | २०६८ (बी.एड.दोस्रो वर्ष) | सहलेखन |
| नेपाली नाटक, एकाङ्की र निबन्ध | २०७२ (बी.एड. प्रथम वर्ष) | एकल |
| हामो बुटवल (स्थानीय पाठ्यपुस्तक) | २०७७/२०७८ (कक्षा १-८) | सहलेखन |
| नेपाली भाषाशिक्षण | २०७८ (एम.एड.तेस्रो सेमेस्टर) | एकल |
| भाषिक विधाशिक्षण | २०७८ (एम.एड.तेस्रो सेमेस्टर) | एकल |
| भाषिक परीक्षण | २०७८ (एम.एड.दोस्रो सेमेस्टर) | एकल |

***अच्युत : साहित्यसम्बन्धी मैले सोध्न छुटाएका र तपाईँले भन्नैपर्ने कुराहरू केही भए बताइदिनुहोस् न ।***

**डा.पन्थ :** जीवनजगत्को यथार्थ रूप साहित्यले उतार्दछ । साहित्यको प्रत्येक पाटोको अध्ययन समालोचनाले गर्दछ । साहित्यमा हार्दिकता र रागात्मक पक्ष प्रमुख हुन्छ । समालोचनामा बौद्धिकता, तार्किकता एवम् वस्तुपरकताको बाहुल्यता रहन्छ । जन्मका सन्दर्भमा समालोचनाभन्दा पहिला साहित्यको जन्म हुन्छ । समालोचनाको विकासमा लागि सिर्जनात्मक कृतिको आवश्यकता हुन्छ । सिर्जनात्मक कृतिको जन्मपछि समालोचनाको विकास आरम्भ भएको हो । नेपाली सहित्येतिहासमा प्राथमिक कालको भक्ति साहित्यका रचनाकालमा नेपाली समालोचना थिएन । माध्यमिक कालका केन्द्रीय प्रतिभा मोतीराम भट्टको 'कवि भानुभक्त आचार्यको जीवन चरित्र' (१९४८) नेपाली समालोचनाको पहिलो रचना हो । मोतीराम भट्टबाट आरम्भ भएको अहिलेसम्मको नेपाली समालोचनाको विकासयात्रालाई मोटामोटी चार चरणमा विभाजन गरेर अध्ययन गर्नसकिन्छ । प्रथम चरण (१९४८-१९९८), द्वितीय चरण (१९९९-२००५), तृतीय चरण (२००६-२०२४), चतुर्थ चरण (२०२५-हालसम्म) । राजनैतिक घटनाक्रमको समय, प्रमुख प्रतिभाको युग र यस्तै अन्य आधार पनि हुनसक्छन् । यसै क्रममा २०४६ सालको

जनआन्दोलनपश्चात् भएको राजनैतिक परिवर्तन र बहुदलीय व्यवस्थाको स्थापना, २०५१/०५२ बाट सुरु भएको सशस्त्र युद्ध प्रसङ्ग, २०६२/०६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धि आदि प्रसङ्गले एक केन्द्रित राजनैतिक व्यवस्थाको साटो बहुकेन्द्रित व्यवस्थाको आरम्भ भई नेपाली समालोचना क्षेत्रमा समसामयिक एवम् उत्तरवर्ती चरण देखापरेका छन् ।

***अच्युत : आफ्नो अमूल्य समय छुट्याएर वार्तालाप गरिदिनुभएकोमा हार्दिक धन्यवाद।***

**डा.पन्थ** : आफ्ना विचार राख्ने मौका दिनुभएकामा तपाईँ र शब्द संयोजन पत्रिका परिवारलाई धेरै धेरै धन्यवाद, आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।

## ❑ कविता



❖ **डा. फणीन्द्रराज निरौला**

# नियम

भवको द्वार खुल्ने छ मन मान मिलेपछि
हुन्छ जहाँतहीँ राम्रो नियममा चलेपछि !
नियममा चले मात्र हुने छ सबको भलो
नआए चेत वेलैमा उठ्ने छ खेलको खलो !

मात्तिन्छन् जोसुकै हेर पदप्राप्ति भएपछि
उपचार हुँदै हुन्न मर्म क्यै नबुझेपछि !
नियममै चलेको छ सारा जीवनपद्धति
नचले भोग्नु नै पर्छ धेरै मानिसले खति !

आस्था र त्यागको मूल्य नबुझ्ने मनुवाहरू
हरेक युगमा हुन्छन् बेसुरे लठुवाहरू !
स्वार्थ पूरा गरी हिँड्ने सपना बाँडिने कुरा
विपनामा गरे घात धस्ने छन् जनले छुरा !

पीडा छ मनमा धेर हावाकावा बनाउँलान्
नखुले भवको ढोका तिनले नै खुलाउलान् !
पीडा गद्यो भने तिनमा सर्वव्यापक बन्ने छन्
आगो बालेर तिनैले खरानी सब पार्ने छन् !

जनमा मान सम्मान अनुभूति गराउने
औकात यिनले कैले बुझ्ने दिन आउने ?
लौ न म के गरूँ आज भएन सबको भलो
आएन यिनको बुद्धि कस्तो मूर्खपना अहो !

भयो किन अहो यत्रो कुठाराघात मूलमा
गोधूली साँझको जस्तो अवस्थाको छ सिर्जना !

❑ कविता

# मृत्युलाई जित्ने एक अस्त्र



❖ **कात्यायन**

लागेको थियो, यात्रा रोकिने छ
यात्रा गर्दागर्दै जात्रा सकिने छ
जात्रा सकिएपछि, यात्रा रोकिने छ
र
यही सोच्दै
अन्तिम यात्रा भन्दै
यात्रा टुङ्ग्याउन हिँडेको थिएँ म
गन्तव्यको निकट पुगेको थिएँ म ।

आँखा टम्म गरेँ
श्वास रोकेँ
जीवनलाई बिर्सें
छातीमा छुरा चलाएँ
धड्कनलाई बाहिर निकालेँ
अनन्त निद्रामा रमाएँ ।

लागेको थियो
त्यो निद्रा अन्तिम हुने छ
भूत हुने छैन
वर्तमान हुने छैन
भविष्य हुने छैन
सुन्दर सपना हुने छैन
निद्राको भोकमा, निद्रा खान पर्ने छैन ।
यात्राहरूलाई विश्राम गराएँ
जात्राहरूमा पर्दा लगाएँ
आफन्त बिर्सें
कोलाहल भुलेँ
रङहरू मेटेँ
श्री केरेँ
ऐश्वर्य च्यातेँ
क्रोध र मोहलाई त्यागेँ
गर्व र जीवनलाई लत्याएँ
मान-अपमानलाई हटाएँ
मभित्रबाट सम्पूर्ण 'म'लाई झिकेर
विराट शून्यनजिक पुगेँ ।

यात्रा त यात्रा नै रहेछ
यात्राको विश्रामविन्दु
त्यो मात्र पनि होइन रहेछ
यात्रा सकिएर पनि
यात्रा त अनवरत नै रहेछ
चेतना नहुँदा पनि
सपना देखिँदो नै रहेछ
यात्रा सकिएको विन्दुबाट
फेरि अर्को यात्रा सुरु हुने रहेछ
बाटामा जात्रा देख्नै पर्ने रहेछ
अन्तहीन गन्तव्य रहेछ
मृत्युसँगको वार्तालाप
शास्त्रको ज्ञानभन्दा पृथक
विज्ञानको चमत्कारभन्दा फरक
अनुभूतिभित्रको अनुभूति रहेछ
मृत्युलाई जित्ने एक अस्त्र रहेछ ।

(मुटुको फेरिएको देब्रे भल्बको पहिलो वार्षिकोत्सव)
चाबहिल, काठमाडौँ- ७

# समन्वित चेतनाका आयामहरूमा 'भोका सपनाहरू'



❖ बाँस्कोटा धनञ्जय

**विषय प्रवेश**

समयको रङलाई टिपेर गोजीभरि राखी घरि घरि कथाका, अनि घरि घरि कविताका सुन्दर हरफहरूमा देखाइरहने कवि होमशंकर बास्तोलाका कविताका रङहरूको अनन्तता अकल्पनीय छ किनकि उनका कविताका आयामहरू सधैँ अनन्त र अकल्पनीय रहन्छन् । जीवन साहित्यको योगदानमा अर्पेका बास्तोला एक सफल साहित्यिक पत्रकार पनि हुन् । बास्तोलाको पहिलो कृति **आँसुका झरनाहरू** (२०५८) हो भने उनको दोस्रो कृतिको रूपमा आएको गजलसङ्ग्रह हो **घाम हराएको दिन** (२०६१) । **बन्दुकको छाया** कथासङ्ग्रह (२०६७), **हिमाल पहाडका कथा** (२०७१) र कवितासङ्ग्रह **भोका सपनाहरू** (२०७८) उनका प्रकाशित कृतिहरू हुन् ।

**समन्वित चेतना**

चेतना र विचार पदार्थले निर्माण गर्छ भनेर सामाजिक संरचनाको आधारमा विचार बन्ने उद्घोष गरे कोम्टे र कार्ल मार्क्सले । अनि उनीहरू साहित्यमा पनि रङ भर्न आइपुगे । तिनले साहित्यकार, रङ्गकर्मी भनेका समाजको रङ भर्ने प्रतिनिधि भएको हुनाले ती समाजबाट निरपेक्ष बस्न सक्दैनन् र बस्नु हुँदैन पनि भने । त्यो सापेक्षतामा समाज पढ्ने र बुझ्ने, अनि ती कुरा लेख्ने हुती राख्नुपर्छ साहित्यले र साहित्यकारले । त्यो 'ज्ञानको समाजशास्त्र' भनेको नै साहित्य हो । सिर्जना हो । कलाको रचना हो ।

विचारको इतिहास हेर्दा पूर्वीय दर्शनको वेद, पश्चिमका सोक्रेटिज, उत्तरका कन्फुसियस सबै बिचारको कुरा गर्छन् तर पदावलीमै ओर्लिएर प्रयोग गर्ने भने बेलायती लेखक फ्रेन्सिस बेकनको नाम आउँछ । उनले चार प्रकारका 'आइडोल'को कुरा गरे । 'आइडोलोजी'बाट आइडोल अर्थात् 'विचार'को जन्म भएको हो र बेकनले भनेजस्तै ती विचारहरू कहीँ न कहीँबाट प्रभावित हुने गर्छन् नै । विचारलाई प्रभावमा पार्छन् नै । अनि समाज बदल्ने त्यही विचारको प्रक्षेपण गर्नुपर्छ भन्छ मार्क्सवादीय सौन्दर्यशास्त्रले । त्यसका विभिन्न मोडलहरू छन् अनि उत्तरवर्ती विचारले फेरि विचारको उन्मुक्ततालाई अङ्गिकार गरिरहेको छ । यी

विपरीत विचारबाट समाजमा विचारको मन्थन हुने गर्छ र त्यसले परिस्कृतता पस्किन्छ विचारको । समाजका समग्र आयामहरू र तिनका आयामहरूको, खासगरी सामाजिक, आर्थिक विचार र भावनाको एकीकृत अभिव्यञ्जना नै समन्वित विचार हो (**बृहत् नेपाली शब्दकोश**) ।

विचार शुद्ध हुनुपर्छ भन्छौँ हामी । तर ती विचारहरू सबै प्रभावमुक्त हुँदैनन् । हर्के साहुको पिर देखेका आँखाहरू, समाजका कल्पनीय तथा अकल्पनीय आयामहरू पढिरहेको, सिकिहेको, तिनैमा घोत्लिरहेको एउटा लेखक ती आयामहरूको विपरीत जान सक्दैन । ती जे देख्छन् त्यही लेख्छन् । ती सत्य छन् तर अन्तिम सत्य भने होइनन् । यो उत्तरवर्ती समयलाई कसैले इन्कार गर्न पनि सक्दैन । मैले देखेको समाजको रङ अर्को समाजको मान्छेले उस्तै देख्छ भन्नु बच्चापन हो । मैले लेखेको उसको समाजको रङ र उसले देखेको उसको समाजको रङ कसरी एउटै हुन्छ ? यो भिन्न हुनु भनेको विचारमा भिन्नता हुनु हो । यसरी विचारले रङ जन्माउँछ र रङले साहित्य र कला । अनि विचारलाई धर्मले, संस्कारले, भूगोलले, लिङ्गले, शिक्षाको स्तरले, बुझ्ने क्षमताले, सामाजिकीकरणले प्रभाव पार्ने निश्चित हुन्छ । तिनै प्रभावयुक्त अभिव्यञ्जनाहरू साहित्यमा आउने गर्छन् र ती समन्वित चेतनाको हैसियत प्राप्त गर्छन् । ती चेतनाहरू सशक्तढङ्गले उपस्थित हुन्छन् साहित्य सिर्जनामा ।

होमशंकर बास्तोलाको समन्वित चेतना भनेको प्रगतिवादी चेतना हो । राष्ट्रवादी चेतना हो । लुइस टाइसनले आफ्नो पुस्तक **क्रिटिकल थ्योरी टुडे** (२००६ः ६६)मा भनेकी छिन्, '....कम्तीमा प्रगतिवादी साहित्यले लेखक तथा पाठकहरूलाई विचारले सिँगारिदिन्छ र वर्गीय चेतनालाई उत्कर्षमा लैजान्छ ।' होमशंकर बास्तोलाको समन्वित चेतना यही प्रगतिवाद र राष्ट्रवादको चेतना हो । पचासदेखि सत्तरीको दशकका राजनीतिका कुरूप रङहरूलाई कोर्रा हान्न प्रयोग भएको छ बास्तोलाको समन्वित चेतना । समाजका कुरूप पाटाहरूलाई झटारो हान्न प्रयोग भएको छ उनको चेतना । राष्ट्रप्रेम ढोँगी हुँदै जानु, मानवता कमजोर बन्दै जानु, जनताका जीवन सदैव अभाव र अशिक्षाले पिसिँदै जानु र मानिसका मर्महरू छायामा पर्दै जाने कहालीलाग्दो समयको रङ छेरेर चेतना दिनखोजेका छन् उनका कवितामा । सामाजिक यथार्थता, साँढेको मिचाइमा परेका बबुरा बाछाहरूको विम्बमा नेपाली जनता उद्घाटित भएका छन् बास्तोलाका कविताहरूमा ।

उपभोक्तावादको उत्कर्षमा बाँचेको यो समाज सबै खाले मानवीय, सामाजिक, आर्थिक र भौतिक बर्चस्वका लागि 'जे पनि गर्ने' र आफ्ना सिमानाहरू मानिसले धमाधम भत्काइरहेको वेलामा कवि होमशंकर बास्तोला कविता लेखिरहेका छन् । समाजको कुरूप दलीयकरण, संस्थागत भ्रष्टाचार र बेथितिको माहारतको रचना

भइरहेको समयमा बास्तोला यी कविताहरू लेखिरहेका थिए । वर्गीय चेतना भर्नुपर्नेमा वर्गीय खाडल झन् बढाउन उद्यत हुनेहरूको भिडमा बास्तोला कविताहरू लेख्दै रहेका छन् । त्यसैले त डा. नरेन्द्र चापागाईं लेख्छन्, 'राष्ट्रका समस्याहरूको पहिचान गरी त्यसबाट मुक्ति दिलाउने अभिचेतना आफ्ना कवितामा मुखरित गर्ने व्यक्ति नै साँचो राष्ट्रवादी कहलाउँछ, सच्चा मानवतावादीका रूपमा परिभाषित हुन्छ ।'

बास्तोलाका समन्वित चेतना समाजको उपभोक्तावादी सोच, समाजमा भएका विभेद, असमानता, अपारदर्शिता, सामन्ती सोच र सबै खाले अन्यायहरूको विरुद्धमा तथा राष्ट्रप्रेमको पक्षमा चेतना पस्किन खोजिरहेका छन् ।

**'*भोका सपनाहरू*' *मा* समन्वित चेतना**

मूलतः लेख्नु भनेको चेतना पस्किनु हो । मन पस्किनु हो । भावना मुखरित गर्नु हो । समयका धब्बाहरूलाई प्रक्षेपण गर्नु हो । समाज, व्यक्ति र राष्ट्रका पर्दा अगाडि र पछाडिका विषयहरूको अन्तर्बोध गर्नु र गराउनु हो । होमशंकर बास्तोलाले पनि यही काम गरिरहेका छन् यस कविताकृतिमा ।

उनका कविताका समन्वित चेतना कुनै असम्भव तारा झारेर ल्याउने स्वैरकल्पनाधारी पनि छैनन् । ती समाजले भोगेका उकाली ओरालीहरू छन् । नागवेली परेका तर काँडाले छपक्कै ढाकेका कठिन बाटाहरू पनि छन् । समाजमा कोही ती बाटा पन्साउन खोज्छन्, कोही नदेखेझैँ गरेर हिँड्छन् आफ्नो गन्तब्यका लागि । बास्तोला ती नदेखेझैँ गरेर हिँड्ने बटुवा होइनन् । उनी काँडा पन्साउनुपर्छ भन्छन् यस कविताकृतिमा ।

साहित्यमा सबैभन्दा बढी लेखिने र पढिने विधा कविता हो । कवि होमशंकर बास्तोला एक कवितासाधक हुन् । उनका कविताहरू समन्वित चेतनाका राँकाहरू माथितिर उचालिरहन्छन् तर उनका कविता कुनै ठुलो विषयवस्तुमा आधारित पनि छैनन् । बरु आफैँ बाँचेको समाजका विविध रङहरू सुख, दुःख, आशा र उत्साह, लोभ, मोह, आक्रोश, सङ्घर्ष, आशक्ति, कुण्ठा आदि विषयलाई आफ्नो कविताको भावमा समेट्छन् । श्रम गरेर बाँचेकाहरूका कथा अलिखित छन् । ती अज्ञात नागरिक हुन् । तिनको भावनाको कुनै लेखोट छैन । तिनै मानिसहरूको भावनाको लेखोट हुन् कवि होमशंकर बास्तोलाका कविताहरू ।

उनी समाजका रूपरङहरूलाई जस्तै हत्याहिंसा, बलात्कार, दुराचार, अत्याचार, कमिसनतन्त्र, सांसद खरिदबिक्री, दमन, उत्पीडन, आस्थाको आधारमा भेदभाव, असन्तोष, असहमति, बिरोध, खिन्नता, विद्रोह, सबै पस्कन्छन् र राष्ट्रप्रेम, संस्कृति प्रेम, शिक्षाप्रेम, जनता प्रेम, मानवता प्रेम, जीवनप्रेमका आयामहरू यस सङ्ग्रहमा समेटिएका छन् ।

बास्तोलाले जीवन र समाजका बाङ्गाटिङ्गा बाटाहरूलाई सच्याउने प्रयास गरेका छन् । राष्ट्र, युवाहरू र सर्जकहरूप्रति सम्मानमा निस्केका बास्तोला सामाजिक

विकृतिहरूलाई खरो अभिव्यञ्जनाहरू लिएर उत्रिन्छन् काव्यमा । उनका ३५ वटा कविताहरू समाहित कवितासङ्ग्रह '*भोका सपनाहरू*' आफैँमा चेतनाको राँको हो र उनका कविताहरूलाई यिनै विभिन्न समन्वित चेतनाका रङहरूले पढ्न सकिन्छ।

**१. राष्ट्रवादी चेतना**

जुन कुराले देशको हित हुन्छ, जनताको हित हुन्छ र त्यही कुरालाई अँगालेर त्यसैको पृष्ठपोषण गर्नु नै राष्ट्रवाद हो। कवि बास्तोलाका कविताहरूमा पाइने राष्ट्रवादमा यी विशेषताहरूको प्रभुत्व देखिन्छ। उनका कवितामा एक समुन्नत राष्ट्र बनाउने सपना छ। ती कविताहरू **माटोको माया**, **हिमाल**, **पहाड भत्कन्न**, **आमाको पीडा**, **आमाको दुखेको छाती** हुन् जुन आफ्नो देशको मायाले पिरोलिरहेको दुखेसो पोख्छन्। यस मुलुकका हरेक अवयवहरूलाई सुम्सुम्याउँदै, चुम्मन गर्दै स्नेहभावले देशको माटो सुम्सुम्याउँछन् कवि बास्तोला। उनी **माटोको माया** कवितामा यसरी आज होस् गुमाएका कथित राष्ट्रवादीहरूलाई झाँक्को झार्छन्ः

*हामीलाई इच्छा पनि छैन*
*माटोको मृत्युको खबर सुन्न। (पृ.२८)*

राष्ट्र निर्माण गर्ने उनको उत्कण्ठा सगरमाथाजस्तै उच्च भएर जान्छ । उनी सबैलाई राष्ट्र निर्माणमा उठौँ भन्न निकै जोशका साथ सकिरहेका छन् *आमाको पीडा* कवितामा ः

*तिम्रो आलो घाउमा*
*चहऱ्याएको छातीमा*
*अलिकति मलम दलेर*
*दुखाइ कम गर्न सकिरहेको छुइनँ। (पृ.६२ )*

**२. राजनैतिक अर्थात् वर्गीय चेतना**

होमशंकर बास्तोलाका कविताहरू राजनीतिक चेतनाका आयामहरूले भरीभराउ छन् । ती समकालीन नेपाली राजनीतिका कुरूप पाटाहरूको भण्डाफोर गर्न चाहन्छन्। त्यसमा शुद्धताको आब्हान छ। ती कविताहरूमा **अभाव**, **त्रिशूलीमा गिट्टी कुट्नेहरू**, **ओडारे माइलाका भोका सपनाहरू**, **तमसुक**, **मलम खोजिरहेछु**, **साँपहरू**, **पहाड भत्कन्न**, **खोसिएको खुसी**, **सडकमा पल्टेको लास**, **विश्वास भत्किएको बेला**जस्ता कविताहरूले उनको राजनैतिक चेतनाको उजागर गरेका छन् । त्यो भनेको समाजमा असमानता, भ्रष्टाचार, वर्गीय विभेद र अन्य कारणले पछाडि परेका समुदायहरूलाई आबाज दिनु हो । तिनका भावना बोल्नु हो । तिनलाई एकताबद्ध बनाउनु हो र तिनलाई सङ्घर्षमा उतारेर तिनको सर्वोच्चता स्थापित गर्नु हो । सादा जीवन उच्च विचार अनुसरण गर्नु हो । उपभोक्तावादी समाजलाई बदल्नु हो। मानिसलाई यन्त्रिक बनाउने, समाजमा श्रमको मोल गिरिरहेको अवस्थामा त्यसको मोल बढाउने युगको थालनी गर्ने हो। त्यो निमुखा वर्गलाई अधिकार सम्पन्न बनाउन आन्दोलन र सङ्घर्ष गर्नु हो। राष्ट्रिय पुँजीको विकास गर्नु हो र समग्रमा द्वन्द्वात्मकता खडा गरी स्थापित मान्यताहरूलाई बदल्नु हो, फेर्नु हो। उनी राजनैतिक खडेरी परेको र नेतागणले

गरिबीमाथि लादेको निरपेक्षतालाई अनि यो समयलाई यसरी छाला काढ्दै भन्छन् **त्रिशूलीमा गिट्टी कुट्नेहरू** कवितामाः

*सत्ताको इन्जेक्सन लगाएर*
*हृष्टपुष्ट देखिनु सिवाय*
*खै के देखिरहेछ र यहाँ ? (पृ.२६)*

मार्क्सवादी सौन्दर्यशास्त्र, खासगरी नेपाली माटोमा आब्हान गरिरहन्छ विगत सात दशकदेखि, श्रमजीवि वर्गको एकता र सङ्घर्षमा समर्पित छ । तिनको मुक्तिको लागि समर्पित छ । तिनका वर्गशत्रुको विरुद्धमा प्रयत्नशील छ र यही समर्पण सबल भएर यसरी उजागर हुन्छ कवि बास्तोलाका कवितामा :

*साँच्चै ए सरकार!*
*फाटेको धुरीको प्वालबाट*
*ओडारेको बाँसको कटेरोमा*
*कहिले छिर्ला सपनाको नयाँ घाम ? (पृ.३२)*

सामन्तवादी समाजलाई अनेकौं अलङ्कार हरूको प्रयोग गरेका छन् बास्तोलाले आफ्ना कविताहरूमा । सामन्तवादीहरू आततायी छन् । तिनका रङ र शैली अकल्पनीय छन् र त उनी अलङ्कारहरूको सहायता लिएर आफ्नो विद्रोहलाई यसरी घनिभूत बनाउँछन् कविता **विश्वास भत्किएको बेलामा** :

*अब भत्काउनुपर्छ तिमीहरूले*
*आफ्नै अस्तित्वहीन पर्खालहरू*
*अविश्वासका गहिरा गहिरा खाडलहरू (पृ. ९५)*

**३. स्वच्छन्दता**

कवि होमशंकर बास्तोलाका कविताहरूमा पाइने समन्विक चेतनामा शान्तिभाव पनि एक हो । त्यो शान्ति भनेको राजनैतिक विषयलाई मात्र लिने गरिन्न । त्यो भनेको आत्माको शान्ति पनि हो । परिवेशको शान्ति पनि हो र स्वच्छन्दवादीहरूले आनन्द लिने संस्मरण, प्रकृतिप्रेम पनि हो । आफैँलाई यो प्रकृतिको सुन्दर बगैँचामा समाहित गर्नु पनि हो । ती कालजयी आनन्दहरू हुन् । ती सर्वकालिक छन् । प्रकृतिका अकल्पनीय आयामहरूमा मानिसले आफूलाई अन्तरघुलन गर्नपुग्छ र जीवनको सबैभन्दा रहस्यमय पाटामा आफूलाई उभ्याउँछ । त्यो लेख्ने काम बेलायती कवि विलियम वर्डस्वर्थले अङ्ग्रेजी कवितामा गरे । नेपाली साहित्यमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटाले गरे । आफ्नै नोस्टाल्जिया अर्थात् सम्झनामा रमाउनु शान्ति हो, स्वच्छन्दता हो ।

प्रकृतिको आनन्दसँग सधैं रमाउँछन् जुन कुरा उनको **तिम्रो साथ** शीर्षकको कवितामा यत्रतत्र छरिएको छ । उनी भन्छन्ः

*तिमी हिँड्दै गरेको जिन्दगीको सडकमा*
*बिछ्याएका नरम ओठहरू*
*भुल्नै सक्दिन यो बतासमा (पृ.७७)*

**४. मानवतावाद अर्थात् सामाजिक चेतना**

आज खिइँदै गएको मानव सभ्यता, त्यसमा पनि हामी आफैं बाँचेको सभ्यताका अनेकौं बेरङ्गी तस्बिरहरू हामी दैनिक सुम्सुम्याइरहेका छौं । तिनैको समीपमा

आफैँलाई घिसारेर जिइरहेका छौँ । कवि बास्तोलाले यो समाजका ती अस्वीकार्य रङहरूलाई कोर्रा लगाइरहेका छन् आफ्ना कविताहरूमा । मानव सभ्यतालाई माथि उठाउने ती अवयवहरूलाई प्रेमले सम्भिmरहेका छन् र सिँगारिहेका छन् ।

उनका कविताहरूमा समाज र संस्कृतिलाई उँचो बनाउने र यसको विरासतलाई रङ्ग्याउने आबाजहरू छन् । जुन समाजमा इतिहासलाई सम्मान गरिन्छ, जुन समाजमा भाषा र संस्कृतिविदहरूको उच्च सम्मान गरिन्छ, जुन समाजमा भाइचारा र सहयोगको राग अलापिन्छ, जुन समाजमा मानिसहरूको सम्मान र गौरवगाथा गाइन्छ, जुन समाज शान्ति र अमनचैनमा रमाउँछ त्यो समाज मानवतावादी समाज हो । त्यसले मानिसका हरआयामहरूको, इतिहासका डोबहरूको रक्षा गर्न तम्सिन्छ र मानिसका कर्महरूलाई माथि उठाउने कसम खान्छ, त्यो समाज मानवतावादी समाज हो । जुन समाजले समाजका हरआयामहरू जस्तै कला, संस्कृति, भाषा, साहित्य, धर्म, रीति, परम्परा र मानिसले गरेका हरउपलब्धिको चर्चा र रक्षा गर्छ, त्यो मानवतावादी समाज हो ।

**नानीहरूप्रति समवेदना, ओडारे माइलाका भोका सपनाहरू, फूलहरू, जन्जिर र पर्खालहरू**जस्ता कविताहरूले समाजको ताँदो उठाएका छन् । समाजको दलिन उठाएका छन् र बाध्य बनाएका छन् तिनलाई स्विकार्न जो मान्छेलाई कमजोर प्राणी बनाउन चाहन्छ, जो मान्छेका टाउका गनेर आफू वीरताको गीत गाउँछ । मान्छेलाई गाडीमा कोचेर तिनको ओसारपसार गर्छ र सत्ता र शक्ति सुरक्षित गर्छ । कवि बास्तोला त्यस्ता कुरूप फेहरिस्तहरूलाई मेट्न कलम लिएर आउँछन् आफ्ना कविताहरूमा । तिनै आबाजहरूले उनको **समन्वित** चेतना पस्किरहेका छन् ।

समाजका पहिचान जनाउने रचना र रचनाकारप्रति सम्मान जनाउने बास्तोलाका कविताहरू चेतनाका सीमित दिवालहरू पार गरेर निकै पर पुग्छन् र खरो जबाफ दिन्छन् **जन्जिर र पर्खालहरू** कवितामाः

*तिमीले हान्यौ बन्दुक*
*र बगायौं रगतको भेल*
*जुन भेलले*
*तिमीलाई बगायो । (पृ. ५०)*

**उपसंहार**

कवि होमशंकर बास्तोलाको कवितासङ्ग्रह *भोका सपनाहरू* एउटा अनुपम कृति हो । मानव चेतनाका अजस्र धाराहरू झार्दै, तिनलाई समाजको गति दिने अस्त्रका रूपमा काव्ययान गर्न सफलीभूत भएका छन् बास्तोला । चेतना हरक्षेत्रमा आवश्यक छ । चेतना आत्मा हो, ज्ञान हो, सिप हो, सूचना हो, ज्ञानको प्रक्षेपण र संप्रेषण हो, व्यक्ति र समाज बदल्ने अस्त्र हो । मानव पहिचान र उपलब्धिको अनन्त शास्त्र हो चेतना । पश्चिमाहरूले यही चेतनाको बिक्री गरे, लादेर विश्वलाई नियन्त्रणमा राखे । विज्ञानमा तिनै चेतना हाबी भयो र ग्यालिलियो, न्युटन, कोपर्निकसका

नाम हाम्रा दिमाग भर्न आइपुग्छन् । कला, साहित्य र समाजविज्ञानमा अरिस्टोटल र सोफोक्लिजहरू आइपुग्छन्, प्लेटो आइपुग्छन् । राजनीतिमा रुसो र मार्क्सहरू आइपुग्छन् र कब्जा गर्छन् यो दुनियाँका दिमागहरूलाई । आजसम्म तिनका चेतनाको राप र तापले हाम्रा दिमागलाई भरिरहेको छ । हामी उन्मुक्त भएर तिनको प्रशंसा गर्न आफूलाई महान् सम्झिरहेका छौँ । यही चेतनाको दास हुन्छ हरसभ्यता । हरमान्छे । हरसमाज र त्यसको प्रतापले दुनियाँ बदलिदिन्छ । यिनै चेतनाको कुरा गर्‍यौँ हामीले । यही चेतनाको विगुल फुक्यौँ हामीले यस कविताकृतिमा । यही चेतनाको कसीमा राखेर हेर्‍यौँ कवि होमशंकर बास्तोलालाई हामीले ।

बास्तोलाको यस सङ्ग्रहमा उपस्थित सबै कविताहरूले कुनै न कुनै चेतना पस्किरहेकै छन् र ती चेतनाहरूको पोको नै सवन्मित चेतना हो । यस अर्थमा यो सङ्ग्रह चेतनाहरूको पोको भन्दा अत्युक्ति हुँदैन । तिनको पस्काइलाई हेर्ने सूक्ष्म अर्को चेतनाको मात्रै खाँचो हो किनभने यी कविताहरूमा राष्ट्रियताको चेतना, राजनैतिक चेतना, मानवतावादी चेतना, प्रकृतिवादी चेतना, सामाजिक चेतना असरल्ल छरिएका छन् । तिनलाई कसरी टिप्ने भन्ने मात्रै कुरा हुनसक्ला ।

**सन्दर्भ सूची**


बास्कोटा, धनञ्जय (२०७८) **सङ्गम**, दमकः साहित्यकला सङ्गम अङ्क १४ (पृ.५३)

बास्तोला, होमशंकर (२०७८) **भोका सपनाहरू**, काठमाडौँः कौशिकी साहित्य प्रतिष्ठान ।

Tyson, Lois. (2006) Critical Theory Today: A User Friendly Guide, 2nd ed. Special Nepal Reprint. Noida: Routledge.


*दमक, झापा ।*

## ❑ मुक्तक



❖ **अरुण नदी खत्री**

१

कामको चापले बारै महिना फुर्सद भएन
राम्रो सोच्दै भलो गर्नेको याद आएन
देखावटी फोस्रो सोच कहिल्यै भएन
उनको मनको भावना बुझ्ने समय आएन ।

२

उनको मनको कुरा बुझ्न मिहिनेत गर्छु
परिश्रमको कदर गर्दै दायित्वबोध गर्छु
सज्जन बनी उनीसँग मिल्ने बाटो खुलोस्
भविष्यमा राम्रो अवसर हामीलाई मिलोस् ।

*सामाखुसी मार्ग, सरकारी धारा, काठमाडौँ*



❖ भोलानाथ सुवेदी

# काभ्रेकी ठाहिँली

प्रत्येक बिहान
काभ्रेकी ठाहिँली
चोकमा चिया उमाल्छे
बेच्छे
पाइलट, खुकुरी र सूर्य चुरोटका
खिल्लीहरू
धुवाँसँगै उड्छन् सपनाहरू
पानीजस्तै उम्लन्छ मन
गाडीको धुलो र बतास छेकेर
प्रत्येक दिन चिया बेचेकी ठाहिँलीका
धुवाँभित्रै हराउँछन् सपना
धमिला बनेर
चियाको गिलासमा देखापर्छ
अमरबहादुरको मुखाकृति
ऊ झल्याँस्स हुन्छे
ग्राहकलाई चिया थमाउँछे
अमरबहादुर
जो बेपत्ता छ आजसम्म
अक्षर चिनाउँथ्यो
शब्द बनाउँथ्यो
उज्यालो मार्ग खोज्न
जानीनजानी उसले
कबाट कमरेड, कमान्डो सिकायो होला
बबाट बन्दुक, बिग्रेट पढायो होला
हबाट हतियार, हमला
लेखायो होला
कहिलेकाहीँ मुखबाट
जिन्दावाद र मुर्दावाद फुत्कायो होला
ओकलेर समाजको मैलो
घामझैँ बनाइदियो होला
मस्तिष्कको चेतनमार्ग
आँखाभरि आँसु पारेर
गिलास खकाल्दै
पसिनाले पगाल्दै ल्याएको
नाके डाँडीको सिन्दुर पुच्छे
काभ्रेकी ठाहिँली
राज्यले बिर्सेको
नागरिकको सूचीबाट हटेको
आफ्नो पतिको
धमिलो तस्बिर सम्झेर
प्रत्येक अनागरिकलाई
चिया उमाल्छे
काभ्रेकी ठाहिँली !

# थोप्लो मसी

> " सिस्टममा चल्छु, हरेक दिन सिस्टममा हिँड्छु ।
> मेरो काम गर्ने शैली, यति धेरै सिप कसले जानेको छ...?'



❖ विन्दु अधिकारी ढकाल

थोप्लो मसीको यो कस्तो हो कसी ! फूलको आँखामा फूलै संसार...' गीतजस्तै दुनियाँ हुनु कति राम्रो हुन्थ्यो । वास्तवमा त्यस दिन दिप्तीलाई कतै हिँड्न मन थिएन । कोहीसँग भेट्न, आफन्त साथीभाइ कसैकहाँ जान पनि मन थिएन । पुस महिनाको ठण्डी दिनमा बिहानको खाना खाएर एक छिन आराम गर्न ओछ्यानमा पल्टेकी मात्र के थिई हलो ! फोन...? फेरि, पनि । अनि पनि । कतिपटक बज्यो मोबाइलको भाँडो ? त्यो मानिस को थियो ? जसले छिन छिनमा कल गरी रह्यो ।

कसैले सिफारिस गरेकै आधारमा उसलाई सापट दिनु तोकिएको भाकामा व्यवहार मिलेन भने ? 'खाई न पाई छालाको टोपी लाई !' दुःखले आर्जेको धन त गयो गयो सापट खोजेको ऋण ? फेरि मान्छेसँग व्यवहार गर्नु कोही त आफ्नो दुनो सोभिएपछि भनौँ, अभर टरेपछि मतलब नाइ ! हो, त्यस वेला कोसँग गुहार माग्नु कि नरपिशाच चाल भन्नु ! यहाँ बाउको नाम जोडेर बबन्डर मच्चाउने चर्तिकला कति छन् ?

बुद्धे नाम गरेको त्यो मानिस कलाकार कथाकार के थियो। गीतकार कि सङ्गीतकार हो ? अथवा मन्त्री कि सांसद ? नेपाली कथानक चलचित्रको निर्देशक हुँ, राम्रो राम्रो सिनेमा बनाउँछु भनेर गफ चुटेका भरमा दिप्तीले रकम हात लगाइछ। कलाकारजस्तो मान्छे होला नि त भनेर जिम्मा लगाएको पैसा पछि फिर्ता लिने वेला के मात्र भोग्नु परेन ! हुन त सापट दिने भइसकेपछि उसको बाँच्ने आधार कुन स्तरको हो ? अर्थात् जीविकोपार्जनको पेसा सरकारी हो कि निजी ? त्यो पनि राम्रोसँगले बुझ्नुपर्थ्यो। बरु व्यक्तिगत सम्बन्ध केस्रा केस्रा खोजीनिन्दा जरुरी हुँदैनथ्यो । आधुनिक समाजमा सहरिया जीवनशैलीको विशेषता गाउँघरमा जस्तो पुस्तौँपुस्ता खोज्ने फुसर्द कसलाई होला ? कि होइन ?

एक दिन दिप्तीसँग जयाले भनेकी पनि थिई, 'हेर साथी, सम्बन्ध गाँस्न जति सजिलो

हुन्छ नि बचाउँन त्यति नै कठिन ! नेपालीलाई सत्य कुरा तितो लाग्छ । त्यसमाथि सफा मनले गरेको सहयोग त झन् कुकुरलाई मासु...।'

शिष्टाचार भनेको के हो ? नैतिकताको भाव साल्मीको अनुहारको रङबाटै नप्रस्टिएको होइन । जे भन्नु, जो मान्नु या नमान्नु दिप्तीसँग साल्मीको नातासम्बन्ध कसरी भेट भए ? कि सर्वतपानीझैँ थिए ? परिकल्पनाको त्यो आकार दिप्तीले नसोचेको भयो । हो, त्यस दिनको घटना मान्छेको हुलसँग साल्मीलाई वास्ता थिएन । विनासङ्कोच एकोहोरो आबाज आँखा हेराइ पनि टुङ्गामा देखिएन । रिसको झ्वाँकमा जिउ कमाउँदै बोलेको सुन्दा जिब्रो झिकिदिन मन थ्यो तर के गर्नु, मनमा आएजति कुरा गर्न नमिल्ने ! फेरि मगजै नभएकीसँग औँला ठड्याउनुको कुनै तुक देखिएन ।

सिंहगर्जनझैँ आबाज गाँठे ! डायरी बोकेको हात साटफेर ठड्याउदै चोर औला 'यी म हरेक दिन यसरी पो हिसाब टिप्छु । जिन्दगी बाँच्ने मेरो आफ्नै नियम छ भनेर धेरैलाई पत्यार नहोला तर कसैले कानुन सिकाउनु पर्दैन । धारा उपधारा घोकाउनु पर्दैन । अमेरिकाको हार्वर्ड विश्वविद्यालय पढेर आएकी...।' ज्वारभाटाजस्तो स्वभाव गाँठे ! कति न उसको ऋण खाएजस्तो ! कि पालपोष नै गरेकी थिई ?

कोहीसँग डायरी हुनै नहुने हैन ! बोक्छन् धेरैले र लेख्छन् पनि । फरक यति हो, कसैले हातमा लिएर हिँडेका हुन्छन् त कसैको ब्यागमा । स्मरणीय कामकुराको विवरण सङ्क्षिप्तरूपमा लेखिने पुस्तिकालाई हरेकले आफ्नो तजबिजअनुसार क्रमबद्ध गरेका हुन्छन् ।

त्यो क्षण संसारकै असल मानिस साल्मी बाहिर देख्दा । हो, उसको चर्तिकलासामुन्ने दिप्ती लवाइखुवाइदेखि अरू चालामाला शिरदेखि पाइतालासम्मै फरक कहलिई । हुन त ठुलो स्वर गर्दैमा के चाहिँ भरिपूर्ण हुन्थ्यो र ? अनि बुद्धेलाई बताउनुपर्ने बात दिप्तीले नदोहोर्‍याएकी होइन । त्यति राम्रोसँगले कुरा गर्दा पनि परिस्थिति सधैँ प्रतिकूल हुनु नसोचेको अचम्म ! तर विषयवस्तुभित्र पसेर दिप्ती र साल्मी नै गफिएका भए पनि वास्तविकताको गहिराइ टाढा थिएन । अथवा बुद्धेले गरेको व्यवहार, आफ्नै नाउँको ब्यानरमा फिल्म बनाउने सपना र त्यसका लागि आवश्यक पुँजी कहाँ र कसरी जुट्यो साल्मीलाई भन्नुपर्थ्यो । त्यो नभन्नु नै 'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर'जत्तिकै भयो ।

न्वारनदेखिको बलले चिच्याएको सुन्दा त्यत्रा मान्छेले के भने होलान् ? के बुझे होलान् ? अनि के सोचे होलान् ? 'सिस्टममा चल्छु, हरेक दिन सिस्टममा हिँड्छु । मेरो काम गर्ने शैली, यति धेरै सिप कसले जानेको छ...?' एकोहोरो प्रस्तुतिलाई देखेर 'यो नानी त हाम्रै वडाको त्यो केजाती रे...पैसा छाप्ने...राष्ट्र बैङ्कमा गभर्नर भाको थ्यो नि, हो उसैकी छोरी होइन...? यहाँ कोसँग झगडा गर्छे ? ए ! नानी साल्मी मलाई चिनिनौ ?'

त्यसले त सबैलाई दिप्ती नै देखी कि क्या हो 'किन ! यहाँ कसैलाई शंका छ, मेरो नाम साल्मी होइन ? अनि मेरो बा गभर्नर होइन ? हो, म उहाँकै छोरी हुनाले त भन्दै छु, 'यस्ता पैसासैसाका बात कसले कसलाई सापटी दियो ? कहिले दियो ? किन दियो ? आफ्नै खल्तीबाट दियो या कोहीबाट दिलायो ? यहाँ मलाई घेरा हाल्ने काम कसको आइडिया हो ?' फेरि पनि भन्छु, ' खानदानी मान्छे स्वभावतः हुदैनौँ लुच्चा...।'

कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धि भनेको के हो ? दिउँसोको त्यो चर्को आबाज साँझ घर फर्किसकेर पनि उही हङ्गामा आँखाअगाडि नाचिरह्यो । कान बजिरह्यो । रिसाहा बारुलोलाई सम्झँदा घरबाट हिँड्दाको साइत, नसोचेकै पो देखियो । हरे शिव ! हे राम भगवान् ! मान्छेको जन्म । भनिन्छ, ' आवश्यकता भनेको आविष्कारको जननी हो ।' यही कारण क्षणिक आनन्दका लागि मानिसलाई नयाँ नयाँ चिजबीजको जरुरी पर्छ । कति परिणाम भन्ने चाहिँ यो पनि चाहियो, त्यो पनि चाहियो र ऊ पनि चाहियो । फेरि चाहियो भनेपछि चाहियो चाहियो ।

मानिसले धनको आडमा धर्म भुल्छ, सिद्धान्त भुल्छ र त्यस्तै परे अनुष्ठान त्यागेर ज्यानकै बाजी के मात्र गर्दैन ? दुनियाँमा पैसा भन्ने चिज के रहेछ ? नभइ पनि नहुने, हुँदाखेरी जति नै भए पनि नपुग्ने ! जतिखेर म मूल गेटबाट भर्खरभित्र छिर्दै थिएँ । सेवाग्राहीको हुलसँगै बिच बिचमा देखा पर्ने चटपटे महिला नै साल्मी रहिछ तर दिप्ती कुन वेला आई ? अथवा ती दुइटी कसरी भेट भए ? रहस्य बुझ्न बाँकी नै थियो ।

खैर, रिसको पारो बिचार गर्दा 'जो चोर उसैको ठुलो स्वर' भए पनि प्रमाणित गर्न दर्शकले नहुने । त्यस्तो हुदो हो त छिनमा 'दुधको दुध पानीको पानी' हुन्थ्यो । यद्यपि पहिलो वाक्यमै साल्मीले भनेकी थिई, 'हरेक हिसाब यी यसरी लेख्छु । यसकारण पनि मेरो जब आयव्ययमा विश्वले पत्याएकी मान्छे परेँ । संसारको कुना कुना था'छ तर घरभित्रको लेनादेनामा सरोकार छैन । हामी लोग्नेस्वास्नी आफ्नोलागि आफैँ कमाउँछौँ...।' उसो भए दिप्ती झुटी हो ? त्यहाँ जेजे भयो सबै झुट ?

गुनले नजित्ने संसारमा पालो आयो एक थोपा मसीको । जो डायरीको रूपमा खडा थ्यो ! समस्याको समाधान गर्नुको साटो निन्द्रातन्द्रा हराउनेगरी चिच्याउने तिमी को हौ ? हेर हेर ठुला जहाज चढेर देशविदेश घुम्नेको बुद्धि ! तिम्रोजस्तो चोथाले मुख आजसम्म देखेको थिइनँ । साल्मी नाम नामाकरण गर्ने पुरेत को हुन् ? घरमा तिम्रा छोराछोरीका बाउसँग तिम्रो नाता के हो ? कि त्यो पनि था'छैन ? यथार्थ लुकाएर मान्छेका मुखिन्ज्याल चर्किनु, चुरो कुरो बुझ्न ठुल्ठुलो स्वरले नझर्किँदा दिप्तीलाई अलि सहज हुन्थ्यो कि ? यसरी मर्यादा नाघेर बोल्नु बहुला कुकुरले टोकेको रहेछ भनेर हल्ला फैलाऊ ? चाहेँ भने तु पत्रकार सम्मेलन गर्नसक्छु । यतिसम्म पावर छ । होइन भने ' काहीँ नभाको जात्रा हाँडी गाउँमा' भनेझैँ के हो चर्तिकला ?

आफ्नो जिम्मेवारीभित्रको कुरा थाहा नहुनु, हुनसक्छ केही दिन । हुनसक्छ केही छिन् तर वर्षौंवर्ष कसरी चल्छ घर ? यहाँ एक थोपा मसीको कमाल हेर जो लेखिएको छ, तिम्ले पत्याऊ चाहे नपत्याऊ तर त्योभन्दा पहिला नीति वचनले भनेको एउटा कुरा सुन, 'पानी धमिलो छ भने मानिसले त्यसमा आफ्नो प्रतिविम्ब देख्न सक्दैन ।' हो ? विश्वास लाग्छ ? कि पटक्कै लाग्दैन !

म कुनै वकिल होइन, न कानुनको ज्ञाता नै हुँ तर चित्त नबुझेको कुरा तिमेरुका उपर सहयोग गर्नेलाई धन्यवाद दिने कि दण्डसजाय ? देशका नागरिक सबै गर्भनर भए जनता चाहिँ को ? धनीकी छोरी संसार घुमेकी शिक्षित नारी भएर जो भन्यौ र जति बोल्यौ, यो मेरो डायरी हो । यहाँ यस्तो हिसाब छ। त्यहाँ त्यस्तो किताब छ र खर्च गर्ने तौर कोहीसँग माग्दिन...।

कुराको स्तर नै मापन गर्ने हो भने म पनि एउटा डायरी हुँ। अझ एक थोप्ला मसीको डायरी । यहाँ हेर कति खँदिला अक्षर छन् । यी लिपि हमेसा दिप्तीको ब्यागमा सुरक्षित हुन्छन् । हुन्छु । सब्जीवालीको आयव्यय विवरण राख्ने यी पानाहरूमा हिसाबकिताब सूचना सञ्चार तिमेरु धनाड्यलाई आफ्नो व्यावसायमा चरम आर्थिक सङ्कटको जालोबाट मुक्त गराउन कुन हुर्मतले कसरी रकम जम्मा गरियो। कतै जायजेथा बेचियो, कतै बसिरहेको घर धरौटी राखियो त कोहीबाट चर्को ब्याज कबुलेर ऋण निकासा गर्दाका ती दिनहरू...। खैर, छाड्दिऊँ यी यावत बात। हुन त आलश्यले भरिएको तिम्रोजस्तो मगज स्वयम्को हित सम्झिदैनौ भने...?'

अहम्ता बाँधको सिरक ओढेकी साल्मीको अनुहारमा खासै परिवर्तन देखिएन। भनौं, दयामायाभाव। हुन त आत्मामा भावना नभएपछि कसको के लाग्दो रहेछ। एभरेस्ट बैङ्क लाजिम्पाट शाखामा बहुलाउनुसम्म बहुलाएर सामुन्नेको अर्को कुन काउन्टरमा छिरेर विदेशी डलर कति साटी, थाइल्यान्ड उडी कि कतार ? यता जान्छु उता लाग्छु कुरोकन्थो सुनेको भए त के र !

पुसको कठ्याङ्ग्रिदो जाडोमा एक छिन आराम गर्न नभ्याई रकम जुटाउनेदेखि दौडेर बैङ्क जा, डिपोजिट गरेर आइज, खटाइको बदला आखिर दिप्तीले के पाई ? यो सबै सोच्दा जयाले त्यसै भनेकी होइन रहिछ, 'सफा मनले कसैलाई सहयोग गर्नु कुकुरलाई मासु पैंचो...।'

हो, विगतले सिकाएको पाठ सबैभन्दा दोष त समयकै हो। थियो। अर्को, जन्ममृत्युको खेलमा दिप्तीको जेजति हरण भयो, पूर्वजन्ममा खाएको थियो कि ? अथवा अर्को जुनीलाई सापटी गयो । पुराणहरूमा बताएअनुसार हरेक हिसाबकिताबको साक्षी डायरी हुनाले थोप्लो मसी पनि त्यति नै महत्त्वपूर्ण हुन्छ जति भरी डिब्बामा लालायित हुन्छौ ।

*binduadhikari2018@gmail.com*

# जुम्लामा आठ दिन बस्दा



❖ शान्ता मानवी

नेपालगन्जबाट २०५१ साल कार्तिक २० गते बिहानको जहाज जुम्लाको लागि उड्यो म त्यसै जहाजबाट निर्वाचनको सन्दर्भमा जुम्ला गएकी थिएँ। जुम्लामा मेरो त्यो पहिलो यात्रा थियो र निकै उत्साह बोकेर जहाज चढेकी थिएँ। जुम्लाको सदरमुकाम चन्दननाथ एयरपोर्ट पुग्दा साथीहरू फूलमाला लिएर प्रतीक्षामा बस्नुभएको रहेछ । पहिलो भेट भएकोले चिनापर्ची गऱ्यौं र साथीहरूसँग चिनाजानी गर्दै कसिला हातहरू मिलायौं। जुम्लाजस्तो ठाँउमा पुग्दा एक किसिमले रमाइलो लागेजस्तो भएको थियो भने नेपाली भाषा भए पनि मलाई त्यहाँ बोलिने स्थानीय लबज बुझ्न गारो भएको थियो, केही साथीहरूले बुझाउँदै जानुभएको थियो। सबैभन्दा पहिला त्यहाँको ऐतिहासिक र प्रसिद्ध चन्दननाथको मन्दिर देखाउँदै पार्टीकार्यालयमा लैजानुभयो । त्यहाँ पुगेपछि सबभन्दा पहिला मेरालागि एकजना भरखर एस.एल.सी.दिएर बसेकी बहिनीलाई दोभासे कामका लागि खोजिदिनु भएछ र म जुम्लामा रहँदासम्म मसँगसंगै रहेर मलाई सहयोग पुऱ्याइकी थिइन्। उनको नाम सम्झिन । उनीप्रति भाषासहयोग गरेकीले आभारी छु। सदमुकाम भए पनि सानो सानो बजार थियो र केही पसलहरू थिए। खासै सदरमुकामको जस्तो रौनक भने देखिएको थिएन।

बिहानको चियानास्ता पसलबाट मगाएर त्यहीं जिल्ला पार्टी कार्यालयमै खाइयो । साथीहरूसँग निर्वाचनका विषयमा मोटामोटी बुझ्ने काम गरियो र खानातिर लागियो। त्यस दिन केही कार्यक्रम रहेनछ। नयाँ ठाउँ, नयाँ साथीहरू दिनभरि यत्तिकै बित्यो। उहाँहरूसँग निर्वाचनकै विषयमा छलफल चल्दाचल्दै नेकपा(एमाले)का उमेदवार देवीलाल थापा पनि आइपुग्नुभयो र उहाँसँग पनि त्यहीं चिनाजानी गरियो। साँझको बसाइ होटलमा रहेछ, मलाई त होटेलमा होइन साथीहरूकै घरमा भए हुन्थ्यो भनेपछि साथीहरू एकआपसमा मुखामुख गर्नुभयो र घरमा कमरेडलाई अलि असुविधा होला कि ? भनेर भन्नुभएको थियो। 'मलाई याहाँहरूको भन्दा कुनै छुट्टै सुविधा चाहिँदैन' भनेपछि उमेदवार देवीलाल थापाजीकै घरमा व्यवस्था गर्नुभएछ र उतै गइयो।

त्यहाँ जाँदा उमेरले डाँडो काटिसकेकी भए पनि देवीलालभन्दा उहाँकी आमा तगडा हुनुहुँदो रहेछ । छोरालाई भन्दा निर्वाचन आमालाई लागेको रहेछ ! घरमा गएर सबै परिवारसँग चिनाजानी गर्दा खुव रमाइलो महसुस भएको थियो । त्यो दिन अर्थात् २० गतेको समय त्यहाँको निर्वाचनको वस्तुस्थितिको मोटामोटी जानकारी लिने काम र चिनाजान गर्दागर्दै चन्दननाथमै बित्यो। त्यसले गर्दा मलाई भने एकखालको

मनस्थिति बनाउन सहयोग नै पुगेको थियो । साथीहरूले बनाउनुभएको कार्यक्रम मैले हेरैं, त्यो मलाई अलि व्यवहारिक लागेर केही फेरबदल गरिदिएकी थिएँ । उहाँहरूले दिनभरि गाउँतिरका कार्यक्रमहरू गर्ने र साँझ सदरमुकाममै आएर बस्ने कार्यक्रम बनाउनुभएको थियो त्यसलाई काटेर दिउँसो जहाँ कार्यक्रम हुन्छ राति पनि त्यहीँ बस्ने व्यवस्था मिलाउन सकिंदैन ? भन्दा 'मिल्न त मिल्छ, यहाँको रहनसहनसँग अलि मिल्दैन कि भनेर' भनेपछि मेरालागि कुनै छुट्टै व्यवस्था बनाउनु पर्दैन, जहाँ बसिन्छ त्यहाँ उहाँहरूका लागि पाकेको खाना मेरालागि पनि हुन्छ त्यसरी बसियो भने स्थानीय बासिन्दाहरूसँग अपनत्व बढ्छ र त्यसले निर्वाचलाई पनि मद्दतै गर्छ । त्यहीअनुसार कार्यक्रमहरू बनेर हामीहरू  जाँदा साँझमा महिलाहरूसँग र बिहान पुरुषसाथीहरू बसेर कतै औपचारिक र कतै अनौपचारिक कार्यक्रमहरू भएका थिए ।

२१ कार्तिकदेखि हामीहरू चुनाव प्रचारका सामग्री बोकेर गाउँतिर लागेका थियौँ । पहिलो दिनको कार्यक्रम तोपानीमा क्षेत्रीय आमसभाको कार्यक्रममा गइयो । त्यहाँका साथीहरूले दिनभरि गाउँतिर गएर क्षेत्रीय आमसभाको कार्यक्रम सम्पन्न भयो । जुम्ला जिल्ला भनेको कुँदेर बनाएको उपत्यकाजस्तो लाग्यो । जिल्लाको जुनसुकै भागबाट पनि बिहान सदर मुकाम आएर दिनभरि जुनसुकै काम गरेर पनि साँझ फर्किएर घरै जान सकिने राम्रो खालको र रसिलो उपत्यका रहेछ । ओखरको तेल निकालेर त्यसैले तरकारी पकाउनेदेखि सम्पूर्ण तोरीका तेलको काम हुँदो रहेछ । ओखरका बोक्राले दन्तमञ्जनको काम गर्दो रहेछ ! दाँतेओखरसमेत प्रशस्त हुँदो रहेछ । स्याउ त भन्नै परेन जहाँ पनि फर्सि उसिनेजस्तै उसिनेका स्याउ खान पाइँने रमाइला कार्यक्रमहरू एकपछि अर्को गर्दै गइयो ।

दिउँसो दिउँसो क्षेत्रीय आमसभाहरू, साँझबिहानमा कतै औपचारिक त कतै अनौपचारिक सानाठुला कार्यक्रमहरू लगातार २१ कार्तिकदेखि २५ गतेसम्म गाउँ गाउँमा गरियो । २५ गते साँझ दिल्लीचौरमा बसियो, त्यहाँ प्रहरीचौकी पनि रहेछ । साँझ एकजना प्रहरी हवल्दार हामीलाई भेट्नका लागि आएका थिए । उनको घर प्युठान जिल्लामा रहेछ । उनी त्यहाँ जागिरका लागि गएका थिए । उनलाई मैले प्रश्न गरैं, ' तपाईं पुरानो मान्छे, पञ्चायती व्यवस्थामा र अहिले देशमा प्रजातन्त्र आएपछि के फरक पाउनुभएको छ ?' भन्दा 'हामी प्रहरी भनेका घोडाजस्तै हो, जो आउँछ उसले आफ्नै काठी कस्छ हामीलाई नुनको सोझो गर्नुपर्छ जोआए पनि उस्तै हो' भनेका थिए । २६ गते बिहान सबेरै उठेर जिल्ला सदरमुकामको जिल्लास्तरीय आमसभाको कार्यक्रम भेटाउन दिल्लीचौरबाट सदरमुकाम चन्दननाथ गएका थियौँ ।

२६ गतेको आमसभाको भव्य तयारी रहेछ सहभागीहरूको राम्रो उपस्थिति रहेको थियो । गाउँ गाउँको कार्यक्रमले पञ्चायती कालमा भएगरेका केही अनियमिताका तथ्य तथ्याङ्कहरू टिपनटापन गर्ने मौका मिलेको थियो । जिल्लास्तरीय आमसभामा मैले पाएका सबै अनियमितताका विषयमा ढुक्कले राखिदिएँ त्यहाँका मानिसहरू सबै डराउँदा रहेछन् । स्वास्नी मान्छे भएर पनि नडराइकन जिल्लामा भएका अनियमिताहरू राखिदिइन् भनेर सबै खुसी भएका थिए । अहिले पनि मलाई सम्झना भएसम्म २२ गते कार्तिकमा हाँकु र लाम्रेमा छोटा

छोटा भेटघाट कार्यक्रमहरू गरेर राति बस्न सदरमुकामै फर्किएर बसाइ भएको थियो । २३ गते कार्तिकमा गर्ज्याङ्कोटमा क्षेत्रीय आमसभाका रूपमा आयोजना गरे पनि त्यहाँको जनसहभागिता राम्रो रहेको थियो । राति पनि गर्ज्याङ्कोटमै बसियो। पूर्वनिर्धारित कार्यक्रमअनुसार साँझमा स्थानीय महिलाहरूका बिचमा कार्यक्रम गरियो भने २४ गते बिहान किसानहरूका बिचमा कार्यक्ककम सम्पन्न गरियो। दिउँसो भेटघाट कार्यक्रमका लागि दिल्लीचौरमा पुगियो । त्यहाँको कार्यक्रम सकेर राति दिल्लीचौरमै बसियो । २५ गते कार्तिकको दिउँसो दिल्लीचौरमै क्षेत्रीय आमसभाको कार्यक्रम सम्पन्न गरियो। त्यहाँको जनसहभागिता पनि राम्रो देखिएको थियो। त्यो दृश्यले नेकपा( एमाले)का उमेद्वार देवीलाल थापाको जित सुनिश्चित छजस्तै देखिएको थियो।

२६ कार्तिकमा सदरमुकाम चन्दननाथमा जिल्लास्तरको आमसभा थियो त्यसैले हामीहरू २५ गते साँझ नै सदरमुकाम फर्किएका थियौँ। हुन त मजदुर किसान पार्टीबाट दिल्ली महत्त उठ्नुभएको थियो, नेपाली काङ्ग्रेसको आधिकारिक उमेदवारका विरुद्ध बागी उमेदवार उठेका थिए भने अन्य राजनीतिक दलहरूको उपस्थिति त नगन्य मात्र रहेको थियो। ती सबै कारणले पनि देवीलाल थापाजीको स्थिति मजबुतै लागेको थियो। स्थानीय वासीहरूसँग कुरा गर्दा 'हामीलाई त केही थाहा छैन, एउटा घाम पाटी छ अरे हामीले त सूर्यमा छाप लगाउने हो' भन्ने अभिव्यक्ति दिएका थिए। त्यसरी गाउँकेन्द्रित भएर प्रचारमा जाँदा सिधै मतदाताहरूका भावनाको अध्ययन गर्न मलाई निक्कै सहज महसुस भएको थियो।

हिउँ पर्ने चिसो ठाउँ भएर पनि होला विनाझ्यालका होचा घरहरू, सल्लाका दाउरा बाल्ने होचा घरहरूमा साना साना प्वाल मात्र राखिएका थिए। त्यसले गर्दा घरभित्र अगेनामा बालेका आगोको धुवाँ निस्किएर बाहिर जान नपाएपछि त्यहीँ भित्रभित्रै अँधुलिई सबै कालै बनाएको हुन्थ्यो। एकै छिन भित्र बसेर बाहिर निस्किएर यसो हातले मुख पुछ्यो भने हातभरि लपक्कै कालो आउने। चिसो भुइँमा भेडा र च्याङ्ग्राका छाला ओछ्याएर बस्ने सुत्ने गरेको देख्दा त्यहाँका मानिसहरू सबभन्दा धेरै सामाजिकरूपले पछि परेको मैले देखेकी थिएँ। आर्थिकभन्दा पनि सामाजिक र सांस्कृतिकरूपमा चेतना अभिवृद्धि गर्नुपर्ने महसुस गरेर म जुम्लाबाट फर्किएपछि पार्टीमा समेत जानकारी गराएकी थिएँ।

त्यो २०५१ सालमा भएको मध्यावधि आमनिर्वाचनमा म आफूले मतदान गर्न पाइनँ। जुम्लाबाट फर्किएर बाटामै मेरो समय बित्यो, न त म मतदान गर्न काठमाडौँ नै पुग्नसकेँ न त भाइटीकाको दिन दाजुलाई टीका लगाइदिन नै पाएँ। बिचैमा नेपालगन्जमा कमरेड अशोक कर्मचार्यको घरमा बित्यो। तिहार पनि त्यति वेलै परेको थियो र त्यस वर्षको तिहार उतै बिताउनुपरेको थियो । आमा कृष्णकुमारी कर्माचार्यले मलाईसमेत महः पूजामा सामेल गराई पाथीभरि फूल र पैसाले चुल्याएर हाम्रा शिरबाट खन्याइदिनुभयो । हामीहरू बुबा गोपाल कर्माचार्य, पछि मलाईसमेत सामेल गराई अशोक, बहिनीहरू उमा, प्रतिमा र प्रभासहित हामीहरू सबैका अगाडि मण्डला बनाइदिएर खुब रमालो वातावरणमा बितेको थियो त्यो बर्षको तिहार । अहिले पनि सम्झँदा रमाइलो लागेर आउँछ।

*काठमाडौँ १०, नयाँ बानेश्वर, सहभागिता मार्ग।*



# जेएनयु यात्राका स्मरणीय प्रसङ्गहरू

❖ डा. यादवप्रकाश लामिछाने

जेठको महिना थियो बनारस हिन्दु विश्वविद्यालय जाँदा । जुन उद्देश्यले गएको थिएँ, त्यो एक प्रतिशत पनि पूरा भएन त्यसैले अबको गन्तव्य दिल्ली स्थित जवाहरलाल नेहरू विश्वविद्यालयलाई नबनाई सुखै पाइएन।

मेरो विद्यावारिधिका लागि सामग्री सङ्कलन गर्न दिल्ली जाने निधो गरेँ। सहकर्मी मित्र चित्रबहादुर बुढाथोकी त्यही विश्वविद्यालयमा एम.फिल सकेर विद्यावारिधि गर्दै थिए । सल्लाह गरेँ । २०५८ को दसैंपछि लगत्तै जाने निधो गरियो । त्यही मौका पारेर जान हुन्थ्यो भनेर मित्र बालचन्द्र मिश्रले पनि इच्छा गर्नुभयो। ठमेल गएर ट्रेनको टिकट बुक गऱ्यौं तीनैजनाले। हामीलाई पनि कसरी जाने ? कहाँ बस्नेको टन्टा भएन।

**गोरखपुरको नेपाली खाना**

भैरहवाको रात्रिबस पकड्यौं। अर्को दिन गोरखपुर । गोरखपुरमा 'नेपाली भान्सा घर'मा खाना खाने र केही समय त्यहीँ आराम गर्ने योजना बनायौं । नेपालकै थकालीले चलाएको हुनाले 'नेपाली भान्सा घर' नाम राखिएको रहेछ । मान्छे फरासिला । सहयोगी र मनकारी पनि । छोराछोरी नेपालमै पढ्दै रहेछन् तर हामीसँग त्यहीँ भेट भयो । मुख्य बजारमै रहेको होटलको भाडा नाम मात्रको रहेछ । एउटाले छाडेर अर्कोले लिएपछि मात्र बढाउन पाइँने । त्यसैले घरव्यवहारले गाँजेर नेपाल फर्कनुपर्ने बाध्यता भए पनि छाड्न नसकेको बताए हामीलाई । नयाँ दिल्लीका लागि राति एक बजेको रेल चढ्यौं। घरबाट हिँडेको तेस्रो दिन मात्र दिल्ली पुग्यौं। चित्रसरको पछि पछि लागे मात्र हुन्थ्यो हामीलाई। अरू केही चिन्ता थिएन । बेलुका पाँच बजेको थियो इन्डिया गेट पुग्दा । त्यसपछि जेएनयुको छात्रवासतिर हानियौं।

**सतलज छात्रवासको बसाइ**

चित्रसर 'सतलज' छात्रवासमा बस्नु हुँदो रहेछ। छात्रवासमा बाहिरी मान्छे बस्न नपाइँने नियम रहेको कुरा त्यहीँ पुगेर थाहा भयो। चित्रसरले भन्नुभएको थिएन हामीलाई । हामीलाई जति वेला पनि निकाल्न सक्ने रहेछ, नियमले। हामी दुबैजना उहाँकै पाहुना भएर बस्यौं। छड्के जाँच भएन, हामी बसुन्जेल।

तीन दिनको गाडी र रेलको यात्राले थकित नहुने कुरै थिएन । क्यान्टिनमा खाना खाएर आरामसाथ सुत्यौं तर कोही आइहाल्छ कि हटाउन भन्ने आशङ्काले सताउनसम्म सतायो

भरसात । हाम्रा कारणले चित्रसरलाई पनि अप्ठ्यारो पार्ला भन्ने चिन्ता छँदै थियो तर हाम्रो अरू विकल्प पनि थिएन । दोस्रो दिनदेखि चाहिँ जे पर्छ पर्छ भन्नेमा पुगियो ।

सामग्रीको खोजीमा आएकाले त्यतैतिर एकोहोरिनु आफ्नो बाध्यता थियो । बिहानको नास्ता खान केन्द्रीय पुस्तकालयतिर लागियो । चित्रसरको गाइडेन्स पर्याप्त रह्यो ।

दिल्ली जानुअगाडि त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डिन प्रा.डा.त्रिरत्न मानन्धरलाई सिफारिसपत्रका लागि अनुरोध गर्दा नेपाली साहित्यका लागि किन इन्डिया जानुपऱ्यो भनेर रोक्नखोज्नुभयो । म प्राध्यापक भए पनि अनुसन्धानको विद्यार्थी न परेँ, तपाईं पनि सामग्री सङ्कलनका लागि बेलायत गएँ भन्नुहुन्थ्यो त किन जानुभयो ? नेपालको इतिहासमा विधावारिधि गर्ने शोधार्थीले भनेपछि स्वीकार गर्ने चलनै रहेको धारणा राखेपछि स्वीकार गर्नुभयो । कर्मचारी भाइ निर्मलले तत्काल चिठी बनाएर सहयोग गरे । यदि त्रि.वि.को पत्र नभएको भए निकै गारो पर्ने रहेछ ।

**त्रि.वि.प्रति सम्मान सहयोगको भावना**

जेएनयुको पुस्तकालयको शोधपुछ काउन्टरमा पुगेर आफ्नो कुरा राख्नासाथ अस्थायी परिचय बनाएर दिए कर्मचारीले । त्रि.वि.को लोगो र सिफारिसलाई जेएनयुका पुस्तकालयका कर्मचारीले त्यति राम्रो व्यवहार गरेको देख्दा, त्रि.वि.पुस्तकालयका हाम्रा कर्मचारीको व्यवहार सम्झेँ । आकाश-पातालको फरक ! उनीहरू पूरै व्यावसायिक । मेरो परिचयपत्रमा दर्शन विभागमा जानुपर्ने सङ्केत थियो । कर्मचारीले लिफ्टमार्फत दर्शन कक्षमा पुऱ्याएर केही आवश्यक सल्लाहसमेत दिए । 'केही सारोगारो परे रिसेप्सनमा सम्पर्क राख्नू' भने । हिन्दीमा रहेछ, फिलोसोफी सेक्सन । फोटोकपी गर्ने ठाउँ पनि अवलोकन गरेँ । नेपालबाट सूची बनाएर ल्याएका सामग्री साथैमा रहेकाले भेटेजति सामग्री फोटोकपी गर्दै राखेँ ।

बालचन्द्रजीको विषय राजनीति शास्त्रअन्तर्गत सार्क राष्ट्रका सापेक्षतामा नेपाली कम्युनिस्ट आन्दोलन शीर्षक भएजस्तो लाग्छ । उहाँ आफ्नै सेक्सनतर्फ लाग्नुभयो । म आफ्नैतिर । बेलुका कोठामा मात्र भेट हुने ।

मेरो विषय 'आधुनिक नेपाली उपन्यासमा विसङ्गति बोध' शीर्षक भएकाले पाश्चात्य दर्शन विसङ्गति र त्यसको सापेक्षतामा अस्तित्ववाद पनि रहेकाले त्यसैमा मात्र केन्द्रित हुनुपर्ने थियो । विसङ्गतिवादी दर्शन र त्यससँग सम्बन्धित भएर तयार पारिएका सन्दर्भसामग्री तथा पुस्तकहरू भेटेसम्म फोटोकपी गर्ने अवसर पाएँ । प्राज्ञिक अध्ययन गर्ने व्यक्तिका लागि यो पुस्तकालयले चाहे जति सहयोग पुऱ्याउने रहेछ । सन् १९७५ तिर स्थापना भएको विश्वविद्यालयको पुस्तकालयमा नभेटिने सामग्री विरलै होलान् । व्यवस्थापनका दृष्टिले पनि त्यतिकै राम्रो । कर्मचारीहरूको सहयोगीपन विर्सिनसक्नुको थियो । एकपटक मैले खोजेको क्याटलगमा उल्लिखित सामग्री प्राप्त गर्नसकिन, कृपया सहयोग

पाऊँ (Please help me) मात्र के भनेको थिएँ, हाकिमले तुरुन्तै कर्मचारी खटाए । मेरो विषयसूची मागे । अनि गाडी बिग्रँदा खलासीले गाडीमुनि उत्तानो परेर बिग्रेको गाडी बनाउन तल्लीन भएजस्तै भुइँमै सुतेर मेरो सामग्री खोजेर भेट्टाइदिए । पेसागत र व्यावसायिक इमानदारी पूरा गर्न चुकेनन् । बाहिरबाट जाने हामीजस्ता व्यक्तिका लागि ठुलै कुरा मान्नुपर्छ । मैले फेरि हाम्रा पुस्तकालय सम्झेँ ।

**सामग्री सङ्कलन र व्यवस्थापनमा वैज्ञानिकता**

सामग्रीको सङ्कलन र व्यवस्थापन नै त्यहाँको मुख्य पक्ष रहेछ । विश्वका धेरै देशका विद्यार्थीहरू पढ्न आउने रहेछन् त्यहाँ । 'मिथ अफ सिसिफस'को ओरिजिनल भर्सनको खोजी गरेको हुँ कहाँ पाइएला' भनेको थिएँ, को उत्तरमा 'ठहरिये, यहाँ फ्रेञ्च लड्के आए हुए हैं, उसको मिला देंगे' भन्ने जबाफ पाएँ । मैले पुनः प्रश्न गरेँ, 'म नेपाली, उनीहरू फ्रेन्च, भाषाको समस्या पर्ला नि' भन्दा मध्यस्त कर्ता भएर सहयोग गरौँला भन्ने जबाफ दिए तर त्यतातिरको बाटो खोजिन मैले । जति सामग्री प्राप्त भयो, त्यतिको तुरुन्तै फोटोकपी गर्दै राख्दै गएँ । आफूले समय निकाल्न सक्नुपर्‍यो सम्बन्धित सामग्री नपाइने भन्ने नै हुँदैन रहेछ ।

**स्वास्थ्य र सफा खानपिनको व्यवस्था**

बिहानको नास्ताले छाडेपछि जति वेला पनि पुस्तकालय परिसरमा भएको क्यान्टिनमा चाहेको/रुचिको ताजा खाना पाइने रहेछ, अत्यन्त स्वस्थ र सस्तो दरमा । त्यहाँ कुपन काट्नेको र खानेको त्यतिकै भिडभाड । ठाउँ नै नपाइँने ! बेलुका ११ बजेसम्म खुला रहने हुनाले पुस्तकालयको प्रयोग गर्न चाहने विद्यार्थीका लागि स्वर्ग । पुस्तकालय र छात्रवासको दूरी टाढा नभए पनि जङ्गल पार गर्नुपर्ने, मृग, हरिण, खरायो बाटो बाटोमा पाइने हुँदा सतर्कता अपनाउनुपर्ने रहेछ । बाटो पिच गरिएको र ठाउँ ठाउँमा बत्तीको व्यवस्था भएकाले राति भए पनि आउन जान त्यति आत्तिनु पर्ने रहेनछ ।

सतलज पुगेपछि मैले चिनेका साथीहरूसँग पनि भोलिपल्टै भेटभयो । छात्रवास फरक फरक भए पनि मदन कोइराला, लेखनाथ भट्टराई, कोमल, शोभाकान्त लामिछाने आदि मित्रहरूसँगको भेटले विरानोपन बिर्साइदियो । मदन कोइराला सरको पूर्वाञ्चल हो कि हैदरावाद भन्ने नाम रहेछ होस्टलको । त्यस्तै अरू साथीहरूको पनि बसाइ फरक फरक ।

**हरिको सहयोगी मन**

हामी पुगेको समयमा हरि रोका हुनुहुन्थेन । छात्रवास एउटै । कोठा फरक । चित्रसर एक्लै तर हरि रोकाको रुमपार्टनर युयोस्लाभियाको एक्काइस बर्से युवा, असंलग्न परराष्ट्र नीतिमा विद्यावारिधि गर्दै गरेको । साथी एक्काइस, म बयालिस भनेर आफूलाई बुढो विद्यार्थी भन्दै ठट्टा गर्नुहुन्थ्यो हरि रोका । त्यहाँ हरिको उच्चारण ह्यारी भनेको सुनियो । हरिलाई एउटा फिलिपिनी साथीले टाढैबाट ह्यारी भनेको सुनियो । 'ओ मिस्टर ह्यारी ! कहिले आयौ इङ्गलैन्डबाट ?' हरिको फरासिलो, हार्दिक, आत्मीय र सहयोगी

भावनाले गर्दा सबैका बिचमा लोकप्रिय बनेको पाइयो । छात्रवासदेखिको पश्चिमको काठका मुड्का राखेको खुला चउरमा राति २/३ बजेसम्म कफी र चुरोट खाँदै गफिनेको बाक्लै उपस्थिति देखिन्थ्यो विद्यार्थीहरूको । अग्लो हट्टाकट्टा व्यक्ति हरिलाई कसैले पनि नेपाली हो भनेनन् रे । बेलायत जाँदा इरानी भनेर दुई घण्टासम्म रोकेको घटना सुनाउनुहुन्थ्यो, रोचकढङ्गले । त्यस्तै रोचक घटना छ भन्नुभयो, 'छात्रावासकै क्यान्टिनको मालिककले निम्न वैतनिक कामदारलाई पारिश्रमिक नै नदिई निकालेछ रे । दुई दिनसम्म त्यो कामदारलाई नदेखेपछि उसको साथीलाई सोधेपछि मालिकले निकालेको पुष्टि भएछ । ब्रेकफास्टको टाइममा, कामदारका बारेमा जानकारी लिनखोज्दा 'आपको क्या जरुरत है, ओ तो नेपाली लोग है' भन्नासाथ एक लात्ती हानेर श्रमको शोषण गर्ने तँ को होस् ? यहाँबाट निक्लिहाल भनेपछि आप भी नेपाली हैं ? नेपाली लोग यहाँपर आसक्ता है पढ्ने के लिए ? भनेर झन् हेपेर कुरा गरेपछि अरू भकुरेपछि कामदारलाई काममा बोलाएछ र अगाडिको तलब पनि दिएछ अनि काममा लगाएछ रे ।' हरिले त्यहाँ आफ्नो मात्र होइन दीनदुःखीको उद्धार गरेर परिचय स्थापित गरेका रहेछन् । भारतीयहरूका सोचाइमा डलरबाट पेमेन्ट गरेर नेपालीहरू कहाँ पढ्न आउँछन् भन्ने निम्न स्तरीय सोचाइ नै परिवर्तन गरिदिएछन् ।

**सामग्री खोज्न दिल्ली विश्वविद्यालयतर्फ**

सूचीकृत गरिएकामध्ये केही पुस्तक नपाएपछि दिल्ली विश्वविद्यालयतर्फ लागेँ । सोध्दै र लोकेसन लिँदै विश्वविद्यालय पुगेँ । चाहेका सामग्री सबै प्राप्त हुन सकेनन् । त्यसैसँग सम्बन्धित 'साउथ कलेज' भन्ने रहेछ, केही दूरीमा । त्यहाँ भने आफ्ना सामग्री प्राप्त भए । पुराना किताबका बाइनिडङ गरेको धागो चुँडिएर गाता र पाना अलग अलग भएका किताबबाट भए पनि फोटोकपी गरेर केही सामग्री जुटाउने काम भयो ।

**दरियागन्जको सेकेन्डहेन्ड पुस्तक मेला**

अर्को दिन दरियागन्जतर्फ लागेँ । पाठ्यसामग्री पसलका लागि त्यहींकै एउटा पुस्तक पसलले किताब पठाउने गरेको कुरा कमल सुवेदी भाइले भनेका थिए । त्यहाँ सम्पर्क गरेँ । एक दुईवटा किताब मात्र फेला परे । मान्छेको भिडभाड कसैले कसैको कुरा सुन्दै नसुन्ने । आआफ्नै संसार । सबैको आआफ्नै व्यस्तता । आफ्नो पनि त्यतिकै दौडधूप ।

दरियागन्जको एउटा छुट्टै विशेषता रहेछ, पुस्तकका सन्दर्भमा । सडकको दुबैपट्टि सेकेन्ड ह्यान्ड पुस्तक बिक्रीको करिब एक किलोमिटरको लाइन रहेछ । 'के खोज्छस् काना आँखो' भनेजस्तै भयो मलाई । मैले खोजेका विषय शीर्षकसँग दुरुस्तै' नमिले पनि कुनै कुनै अंश मिलेजति खरिद गरेँ । कुनै कुनै त नयाँ नै पनि भेटिए र कुनै चाहिँ जोडजाड गर्नुपर्ने । त्यतिकै सामग्री पनि अन्त नपाइएलान् भनेर तोकेको मूल्यमा नै खरिदेँ ।

विज्ञान र प्रविधि, कम्प्युटर साइन्स, मेनेजमेन्टजस्ता विषयका पुस्तक चाहिँ अघिल्लो वर्ष र प्रथम संस्करणका । आफूलाई

काम नलाग्ने भए पनि ओल्टाइपल्टाइ गरेर छाडियो ।

## मुला र केराको व्यापार

किताब किन्ने मात्र होइन, त्यहाँको जीविकोपार्जनसँग सम्बन्धित व्यवसायको स्थिति बुझ्ने अवसर पनि मिल्यो । सडकपेटीमा नै रहरलाग्दा मुला थुपारेका रहेछन् । ठेलामा मुलाका बोक्रा तास्छन् । त्यसलाई चारचिरा पारेर नुनसहितको मसला हालेर बेच्नेलाई फुर्सद नै छैन । खानेको पनि लाइन, दिनेको पनि त्यस्तै । मुला मात्र होइन पाकेका विकासे केरालाई धोई पखाली गरी टुप्पो र भेट्नु काटेर, चार चिरामा मसला हालेर बेच्ने र खानेको ओइरो लागेको देखियो । मैले नेपालमा उत्पादित मुला र केराले भाउ नपाएको सम्झिएँ ।

## शोध निर्देशकको रुचि र मेरो बाध्यता

मेरा शोधनिर्देशक हुनुहुन्थ्यो प्रा.डा.दयाराम श्रेष्ठ । सामग्री खोज्न इन्डिया जान्छु भन्दा नै पहिलो रोजाइ अङ्ग्रेजी है भन्नुभएको थियो तर छिटो बुझिने हिन्दी नै भएकाले तत् तत् सामग्रीतिरै मन जाने । ती सामग्रीको वैद्यता र विश्वसनीयतामा प्रश्न चिह्न खडा हुने हुँदा सिद्धान्त निर्माणका लागि अङ्ग्रेजीकै सामग्री अनिवार्य ठहरिए । एकसरो रूपमा बजार र पुस्तकालयबाट नै पाएसम्मका सामग्री फोटोकपी गरियो । तुलना गर्न मिल्ला भनेर अङ्ग्रेजी र हिन्दी दुबै सामग्री जम्मा गरियो । वास्तवमा गुरुले भनेजस्तो अनुवादमा कमजोरी फेला परे । हिन्दीमा अनुवाद गरिएको योगेन्द्र सिंहको 'किर्केगार्ड से कामुतक' कितावको हिन्दी अनुवाद हेर्दा निकै कुरा खड्कियो । अङ्ग्रेजीबाट हिन्दीमा अनुवाद भएका सामग्रीमा दयाराम सरको भनाइ उपयुक्त ठहरियो ।

## मेनेजर पाण्डेसँगको भेटघाट

दिल्ली जाने समयमा गुरु दयाराम श्रेष्ठले 'मेनेजर पाण्डेलाई भेटेर आउनू' भन्नुभएको थियो । जेएनयुका प्राध्यापक पाण्डे ' आख्यानमा समाजशास्त्र' सिद्धान्तका ज्ञाता मानिनुहुन्छ । वरिष्ठ समालोचक पाण्डेसँग भेट गर्न उहाँको कार्यकक्षमा गएँ । अलमल भइरहेको देखेर एकजना विद्यार्थी नेताले 'नेपालबाट तपाईंलाई भेट्न आउनुभएको छ' भनेपछि कक्षाकोठामा नै बोलाउनुभयो । उहाँ कुर्सीमा बसेर अगाडि माइक राखेर पढाइरहनुभएको थियो । 'मेरो कार्यकक्षमा बस्दै गर्नू, म आउँछु' भनेको १० मिनेटमा आउनुभयो । भद्र, शालीन प्राज्ञिक व्यक्तित्वका अगाडि आफू आउनुको उद्देश्य प्रस्ट पारैँ । खुसी हुनुभयो । 'विसङ्गत तथा असङ्गत' साहित्य समीक्षासम्बन्धी अङ्ग्रेजी तथा हिन्दीका सामग्रीका बारेमा जानकारी दिनुभयो । मलाई मेल आइडी दिँदै तपाईंले तयार गरेका सैद्धान्तिक पक्ष र विश्लेषणका उपकरण पठाइदिनू भन्नुभयो । विषयको गहिरो ज्ञान, नम्र र शिष्ट व्यवहारबाट प्रभावित नहुने कुरै भएन उहाँबाट । पन्ध्र, बिस मिनेट छ है तपाईंको समय भनेको मान्छेले रुचिपूर्णढङ्गले कुरा गर्नुभयो । मैले उहाँको 'उपन्यासमा समाजशास्त्र' शीर्षकको समालोचनाले लोकप्रियता प्राप्त गरेको र त्यसैलाई विश्लेषणका आधार बनाएर साथीहरूले विद्यावारिधि सम्पन्न गरेको कुरा

उठाउँदा 'कृत् कृत् छु' भन्नुभयो। हामी फेरि भेट्ने बाचासाथ छुट्यौं।

आज पाण्डे सरसँग भेट्नु छ, म त्यता लाग्छु भनेर चित्र र मदन सरलाई भनेको थिएँ। त्यहाँ प्रोफेसरले समय दिने भनेको पन्ध्रदेखि बढीमा विस मिनेट रे। मदन सर खोज्दै आउनुभयो, उहाँको आशय थियो, म कतै अल्मलमा परेँ। एक घण्टाभन्दा बढी समय दिएकामा प्राज्ञिक सम्मान हो भन्नुहुन्थ्यो, त्यो त मलाई थाहा हुने कुरा भएन।

किताबमा पढेका हिन्दीका विद्वान् लेखक नामबर सिंहलाई विद्यार्थीहरूले खुट्टै छोएर दण्डवतका शैलीमा आदर गरेको आफैँले देखेँ। अग्ला, मोटा, उमेर ढल्किएका भए पनि भरमराउँदा उनीप्रतिको सद्भाव अपार रहेछ। त्यो देख्दा गुरुबाट शिक्षा लिएर पछि 'ऊ के जान्दछ र' भन्ने हाम्राको मपाइँत्व देखेर दुःख लाग्दछ। त्यहीँका हिन्दी विभागका प्राध्यापक र समालोचक हेमनारायण अग्रवालसँग पनि कुरा गर्ने अवसर मिल्यो।

**नाट्य सङ्गीत प्रतिष्ठानको पुस्तकालयको प्रयोग**

सामग्रीको व्यवस्था गर्ने उद्देयले कणाद प्यालेसस्थित नाट्य-सङ्गीत प्रतिष्ठानतर्फको यात्रा तय गरियो। बालचन्द्र सरले राजनीतिशास्त्र, त्यसमा पनि कम्युनिस्ट आन्दोलनसँग सम्बन्धित सामग्री र मैले विसङ्गत नाटक र आख्यानसँग जोडेर लेखिएका लेखरचनाहरूको खोजी गर्ने, टिपोट गर्ने र सम्भव भएसम्म फोटोकपी गर्ने काम गऱ्यौं। सन्दर्भसूचीमा उल्लेख भएका सूचनाका आधारमा तत् तत् पुस्तक र पत्रिकाहरू जुटाउनतिर लागियो। भव्य पुस्तकालय र त्यसको ज्ञान भण्डारबाट पर्याप्त उपलब्धि हासिल गर्न सफलता मिल्यो। हिन्दी, उर्दू, अङ्ग्रेजी आदि पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित पाठ्यसामग्रीको बन्दोवस्त राम्रैसँग भयो। पठनसंस्कृतिको राम्रो विकास भएको उदाहरण त्यहाँको उपस्थितिबाट प्रस्ट हुन्थ्यो।

**जेएनयु पुस्तकालयभित्रको फोटोकपी व्यापार**

हजारौँ विद्यार्थीहरूको केन्दविन्दु रहेको पुस्तकालय, त्यहाँका मूल ग्रन्थ, जर्नल, साहित्यिक पत्रिका आदिको अध्ययन छोटो समयमा सम्भव हुने कुरै भएन। सन्दर्भसामग्रीको बुँदागत टिपोटले मात्र नपुग्ने हुनाले फोटोकपी गरेरै सङ्कलन गरियो। व्यावसायकि दक्षता देखाउन सिपालु फोटोकपीवालाले जति सामग्री लगे पनि तुरुन्तै काम गरिदिने गर्थे। एक दिन अलि हतार भएछ, छिटो छिटो उपलब्ध गराउन अनुरोध गरेँ। स्वीकार गऱ्यो। सहयोग गरेकोमा धन्यवाद दिएँ। अर्कोपटक भेटौंला भनेँ। किन र ? भन्यो। नेपाल फर्किने कुरा गरेँ। उसले त मलाई एक हप्ता अगाडिदेखि नै बिहारी वा उत्तर प्रदेशबाट आएको भन्ने ठानेछ। के नेपालबाट आएको थाहा पाएको भए यसरी सहयोग नपाउने थिएँ र मैले ? भन्दा 'होइन हामी त व्यवसाय चलाउने हो' भन्यो। मेरो शारीरिक बनोट, रङ आदिबाट त्यस्तो ठानेको रहेछ। पछि अलि अलि खुल्दै गयो।

**नेपाली मित्रहरूसँग भेटघाट**

दिनहुँजस्तो पुस्तकालय आउने जाने कामले निरन्तरता पाएकै थियो । त्यसै क्रममा प्रशासनिक भवनको मूल ढोकामा सुरेश आले मगरसँग भेट भयो। अचानक भेट हुँदा आश्चर्य लाग्नु स्वाभाविक थियो । आफू जेएनयु आउनुको उद्देश्य बताएँ । उहाँहरू तीनजना हुनुहुन्थ्यो । मैले परिचय मागेँ । आले सरसँगको मित्रता नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनका माध्यमबाट गाढा भएको थियो । सुरुमा उहाँहरू पनि त्यही सङ्गठनमा आबद्ध हुनुहुन्थ्यो।

आले सरले भन्नुभयो, 'उहाँ बामदेव क्षेत्री, यहीँ कार्यरत, उहाँ कृष्णसेन इच्छुक प्रगतिवादी साहित्यकार ।' मैले आशय बुझेँ तर बुझेजस्तो गरिन किनभने माओवादी जनयुद्ध र भूमिगत दिनचर्या तथा सुरक्षाको प्रश्न त्यतिकै पेचिला विषय थिए। त्यतातिर जाँदै गइएन । कति समय बस्ने, कहिले फर्कनेमा टुङ्गिए हाम्रा कुरा । सायद सुरक्षित सेन्टर भारत नै थियो उहाँहरूका लागि । म आफ्नो काममा लागेँ।

**नेपाली दूतावासमा भेटघाट**

वि.सं.२०५८ सालको दसैँपछि तिहारअघिको कुरा हो । भारतका लागि नेपाली राजदूत को थिए ? बुझ्ने कोसिस भएन, कामको चापाचापले। नेपालबाट प्रमेश हमाल, भाइ प्रमोद हमालको मृगौलाको उपचार, सम्भव भए प्रत्यारोपणका लागि दिल्ली आउनुभएको रहेछ। कर्मचारी मित्र कालीप्रसाद पोखरेलको आतिथ्यमा बस्नुभएको रहेछ, दूतावासभित्र। मिश्र सरसँग कालीप्रसादको राम्रो चिनाजान भएकाले हामीलाई लिन गाडी पठाउनुभयो। हामी दूतावास गयौँ र बेलुकाको खाना खाएर समसामयिक विषय केन्द्रित कुरा गरेर 'चुच्चे ढुङ्गो उही टुङ्गो' भनेझैँ सतलज नै फर्कियौँ । नेपाल फर्कने वेलामा पनि दूतावासकै सौजन्यबाट बसस्टपसम्म सहयोग पायौँ । प्रमेश हमालसँगको भेटघाट तथा कालीप्रसाद पोखरेलपरिवारको हार्दिकतापूर्ण आतिथ्य सत्कार अविश्मरणीय रह्यो। ठाउँ ठाउँमा रहनुहुने आत्मीय मित्रजनको मित्रवत् व्यवहार परदेशिएका हामीहरूका लागि राम्रो संयोग नै मान्नुपर्दछ।

**गान्धी स्मारक र सरोजिनी मार्केटको अवलोकन**

दिल्ली पुगेपछि 'कुतुव मिनार' नहेरी फर्कनेले के दिल्ली आउनु ? भन्दै हुनुहुन्थ्यो साथीहरू । बिहेको कामको चटारोले 'केटी माग्नै बिर्सियो' भनेजस्तै भयो हामीहरूलाई। कुतुव मिनार हेर्न नभ्याए पनि गान्धी स्मारक र सरोजिनी मार्केट हेर्न निस्कियौँ। स्मारकको ऐतिहासिक, राजनीतिक सन्दर्भले हामीलाई तान्यो । मार्केट त मार्केट मात्र न रह्यो ? तथापि भारतीय बजारका विशेषता, आर्थिक क्षेत्रमा पनि प्रभावका बारेमा कमै मात्रामा भए पनि बुझ्ने अवसर पायौँ । त्यही मौकामा अभानेस्ववियुका अध्यक्ष खेमचन्द्र ढकालसँग अनायास नै परिचय हुनपुग्यो । प्रवासमा बसेर विद्यार्थीहरूलाई संयोजन गरी साङ्गठनिक र राजनीतिक काममा जुट्नुभएको रहेछ । सङ्गठन विस्तार, कामको

गति, वैचारिक प्रतिबद्धता आदिजस्ता विभिन्न पक्षमा कुराकानीपश्चात् हामी छुट्टयौँ ।

**राजनीतिक गतिविधि, विद्यार्थी चुनाव तथा पठनपाठनमा गम्भीर चासो**

जेएनयुको एउटा खास विशेषता भनेको विद्यार्थी सङ्गठनको निर्वाचन रहेछ। निश्चित समयमा हुने चुनावले खास महत्त्व राख्छ नै त्यसमा पनि पठनपाठनमा कुनै किसिमको अवरोध सिर्जना नगरी बेलुकाको समय पारेर प्रचार-प्रसार गरिँदो रहेछ । चुनाव हुनुभन्दा एक दुई महिनाअगाडिदेखि नै तडकभडक देखिने गर्दा र पठनपाठनमा नै अवरोध सिर्जना हुनेगरी चुनावी कार्यक्रम गर्ने नेपालका विश्वविद्यालयका विद्यार्थीहरूले जेएनयुबाट सिक्नुपर्ने कुरा धेरै रहेछन् । चुनावका प्रतिस्पर्धीलाई एउटै मञ्चमा उभ्याई आआफ्ना योजना प्रस्तुत गर्न लगाउने त्यसैका आधारमा विद्यार्थीको मन जित्ने काम गरिँदो रहेछ।

चित्र सरले चुनावप्रचारको शैली हेरौँ न त यहाँको भनेअनुसार राति हुँदो भए पनि गयौँ हामी । शिष्ट, शालीन र शौम्य ढङ्गले तर्क प्रस्तुत गर्ने गरिँदो रहेछ। गालीगलौज, आरोप, आक्षेप केही नलगाई स्वस्थ्य प्रतिस्पर्धाको विधि अवलम्बन गरिँदो रहेछ । चुनाव सञ्चालनलगायतका काम क्रियाकलाप कसरी व्यवस्थापन गर्नेदेखि वैचारिक, साङ्गठानिक र राजनीतिक श्रेष्ठता कायम गराउन सम्बन्धित पार्टीका आधिकारिक व्यक्तित्व तथा नेताहरू प्राध्यापकसँग सल्लाह गर्न आउने, सल्लाह माग्ने र सोहीअनुसार निर्वाचनसम्बन्धी कार्यको सूची बनाएर संयोजन गरिँदो रहेछ। राजनीतिक शास्त्रका प्राध्यापक प्रेम चेन्वईसँगको भेटघाटबाट चुनावलगायतका विषयमा अरू धेरै कुरा जान्ने अवसर प्राप्त भयो । यस्तो चुनावी प्रक्रिया नेपालका सन्दर्भमा भने वैपरीत्य रहेको यथार्थ जगजाहेर छ।

विश्वविद्यालयमा शिष्टता र मर्यादा उलङ्घन गरी उच्छृङ्खल गतिविधि गरेमा कसुरको मात्रा हेरी नसियत वा रेस्टिकेट गर्ने अधिकारको प्रयोगले पढ्न चाहने र उज्ज्वल भविष्यको निर्माण गर्ने विद्यार्थीहरू त्यस्ता गतिविधिमा संलग्न नै नहुने अवस्था हुँदोरहेछ । यदि गम्भीर असर गर्ने, भौतिक आक्रमण गर्ने तहमा पुग्यो भने वर्ष तोकेर नै सजायको निर्णय गरिँदो रहेछ। पूरै भारतभरिका केन्द्रीय विश्वविद्यालय, प्रादेशिक/स्टेट विश्वविद्यालयमा पढ्न नपाउने कडा कारवाहीले अनुशासनहीनता र अराजकतामा न्यूनता आउँदो रहेछ।

विश्वविद्यालय ज्ञानको निर्माण, नवनिर्माण स्थल हो। पवित्र संस्थामा सबैको भावना पवित्र हुनु वान्छनीय हुन्छ। सामूहिक भावना र चेतले समाज रूपान्तरण, संस्कृतिको संरक्षण तथा मानवकल्याणका लागि शङ्खघोष गर्दछ । विश्वशान्ति, विश्वमानवता, विश्वभातृत्व र भाइचाराको पारस्परिक सम्बन्धले सहृदयता, सद्भाव र सद्विवेक उत्पन्न गर्दछ। आजका विश्वविद्यालय यिनै गन्तव्यतर्फ उन्मुख हुनु अपरिहार्य छ।

# कति हेर्नु जात्रा !



❖ गायत्री लम्साल

हजुरहरूले सम्झनु हुन्छ कि हुन्न कुन्नि ? मैले त आमाको पेटमा नौ महिनासम्म बसेर धर्तीमा खसेको पहिलो दिन, पहिलोपटक आँखा खोल्दा नै जात्रा देखेको थिएँ । कस्तो जात्रा भन्नुहुन्छ भने, मेरी आमालाई घरकाले छोरो पा.., छोरो पा.. भन्दाभन्दै नौवटी छोरी पाउनु भएछ अनि बाबा वैज्ञानिकले हेराउने, चराउने, खेलाउने सबैथोक गर्दागर्दै पुनः दोस्रो विवाह गरेपछि बल्ल छोरोको आविष्कार हुने कुराको नयाँ तात्तातो महाज्ञान हासिल गर्नुभएछ ! आफू बल्ल ५५ वर्षको कलिलो उमेरमा प्रवेश गर्ननपाउँदै उमेरले झण्डै नेटो काट्न लागेकी पूरापूर १४ वर्षकी वयोवृद्ध महिलालाई मेरी सानीआमा बनाइदिनु भएछ !

विचरा ! बाबाको वैज्ञानिक आविष्कारको कुरा सानी आमाले के को पत्तो पाउनु ? बिहे गरेको पाँच वर्षमा नै चारवटी छोरीकी आमा बन्नु भएछ । नयाँ ज्ञानको फरमुलाले हावा खाएपछि मेरा पिताश्री पुनः मेरी माताश्रीमा प्रवेश गर्न त मान्नुभएको थिएन रे । अनि मेरी आमाले बाबालाई जबरजस्ती गरेपछि मात्र मलाई पाएको हो रे !

आमाको जबरजस्तीले जन्मिएको म छोरो भन्ने जन्तुले जन्मिदासाथ रुन छोडेर यसो आँखा खोलेको त के को धर्ती देख्नु ? चारैतिर मान्छे नै मान्छेको जात्रा ! यसो परिचयको क्रम अगाडि बढ्यो । मेरी आमा र सानी आमा दुईवटी आमातिरका तेरवटी दिदीहरू, तेरवटी दिदीमध्ये दशवटी दिदीहरूले जन्माउनुभएका करिब एक सयवटा सन्तानमध्ये पन्चानब्बेवटी मेरा भान्जी अनि पाँचवटा भान्जा ! सबैले मेरो मुख हेर्न तम्तयार भएर बस्नुभएका ! बाबा कता हुनुहुन्छ भनेर यसो आँखा घुमाउँदै थिएँ । उहाँ त फेरि पनि छोरी नै हो कि भनेर त्यत्रा मान्छेको अगाडि मेरै लिङ्ग हेरिरहनु भएको ! कुरो बुझ्नु भो नि ? यसलाई जात्रा नभनेर के भन्नु ?

जन्मदै जात्रा हेर्न पाएको छोरोलाई छैटौं दिनमा भाग्य लेख्न आउने भावीले पनि तैंले जिन्दगीभर जात्रैजात्रा हेर्न पाएस् भनेर लेखेछ कि खै क्या हो कुन्नि ? उमेरले आफ्नै नाममा अरूले जात्रा देखाउने वेला हुनलागिसक्यो, दिनहुँ जात्रा हेर्ने क्रम टुटेको छैन, छुटेको छैन ! भाग्य भनौं कि अहोभाग्य ! सरकारले धन्न गाईजात्राको दिन मात्र सार्वजनिक बिदा दिने

चलन चलाएछ । नत्र भने त गाईजात्राभन्दा ठुला जात्रा त कति हेरियो कति । सबैमा बिदा दिने चलन चलाएको भए त सधैँ सार्वजनिक बिदा ! कामकाजमा कुरा जेजेसुकै भए पनि यस्तो चलन चलाएको भए त कर्मचारी र विद्यार्थी त निकै खुसी हुन्थे होला है ।

हैन हजुर ! जात्राको वर्णन गर्न कताबाट सुरु गरौँ ? राष्ट्रिय जनावर भएर होला गाईको जात्रा त बरु सामान्य, सबैले पचाउने खालको हुन्छ । यहाँ त महामहिमहरूको जात्रा, श्रीपुरुषहरूको जात्रा, श्रीमतीपुरुषहरूको जात्रा, माननीयहरूको जात्रा, जाननीयहरूको जात्रा, हाननीयहरूको जात्रा, इज्जत-मान-सम्मान-प्रतिष्ठाको जात्रा त झन् पचाउनै निकै गारो पर्ने बाइ ! पखाला नै लाग्ने खालको, निकै गुणस्तरीय वा कमालका जात्रा, देखाउनेलाई भन्दा हेर्नेलाई ....लाग्ने बाइ !

जात्रा हेर्नलाई निकै सौखिन मान्छे म । कहिले बालुवाटार जान्छु, कहिले बाघदरबार जान्छु, कहिले हात्ती दरबार, गैँडा दरबार, यत्ति मात्र कहाँ हो र हजुर ? नीति दरवार, संविधान, नियम, वाद, तराजु, सिद्धान्त, इज्जत, मान र प्रतिष्ठाका सबै दरबार हरूमा छिर्छु । जता छिरे पनि जात्रैजात्रा ! समयक्रममा विकास भएका निकै आधुनिक जात्रा ! कहिल्यै देख्न नपाएका निकै नयाँ नयाँ जात्राहरू ! एक हप्ताको आठौँ दिन कतै जात्रा देखिन भने आफ्नै माइतीघर मण्डलामा जान्छु जात्रा हेर्नलाई ।

जता गए पनि, जहाँ गए पनि, जहिले गए पनि, जसरी गए पनि उच्च कोटिका जात्रा भेटिन्छन् । पहिला पहिलाका जात्राहरूले त अलि अलि मनलाई मात्र छुन्थ्यो । आजभोलिका सभ्य, सूचना प्रविधिमा आधारित जात्राले त मन मात्र होइन, हजुर आँखा, मुटु, कलेजो, फोक्सो, मस्तिष्क सबैलाई सजिलै छुन्छ । नपत्याए यसो अस्पतालभित्र छिर्नोस् त आँखाका बिरामी, मुटुका बिरामी, मस्तिष्कका बिरामी, फोक्सोका बिरामी, कलेजोका बिरामी अनि नभनीकन गोप्य राख्ने अङ्गहरूका पनि बिरामी त कति छन् कति । जात्राको विकास दिनमा दश गुणा र रातमा बिस गुणा बढ्दो छ !

हामी नेपालीहरू अरू जेजेसुकै भए पनि जात्रा हेर्ने काम/कुरामा निकै भाग्यमानी छौँ । फाइदा र काइदा आउने कुरा छ भने दिनमै मर्छौं, दिनमा नै जन्मन्छौँ । धन्न जात्रा देखाउने काममा केटाकेटी सहभागी हुँदैनन् । नत्र भने त एउटै मान्छेका दिनदिनै बर्थ डे । केक पसलले पनि कालोबजारी बजाइसक्ने थियो ।

हजुरहरूलाई पक्कै पनि थाहा छ है -साना मान्छेको जात्राभन्दा ठुला मान्छेको जात्रा हेर्न निकै मज्जा आउँछ क्या । आफूहरूले योयो कामकुरा गर्नहुन्न भनेर नियम बनाउँछन् अनि तिनै गर्ननहुने कामकुराहरू आफैँले मज्जासँग गर्छन् ! ठुला मान्छेहरू त निकै मज्जाका हुन्छन् बाइ । जन्मेदेखि नमरुन्जेलसम्म आफैँले बिउ

रोपेर आमाले जन्माएका छोराछोरीलाई त मेरा हुन्, यिनीहरूको बाबा म हुँ भन्ननसके पनि विदेशीलाई त एकै दिनमा कतिवटालाई नेपाली नागरिकता दिनसक्छन् ! यस्तो शक्ति भनेको चानेचुने शक्ति हो र ? जात्रा नै हेर्ने हो भने यस्तो जात्रा नहेरेर कस्तो हेर्नु त ? हाम्रा जात्रामा त इमान्दार मान्छे बेइमान हुन्छन्, बेइमान मान्छेले मान, सम्मान र प्रतिष्ठाको पगरी लाउँछन् ! यस्ता कमालका जात्रा त कति हेर्नु कति !

समयको आधुनिकतासँगै जात्रामा पनि आधुनिकता मिसिएको छ । पहिला पहिलाका लोककथामा हुने कुराहरू आजभोलिको जात्रामा यथार्थ हुनथालेको छ । दुई-चारजना सुरक्षाकर्मीको आँखा छलेर जात्राकर्मीहरू जात्रास्थलमा सजिलै प्रवेश गर्छन् । एअरपोर्टबाट जादुको छडी हराएजस्तै गरी पहेँलो धातुका पोका हराउँछन् ! कोहीकसैले नछोइकन सी.सी.टिभी.फुटेजको स्क्रिन सट हराउँछ ! यत्ति मात्र कहाँ हो र हजुर ? आजभोलिका सबै ठुलामान्छेहरूका आपसेआफ विचार हराउँछन्, विवेक हराउँछ, बुद्धि हराउँछ, इमानजमान हराउँछ, नीति, नियम, सिद्धान्त हराउँछ र पनि देशमा द्रुतगतिमा चलिरहेकै छ जात्रा ! हामी जात्रा हेर्नलाई निकै रमाउने दर्शकहरू आज एउटा जात्रा हेर्छौं र अघाउँछौं। अर्को दिन भोक लाग्छ, मनमा थाहा छ खाना खानलाई परिश्रम गर्नुपर्छ, काम गर्नुपर्छ। अँ हँ हामीलाई काम गर्न मन लाग्दैन किनकि काम गर्नभन्दा जात्रा हेर्न सजिलो छ, जात्राको नायक बन्न सजिलो छ, जात्राको दर्शक बन्न सजिलो छ, जात्राको आयोजना र समापन गर्न सजिलो छ । हामी जात्राप्रेमी गाईजात्रा मात्र किन हेर्ने ? अब त हरेक दिन घरघरमै सबै कामकुराको जात्रा उमार्न कसो होला ?

आउनुहोस् अब एकपटक सबैले अन्तिम जात्राको तयारीमा जुटौं । जसले जे छ, जे गर्नसकिन्छ त्यही गरौं । यसो गरेमा बाँझो जमिनमा खेती उम्रिएको जात्रा हेर्नपाइन्छ । आफैँले परिश्रमले फलाएको खाना खाएर मस्तसँग गाई मात्र नभई भैंसी, भेडाबाख्रा, पशुपन्क्षीलगायतका आधुनिक पशुपालकको जात्रा हेरिन्छ । सबैले यसो गर्नथाल्यौं भने मुलुकमा उद्योग, करकारखानाका जात्रा; रोजगारी सिर्जनाको जात्रा, पर्यटन विकासको जात्रा, हाम्रा पुराना राम्रा सभ्यता अनि संस्कृतिका जात्रा हेर्ने बानी पर्दा धेरै आनन्द आउँछ होला है । अझ एक छिन सोचाइमा हराउँन थालौं त हजुर काम नगरी बस्ननसक्ने बानीको जात्रा, अरूको कुरा नकाट्ने बानीको जात्रा, जे छ त्यसैमा रमाउने बानीको जात्रा, राम्रो काम गरेर मात्र पैसा कमाउने बानीको जात्रामा पल्किन थालेपछि त के के हुन्छ होला भन्ने कुरा एकपटक सबैले पहिला काम गरौं अनि जात्रा हेरौं है त । यहाँहरूलाई जबरजस्ती जन्मिएर जन्मदै जात्रा हेरेको छोरो मोरोको कुरा कस्तो लाग्यो कुन्नि ? खबर गर्नुहोला ल !



❖रञ्जुश्री पराजुली

# घैँटोको दासत्व

समस्याको कुण्डमा
डुबुल्की लगाउन
रमाइलो लाग्छ
चाहे त्यो कल्पना नै
किन नहोस्
विचित्रको सोचले घेरिएको वेला
सर्वत्र कालो, निलो र अत्यास लाग्दो
आँधीबेहरीले एक छिनमा लान्छ
उडाउँदै, लत्याउँदै, हुत्याउँदै
घैँटोको दासत्वको सिकार बनाएर
सौन्दर्यको शक्तिहीन प्रतिफल !
विचरा !
कठै !
जिउँदो लास ऊ
आफूसँग भएको
रित्तो घैँटो छचल्किँदै अन्धकारभित्र
त्यहाँ अनायासै
एउटा मधुर ज्योति पिलपिलाउँछ
र
अघि पोखिन्छ सतहमा
अन्धकारलाई चिरा चिरा पार्दै
घैँटोको दास भएर
यताउति र सर्वत्र शून्यवत रहन्छ
बाध्यता, विवशता र यथार्थता
घैँटो शक्ति र साम्राज्यले व्याप्त ।

घैँटोको  नभए के हुन्थ्यो होला ?
न धनी न गरिब न शक्तिको होडबाजी
सर्वत्र सन्नाटा जगत् पूर्णविराम
सृष्टिको सिर्जना  ठप्प
आकाशका चन्द्रसूर्य
पृथ्वीका सारा तत्त्व
धरतीको अस्तित्व
सायद शून्यमा शून्यसरि
दासत्वको आबाज !

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

❑ लघु कथा

# विदेशीको संस्कृति मोह र पथप्रदर्शक



❖ राजकुमार पोखरेल

काठमाडौँबाट पोखरा हुँदै स्याङ्जाको सिरुबारी जान एक जोडी पुर्बी जर्मन दम्पति लिएर जनक हिड्यो । ट्राभल कम्पनीले उनीहरूलाई एउटा कार उपलब्ध गराएको थियो । नागढुङ्गाको ओरालोको अनुभूति दिलाउँदै अनि त्रिशुलीको वर्णन गर्दै जनकले सबैजनालाई पोखरा पुर्‍यायो । पोखरामा सबैजनाले चिया पिउँदै एक छिन आराम गरे । केही क्षणको विश्रामपछि सबैजनाको लागि अर्को गाडी पजेरो आइपुग्यो अनि पदमार्ग देखाउनको लागि एकजना महिला पथप्रदर्शक पनि उपलब्ध भइन् ।

गाडी पोखराका विभिन्न ठाउँ हुँदै सिरुबारी जान उकालो लाग्यो। केही क्षणपछि पथप्रदर्शकले बाटो बिर्सिएको सङ्केत गरिन् । गाडी उकालो लाग्यो । हामीलाई गाडी र डाइभर फेरिएको कारण अलमल भएको अनुभूति भयो । गाडीमा कोही डराएको पत्तो भएन तर जनक भित्रभित्रै डरायो । पथप्रदर्शक विभिन्न ठाँउमा फोन गर्नथालिन् तर मूल बाटो पत्ता लाग्नसकेन । गाडी बिस्तारै अगाडि बढ्यो । जिन्दगीमा पहिलोपल्ट जनकले पजेरोको महत्त्व बुझ्यो। यदि पजेरोको सट्टा अर्को गाडी भएको भए सबको हड्डीसमेत टुक्रा टुक्रा हुनेगरी त्यो अप्ठ्यारो बाटोमा गाडी खसिसक्थ्यो अनि तल खोलाका माछा रमाउँथे तर त्यो परि स्थिति नआएकोमा जनकले मनमनै खुसी व्यक्त गर्‍यो । जसोतसो अर्कै बाटो भए पनि गाडी सिरुबारी पुग्यो । सबैजना प्रफुल्ल भए अनि पथप्रदर्शकले सबैलाई गाउँको मुखियाकहाँ लगिन् । सबै गाउँले भेला भएर स्थानीय फूलको माला लागाइदिए । उनले पुर्बी जर्मनी दम्पत्तिलाई एकातिर पठाइदिइन्। पथप्रदर्शक पनि एकातिर लागिन्। जनकलाई पनि एउटा कोठा मिलाइदिइन् । पाहुना नपाउने घरपट्टिलाई फेरि अर्को पाहुना आउँदा उनीहरूलाई पर्यटक दिने र उनीहरूले पाहुनाको रेखदेख गर्नुपर्ने भन्दै सबैलाई सम्झाइन् । अरू गाउँलेहरू पनि पाहुनालाई फूल दिँदै आआफ्ना घरतिर लागे ।

मुखिया माहिला भोलि बिहानको खाजामा पेनकेक खुवाउने भन्दै सबैजनासँग बिदा भइन् । जनक मखख पर्‍यो यस्तो दुर्गममा पनि भोलि पेनकेक खान पाइने भयो भनेर । राति भएकाले सबैजना सुत्ने कोठातिर लागे । भोलि बिहान सबैको निद्रा खुल्यो । जनक नित्यकर्मीतिर लाग्यो । त्यसपछि सबैजना मुखियाको भान्साकोठामा भेट् हुनपुगे । सबैलाई चियापानको व्यवस्था भयो अनि मुखियाले चामलको पिठोको गिले रोटी सबैलाई दिए । जनकले बल्ल

बुझ्यो कि पेनकेक भनेको त गिले रोटी पो रहेछ !

खाजा खाएपछि जर्मनजोडी लिएर जनक उनीहरूलाई घरगाउँ देखाउन निस्कियो । कति अनुसन्धान गर्दा रहेछन यी मोरा खैरेहरू ! जनकले मनमनै सोच्यो । उति परबाट एकैचोटि सिरुबारी । आहा ! सिरुबारी कति राम्रो ! हरेक घर सफा अनि सुन्दर । हरेक घरअगाडि डोको झुन्डिएको फोहोर फाल्न । अनि बाटोमा ढुङ्गा छापेको । हरेक घरअगाडि एक पत्रमञ्जुषा । अनि हरेक घरभित्र एउटा पानीको धारा । गरे के पो हुँदैन रहेछ ! तर पनि एउटा कुरा जनकलाई खट्कियो, त्यो हो गाउँमा पुरुष नै छैनन् ! सबैजना वैदेशिक रोजगारीमा !

जे होस् एउटा गुरुङ सांसदको इच्छाशक्तिका कारणले गाउँमा यत्रो बदलाब ! वाह ! सिरुबारी । तिमी भएठाउँमा आउँदा बाटामा भोगेको दुःख बिर्साइदियौ ।

यता जर्मन जोडीलाई अरू कुराको मतलब थिएन । विभिन्न ठाउँ, खेत, खलियान र गाउँघरमा काम गर्ने कामदारको मात्र फोटो खिच्दै हिँडे । उनीहरूलाई सिन सिनारियोको फोटो लिनु नै रहेनछ ! अरू पर्यटकभन्दा बिल्कुलै फरक यिनीहरू ! फोटो खिचेपछि जनकलाई सोधपुछ गर्दै यो कुन जातको ? अनि यो कुन जातको ? भन्दै जानकारी पनि लिइरहे । जनक उनीहरूलाई बुझाउँदै यो ब्राह्मण, यो क्षेत्री अनि यो राई, यो गुरुङ भनेर बुझाउँदै गाउँ घुम्दै गर्दा उनीहरू पनि जनकसँग अलि बढी खुल्नथाले । उनीहरूले प्रशंसा गर्दै भने, 'बुझ्यौ जनक, 'तिमीहरूको गाउँको व्यवस्था निकै राम्रो छ । अचम्मको संस्कार पनि देखिन्छ त !'

जर्मनी जोडीले थपे, 'तिमीहरू दाँत दुख्दा असनभित्र गएर सिक्कामा काँटी ठोकेर भित्तामा टाँस्छौ । त्यस्तै कान दुखो भने कुपन्डोलमा कानदेवीकहाँ जान्छौ । विद्या माग्दा सरस्वतीको पूजा गर्छौ । त्यस्तै धनकी देवी लक्ष्मी, गणेश आदि इत्यादि भन्छौ र पूजाआराधना गर्छौ । भानाइको मतलब तिमीहरूका समस्याहरूअनुसारका भगवान छन् । यसले गर्दा गरिब, दुःखीलाई मद्दत मिल्छ । उनीहरू सम्बन्धित ठाउँमा जान्छन् अनि उनीहरूमा एक किसिमको आत्मविश्वास उत्पन्न हुन्छ । दिमागमा सकारात्मक शक्तिको सञ्चार हुन्छ अनि आधा रोग त त्यसै ठिक हुन्छ बाँकी बचेका केही रोग भए डाक्टरले निवारण गर्दा हुन् ।'

जनकले मनमनै भन्यो, 'यो मोरालाई उति टाढा बसेर पनि मलाईभन्दा बढी थाहा छ । कुन देवता कुन ठाउँमा प्रतिस्थापित छन् र ती देवताका प्रति नेपालीको विश्वास कस्तो छ भनेर ।' तैपनि मुन्टो हल्लाएर जर्मनीका कुरामा सहमति जनायो अनि सोध्यो, ' तपाईँहरूको देशमा चाहिँ कस्तो खालको व्यवस्था छ ? भगवानका प्रतिको आस्था कस्तो छ ?'

जर्मनीले जबाफ दियो, 'हामीकहाँ भगवान नै छैन ।' जनकले फेरि सोध्यो, ' त्यसो भए केही समस्या पर्दा कसको प्रार्थना गर्नुहुन्छ त ?' उनीहरूले सहज जबाफ दिए, 'जनक ! हामीलाई केही भयो भने हामी साइकोलोजिस्टकहाँ जान्छौँ ।' जनकले ए ! भन्यो र मनमनै एउटा हिन्दी उखान सम्झ्यो, 'दुर के ढोल सुहाने लगते हैं ।'

# कर्मको फल



❖ डा. श्यामप्रसाद न्यौपाने

"जीवनरामजी जे भयो भयो, चिन्ता नलिनुहोस् ।" छोराको उच्छृङ्खल व्यवहारले दिक्क भएका जीवनरामलाई छिमेकीले सम्झाउँदै भने । उनकी पत्नी पनि शोकमग्न भई विलाप गरिरहेकी थिइन् । जतासुकै उद्दण्ड बेहोरा प्रस्तुत गर्ने, जोसुकैसँग पनि अनावश्यक बाझाबाझ गर्ने, नशालु पदार्थ सेवन गर्ने आफ्नो छोरालाई सम्झाउन नसकेकोमा उनीहरू चिन्तित थिए । छोराका कार्यकलापबाट उनीहरू आजित भएका थिए । आज छोरालाई नशालु पदार्थका साथ प्रहरीले रङ्गे हात फेला पारेकोमा जीवनराम र उनकी पत्नी शोकमग्न थिए ।

चिन्तातुर अवस्थामा जीवनरामका आँखामा झलझली अतीतका घटना एकएक गर्दै घुमिरहे ।

"विकसित देशहरूले चन्द्रमामा पाइला टेकिसके । उनीहरूले अब त्यहाँसम्म देशको सीमा लम्ब्याउँदै छन् । हाम्रा गुरुहरू अझै चन्द्रमा देवता, सूर्यो देवता पाठ पढाउँदै छन् विद्यार्थीलाई ।" जीवनरामले विद्यालयमा संस्कृत अध्यापन गर्ने गुरुलाई कटाक्ष गर्दै भनेका थिए ।

शिक्षकले "खराब कामको परिणति खराब नै हुन्छ यसैले कहिल्यै पनि खराब काम र चिन्तन गर्नु हुँदैन" भनी सम्झाउन खोज्दा जीवनराम निकै रिसाएर अध्यापकमाथि नै हातपात गर्न अघि सरेका थिए । राजनीतिक दाउपेचले आफूले विद्यार्थीहरू बटुलेर संस्कृत र नैतिक शिक्षाका पाठ्यपुस्तक जलाएको झल्झली सम्झिए ।

"जीवनजी ! यी निर्जीव पुस्तकले तपाईँको के बिगार गरेका थिए र ! यिनमाथि तपाईँको किन यतिविधि आक्रोश, किन घृणा ? किन जलाउनु भो ? सरस्वतीको मन्दिरमा सरस्वतीकै प्रतिमूर्ति पुस्तक जलाएर तपाईँले के गर्नखोज्नु भा हो जीवन जी ? यसले तपाईँलाई पोल्छ ।" एकजना अध्यापकले सम्झाउन खोज्दा आफूले अध्यापकलाई खाउँलाजस्तै गरी हेरेको पनि उनलाई सम्झना भयो ।

अहो ! नीमको बिरुवा रोपेर खजुरको के आस गर्नु ?

अतीत सम्झेर उनका आँखाबाट आँसुका थोपा खसे ।

*सुनवल - १२ नवलपरासी ।*

❑ निबन्ध

# संसदीय निर्वाचन र चरम अवसरवादका झाँकी



❖ गणेश घिमिरे 'मार्मिक'

लोकतान्त्रिक व्यवस्थाको सौन्दर्य भनेकै निर्वाचन हो । लोकतान्तिक व्यवस्थामा आवधिक निर्वाचनबाट जनप्रतिनिधिको चयन गरी उनीहरूलाई मुलुकको विकास, समृद्धि र सुशासनको जिम्मा दिने गरिन्छ। अर्थात् जनताले आफ्ना प्रतिनिधिमार्फत मुलुकको शासन सञ्चालन गर्ने पद्दति यस्तो व्यवस्थामा निहित रहन्छ। तोकिएको अवधि अर्थात् नेपालको सन्दर्भमा पाँच वर्षका लागि चुनिएका त्यस्ता जनप्रतिनिधिहरू भ्रष्ट, दुराचारी र निरङ्कुश नबनुन् भन्ने अपेक्षा राखिएको हुन्छ । यदि त्यस्ता कार्यहरू उनीहरूबाट हुनगएमा अर्को निर्वाचनमा त्यस्ता व्यक्तिलाई जनताले आफ्नो मताधिकारको प्रयोगद्वारा वहिस्कार गर्नसक्ने अधिकार राख्दछन् । यस कारण जनताले आफ्ना प्रतिनिधि चयन गर्ने क्रममा नै उम्मेदवारको व्यक्तिगत स्वभाव, चरित्र, पृष्ठभूमि र व्यवहारको मिहिन मूल्याङ्कन गरेर मात्र आफ्नो मत दिनुपर्छ । अन्यथा क्षणिक लाभ, भ्रम र मोलाहिजामा परी मत दिएको खण्डमा गलत व्यक्तिका हातमा मुलुकको शासनसत्ता पर्नसक्ने खतरा उत्पन्न हुन्छ जसले देश र जनता लाभान्वित हुनुको सट्टा पीडा र पश्चात्ताप मात्र हात लाग्ने गर्दछ। यसकारण निर्वाचनको वेला होसियारीसाथ प्रतिनिधिको चयन गर्नु आवश्यक छ।

हाम्रो देशको विगत हेर्दा निर्वाचनको वेला जनताले राम्रो मूल्याङ्कन गर्ननसक्दा जनता स्वयमूले त्यसको दुःखद परिणाम व्यहोर्नुपरेको यथार्थ छर्लङ्ग छ । अशिक्षा, गरिबी, व्यक्तिगत स्वार्थ, नातावाद, कृपावाद, लोभलालच आदिको वशमा परी गलत व्यक्तिको चयन गर्नाले भोग्नुपरेका त्यस्ता हण्डरहरूलाई निर्वाचनका वेला हेक्का राख्न नसकिएमा यो क्रम सधैँ दोहोरिइरहने र परिणामस्वरूप मुलुकको विकास उन्नति त परै जाओस् राष्ट्रको स्वतन्त्रता, अखण्डता र अस्मितामाथि नै प्रहार हुनसक्ने हुँदा समयमा सचेतता अपनाउनु अत्यन्त जरुरी छ।

नेपालमा आगामी मङ्सिर ४ गतेका दिन हुनगइरहेको सङ्घीय तथा प्रादेशिक निर्वाचनको माहौल तातिरहेको छ। विभिन्न ठुलासाना राजनीतिक दलहरूले त आआफ्ना उम्मेदवारी प्रस्तुत गरिसकेकै छन् तर यसपटकको निर्वाचनमा स्वतन्त्र उम्मेदवारीको पनि ठुलै लहर चलेको देखिन्छ। गत स्थानीय निर्वाचनमा केही महत्त्वपूर्ण नगरपालिकाहरूमा स्वतन्त्र व्यक्तिले पाएको सफलताले यस सङ्घीय तथा प्रादेशिक

निर्वाचनमा पनि त्यसैको धङ्धडीले काम गरिरहेको भान हुन्छ।

हेक्का राख्नुपर्ने कुरा त के छ भने स्थानीय निर्वाचनमा निर्वाचित जनप्रतिनिधिले स्थानीय सरकार चलाउने र त्यो सरकार पाँच वर्षसम्म परिवर्तन नहुने हुँदा यसको महत्त्व भिन्नै छ तर लोकतान्त्रिक गणतन्त्रमा सङ्घीय तथा प्रादेशिक निर्वाचनमा केही स्वतन्त्र व्यक्तिहरू निर्वाचित भइहाले पनि तिनको भूमिका गौण र खासै प्रभावकारी बन्ननसक्ने र स्वतन्त्रहरूको सरकार बनिहाल्ने अवस्था पनि विद्यमान नभएकोले त्यस्तो स्वतन्त्र उम्मेदवारीको खासै औचित्य देखिँदैन। केवल कतिपय राजनीतिक दलहरूले विगतमा निर्वाह गरेका गैरजिम्मेवारपूर्ण व्यवहार र उनीहरूले निम्त्याएको राजनीतिक अस्थिरता तथा विविध विसङ्गतिहरूप्रतिको आक्रोशका अभिव्यक्ति मात्र हुन् यी स्वतन्त्र उम्मेदवारीहरू। यस्ता स्वतन्त्र उम्मेदवारीले यदाकदा विजय प्राप्त गरिहाले पनि आखिरमा कुनै न कुनै राजनीतिक दलको गोटी बन्नुपर्ने विडम्बना विगतका अनुभवहरूले प्रदर्शन गरी नै सकेका छन्। बरु स्वतन्त्र उम्मेदवारीले कुनै अमुक राजनीतिक दलको बहुमत पुग्ने र राजनीतिक स्थिरता आउने सम्भावनालाई न्यून बनाउन मात्र सहायकसिद्ध बन्ने छन्। मुलुकका लागि यो नै विडम्बना हुनजाने छ। कसैलाई हराउनुलाई मात्र अभीष्ट राखेर दिइने यस किसिमका स्वतन्त्र उम्मेदवारी चरम अवसरवादका अभिव्यक्ति र जनताप्रतिको गैरजिम्मेवारी मात्र ठानिने छ। आगामी निर्वाचनमा प्रत्यासी बनेका कतिपय उम्मेदवार कुनै न कुनै राजनीतिक दलबाट आफूले टिकट नपाएको असन्तुष्टिका रूपमा र चरम अवसरवादी चरित्रका रूपमा देखापरेका छन्। कुनै पनि राजनीतिक दलमा योगदान गरेका सबै कार्यकर्ता सबैलाई सीमित सिटमा अटाउन कुनै पनि हालतमा सम्भव छैन भन्ने कुरालाई पनि इमानदार कार्यकर्ताले मनन गर्नसक्नुपर्छ। अर्कोतर्फ सधैँ म मात्र माथि जाऊँ, म मात्र अवसर लुटौँ भन्ने खराब प्रवृत्तिले गर्दा पनि यस्ता क्रियाकलापहरूलाई जन्म दिएको देखिन्छ। यो गलत सोच हो।

हो, पार्टी नेतृत्वले पनि कहिलेकाहीँ गल्ती नगर्ने होइनन् तर व्यक्तिका गल्तीका कारण सिङ्गो पार्टीप्रति नै घात गर्नु के सच्चा र इमानदार कार्यकताहरूलाई सुहाउने कुरा हो र ? अवश्य होइन। कुनै पनि राजनीतिक दलको सिपाही बनेपछि त्यसका कमान्डरको निर्णयलाई शिरोपर गर्नु राजनीतिक अनुशासन हो। दलभित्रका गलत प्रवृत्तिहरूका विरुद्ध दलभित्रै सङ्घर्ष गर्नुपर्छ तर बाहिर भने एकताको भावना प्रदर्शन गर्नुपर्छ। पार्टीलाई नै आघात पुग्नेगरी गरिने क्रियाकलापहरू कुनै पनि हालतमा मान्य र उचित हुनसक्तैनन्। त्यस्ता चरम अवसरवादी चरित्र, प्रतिशोधको भावना र दरिद्र चिन्तनका कारण राजनीति बिटुलिने गर्दछ। फलस्वरूप राजनीतिक अस्थिरता उत्पन्न हुने गर्दछ। राजनीतिक अस्थिरताले विकास, समृद्धि र शान्तिको बाटो अवरुद्ध गर्दछ। मैले र मेरा मान्छेले पाए मात्र ठिक नत्र सबै बेठिक ठान्ने प्रवृत्ति नै चरम अवसरवाद हो। यस्ता खाले

क्रियाकलापहरूलाई जनताले प्रोत्साहन होइन निस्तेज बनाउन सक्नुपर्छ ।

त्यसो त यस किसिमको अवसरवादी चरित्र प्रायः सबै पार्टीहरूमा पनि छरपष्ट भएका छन् । तथापि, स्थापनाकालदेखि गरिमामय इतिहास रच्दै आएको एमालेजस्तो अनुशासित पार्टिभित्र अहिले देखिएको चरम अवसरवादी चरित्र चाहिँ विडम्बना हो । देश र जनताको एक मात्र भरोसा बनेको पार्टीमा यस किसिमका गलत चिन्तन र अवसरवादी चरित्रले आम जनतामा नैराश्य उत्पन्न गराएको छ । यस प्रवृत्तिमा सुधार ल्याउन पनि यस्ता गलत तत्त्वहरूलाई यथाशीघ्र पाखा लगाएर पार्टी शुद्धीकरणमा विशेष जोड दिनु आवश्यक देखिएको छ । विगत लामो समयदेखि पार्टीमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका कतिपय योग्य र सक्षम कार्यकर्ताप्रति न्याय गर्नु पार्टीको कर्तव्य र न्यायपूर्ण कदम मानिन्छ तर कतिपय अवस्थामा नेतृत्वका बाध्यता र भिन्न दृष्टिकोणका कारण भए गरेका निर्णयबाट उत्पन्न असन्तुष्टिलाई विपक्षीको सिँढी बनाउनु इमान्दारिता होइन गद्दारी ठहरिन्छ । धैर्य र अनुशासनले मात्र सहज बाटो पहिल्याउन सकिन्छ ।

जहाँसम्म राजनीतिक दलहरूलाई सच्याउने उद्देश्यले गरिएका आन्दोलन, चलाइएका अभियान र दिइएका चुनौतीहरूको सबाल छ ती एक हदसम्म उचित पनि छन् जसले राजनीतिक दलका क्रियाकलापहरूलाई सच्याउन योगदान पुऱ्याउँछन्, सचेत बनाउन मद्दत गर्दछन् र खबरदारी गर्दछन् । विगतका वर्षहरूमा हाम्रा राजनीतिक दलका नेताहरूमा देखापरेको पदलोलुपता, स्वार्थ, सत्तालिप्सा र भ्रष्ट मानसिकताले सिङ्गो मुलुक आहत भएको यथार्थ हो । नेताका यस्ता असक्षमता, दुश्चरित्र र गलत व्यवहार र प्रवृत्तिका विरुद्ध जनताले आफ्नो मतद्वारा उनीहरूलाई सबक सिकाउनु जरुरी छ तर नेता कार्यकर्ता नै झन् झन् अवसरवादी बन्दै जानु भने निश्चय पनि उचित कुरा होइन ।

संसदीय निर्वाचनमा आम विवेकी मतदाताहरूले नेताहरूका विगतका चरित्र, व्यवहार र उनीहरूको योग्यता, क्षमताको परख गरी मतदान गरी राजनीतिक स्थिरता कायम हुनेगरी स्वतन्त्रलाई होइन दलकै उम्मेदवारहरूलाई बहुमत दिई विजयी बनाउनुहुने छ भन्ने पूर्ण भरोसा छ ।

०००

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

*– शब्द-संयोजन परिवार*



❖ नन्दलाल आचार्य

# कलियुग

वनबासको वेला युधिष्ठिर, अर्जुन, भीम, सहदेव, नकुलले आआफ्नो यात्रा वर्णन कृष्णलाई सुनाए। युधिष्ठिरले आफूले दुई सुँढे भएको विचित्रको हात्ती देखेको बताएका थिए। अर्जुनले पखेटामा वेदका ऋचा लेखिएको पन्छीले मरेको जनावरको मासु खाइरहेको भेटेको बताए।

भर्खरै जन्मेको आफ्नो बाच्छोलाई चाटेर गाईले रक्ताम्मे पारेको भीमले सजीव वर्णन गरे। सहदेवले भने नजिकै रहेका ६/७ कुवाहरूमध्ये एक कुवा गहिरो भए पनि रित्तो रहेको तर अरू सबै पानीले भरिएको पाएको सुनाए। शिखरको ठुलो ढुङ्गो बाटाका सानाठुला रुखवस्तु भाँच्दै र लतार्दै तल्तिर खसेको तर एक ठाउँमा सानो बिरुवाको टेको लाग्नासाथ रुकेको चर्चा नकुलले गरे।

आखिरमा सबैले कृष्णलाई 'यसको अर्थ के हो ?' भनी एकैखाले पुच्छेप्रश्न सोधेका थिए। उत्तरमा कृष्णको बोली सुनिएको थियो-

युधिष्ठिर, मानिस बोल्छन् एक थरी, गर्छन् अर्कै थरी।

अर्जुन, मानिस रूपमा साधु तर व्यवहारमा चोर हुन्छन्।

भीम, मानिस आफ्ना सन्तानप्रति अतिशय प्रेम गर्छन्। आफ्नै प्रेमले सन्ततिको उन्नयन मार्ग थुनिएको हेक्का नै राख्तैनन्।

सहदेव, मान्छे मतलबी हुन्छ। स्वार्थले प्रेरित हुन्छ। अर्कोको दुःख देखेर पनि डेढ अक्कल लगाइदिन्छ। गुण बिर्सिदिन्छ।

नकुल, मान्छे आफ्नो अहङ्कारको दास बन्छ। पतनोन्मुख हुनबाट बचाउन खोज्दा कसै गरे पनि रुक्तैन। हरिनामले मान्छे पतन हुनबाट बच्छ।

अन्त्यमा यी सबै कलियुगका लक्षण हुन् भनी कृष्णले अर्थ्याएका थिए।

# सपना-विपना

एक समय म विस्मातलोक र हर्षलोक गरी दुई लोकको बासिन्दा थिएँ। एकपटक संसारमा रहेको विस्मातलोकको कचिङ्गलबाट म एकाएक संसारबाहिरको हर्षलोकमा छाडिएँ। त्यहाँ सिर्फ म थिएँ र जङ्गलबिच एक कुण्ड थियो।

त्यहाँ मैले अर्जुनदृष्टि लगाउँदा देखेबुझेअनुसार अरू सजीव अस्तित्व मेटिएको भेटेँ। यद्यपि सजीव गन्ध भने पर्याप्त मात्रामा अनुभूत भइरहेको थियो।

हर्षलोकको त्यस सानो कुण्डमा एकजनाभन्दा बढता हेलिन सकिन्नथ्यो। उखपात गर्मी थियो। म पनि एक्लै हेलिएँ। अघाउँजी पौडेपछि लखतरान भएँ। थकित मनस्थिति लिएर कुण्डबाट बाहिरिएँ। कुण्डबाट बाहिरिनासाथ हर्षलोक एकाएक गायब भयो। बदलामा उही विस्मातलोक टुप्लुक्क देखापर्‍यो।

❑ कृतिसमीक्षा

# 'बस्तीमा आगो' कवितासङ्ग्रहलाई नियाल्दा

❖ **अरूणबहादुर खत्री 'नदी'**

बस्तीमा आगो नामक कवितासङ्ग्रह कवि वासुदेव अधिकारीको २०७७ सालमा प्रकाशित भएको छ। यस सङ्ग्रहभित्र कविताक्रममा सिम्पल कोरोना, कोरोनासित प्रश्न, विश्वास, सामाजिक दुरी, सङ्कल्प वर्षा, स्पर्श, नयाँ वर्ष, अनुरोधलगायत विभिन्न शीर्षकका ६१ वटा कविताहरू रहेका छन् । मेरालागि नयाँ हो दृश्य र अदृश्यको युद्ध, सेवामा लडाइँको परिदृश्य ! हेर्दै अनौठो, सुन्दै अपत्यारिलो तथापि सेतो गाउन अग्निकुण्डमा हाम फालिरहेछ कविले 'सेतो गाउन' शीर्षकको कवितामा लेखेका छन् । ' हाम्रो चर्तिकला' शीर्षकको कवितामा प्रिय बन्दाबन्दी तिमीलाई थाहै छ हाम्रो चर्तिकला ! हामी केको आगो बाल्छौँ ? केके पकाउँछौँ ? कति सगज हुन्छौँ र अघि बढ्छौँ भनिएको छ। डा.रवीन्द्र समीरहरू दिनको दुईतीनपटक हामीलाई ब्युँझाउँछन् हामी ब्युँझिनुको साटो दिउँसै सुत्छौँ कविले भनेका छन् । 'अनुरोध' शीर्षकको कविताभित्र सियो भलादमी थियो कि चञ्चले ? सियो अनुशासित थियो कि बाइफाले ? ऊ खुरुक्क घर बस्यो कि बतास झैँ डुल्दै हिँड्यो ? भनी कविले प्रश्न गर्छन् । प्रिय बन्दाबन्दी रोगले पढेनपढेको भन्दैन, औषधिले जानेनजानेको चाल पाउँदैन। हामी त नपढेका आइमाई हात मिलाउन जानेका छैनौँ, अँगालो हाल्न पनि सिकेका छैनौँ अब सिक्दैनौँ पनि 'सामाजिक दुरी' शीर्षकको कविताभित्र कवि अधिकारीले लेखेका छन् ।




कृति : बस्तीमा आगो
विधा : कविता
लेखक : वासुदेव अधिकारी
प्रकाशन : समकालीन साहित्य प्रतिष्ठान, बेलायत
मूल्य : रु.२००।-
पहिलो संस्करण : वि.सं. २०७७ साउन
पृष्ठ : ९२
सामाखुसी साहित्य समाज
ईमेल : arunkhatri2024@gmail.com

'कोरोनासित प्रश्न' शीर्षकको कवितामा हात धोइरहन्छु कसरी सर्छौ ? भिडभाडमा जान्न कसरी भेट्छौ ? म मास्क लगाउँछु कसरी सङ्क्रमित हुन्छौ ? बासी खान्न कसरी प्रकट हुन्छौ ? भनी कविले सोधेका छन् -

*रुघाखोकी हो कोरोना*
*सिम्पल जीवाणु*
*सिम्पल रोग*
*सिम्पल सङ्क्रमण*
*सिम्पल जिब्रो टोकाइ*

जब कोरोना नाँच्दै थियो चीनमा, जब

कोरोना सल्किदै थियो इटालीमा त्यति वेला हिमाली खर्कमा बाख्रा चराउन जान कवि अधिकारी बेसारपानीमा रमाउँदै थिए सिम्पल कोरोना शीर्षकको कवितामा । ' मास्क' शीर्षकको कवितामा 'प्रिय बन्दाबन्दी नमुस्कुराऊ भनेको छैन, नहाँस भनेको छैन, मास्क लगाऊ भनेको हो अरू सतर्क बन भनेको हो मैले पनि त लाएको छु नि' कविले लेखेका छन् । प्रिय बन्दाबन्दी माहुरी झैँ पर पर गएँ, हिजो कविता खोज्न फर्किँदा कविता पनि ल्याएँ, अकविता पनि धेरै त रित्तै फर्किए 'सिर्जनायात्रा' शीर्षकको कवितामा कविले कोरेका छन् । कवि अधिकारीको कवितामा पाएको मूल कुरा काव्यिक इमान्दारिता र मौलिक विम्बको खोजी हो । कवि अधिकारीको यो कवितासङ्ग्रह कोरोनासित सम्बन्धित छ । यसमा समावेश गरिएका कविताहरू पढिसकेपछि पाठकलाई धेरै समयसम्म विविध किसिमका चिन्तनमा डुबाउन सक्ने क्षमता यसभित्र सङ्ग्रहित प्रत्येक कविताले राखेका छन् । यसले विविध किसिमका मननीय र विचारणीय विचार सम्प्रेषण पनि गर्न सकेको छ । भ्याक्सिन नआउन्जेल आफ्नै सजगताले कवि सिम्पल कोरोनासित लडेका छन् । कवि अठोटले हृदय सिँच्छन्, सफा हावा खाएर घरै बस्छन् । 'नछोएरै कोरोना युद्ध जित्छु' कविले भनेका छन् । 'भुइँचालो आयो गयो बास बसेन, कोरोना आयो घरबस्ती धुवाँऱ्यो र जान आनकानी गऱ्यो' कविले 'मध्यरातमा' शीर्षकको कवितामा लेखेका छन् -

*प्रिय बन्दाबन्दी*
*घरैबाट देखेँ मैले*
*क्याक्टस कोरोना*
*आगो कोरोना*
*र कोरोनासित लडिरहने*
*सेतो गाउन ।*

'बेसार महात्म्य' शीर्षकको कवितामा 'प्रिय बन्दाबन्दी जन्डिस रङको बेसार पञ्चायतको रङ थियो तरकारीमा नहाल्नु भन्यो आमा मान्नुहुन्नथ्यो ! बेसारपानी नखाई रुघा निको पार्न बाबु मान्नुहुन्नथ्यो' भनिएको छ । यसभित्रका कविताहरू २०७६ साल चैत्र २ गतेदेखि २०७७ साल श्रावण ५ गतेसम्म लेखिएका एकसठ्ठीओटा गद्यकविताहरू सङ्कलित छन् । यसमा बन्दाबन्दीको अवधिभित्र प्रायः हरेक दिनजसो लेखिएका कोरोनाप्रभावित विषयमा आधारित कविताहरू समेटिएका छन् । चीनदेखि पश्चिमी मुलुक हुँदै नेपालसम्म भित्रिएको कोरोनाको कहर र नेपालमा चैत्र ११ गतेदेखि लागू गरिएको लकडाउन अर्थात् बन्दाबन्दीको प्रभावलाई मुख्यरूपमा यस कवितासङ्ग्रहभित्रका कविताहरूमा कवि अधिकारीले उल्लेख गरेका छन् । 'यतिखेर म कोरोनापछिको भान्साको अँध्यारो छामिरहेछु, मजदुर पनि हुन नपाएका बेरोजगारको मन पढिरहेछु' कविले मजदुर दिवस शीर्षकको कवितामा लेखेका छन् -

*पानी परिरहेको छ*
*पहाड झरिरहेको छ*
*बिखबाहेक सबै चिसिएका छन्*
*बिखालुबाहेक सबै ओसिएका छन्*
*केको आगो हातमा ?*

'चरा बचाऊ' शीर्षकको कविताभित्र

'चारो टिप्दाटिप्दै आज वनमा आगलागी भयो । आगोमा झ्यासहरू बले, पातहरू बले, रुखहरू बले, वन आगोमय भयो, वस्ती धुवाँमय भयो' कवि अधिकारीले भनेका छन् । 'मध्यरातमा' शीर्षकको कविताले प्रिय बन्दाबन्दी भुइँचालो र कोरोना लठारिँदै आएछन्! हिजो जन्ड थियो भुइँचालो तर आज कोरोना झनै जन्ड देखिएको छ भनिएको छ। कविले कोरोनाको केन्द्रीयतामा सम्पूर्ण विषयवस्तु समेटेका छन् यस कवितासङ्ग्रहभित्रका कविताहरूमा । यो कृति निश्चय नै कोरोनाप्रभावित मानिन्छ । यसलाई सम्भवतः नेपालकै पहिलो प्रकाशित कोरोनासँग सम्बन्धित कवितासङ्ग्रहको रूपमा मान्न सकिन्छ। कोरोना विश्वलाई त्रसित तुल्याउनसक्ने महामारी हो। यसले ठुल्ठुला विकसित मुलुकहरूलाई समेत आच्छुआच्छु पारेको छ। यस सङ्ग्रहभित्रका कवितामा कवि अत्यन्तै कारुणिक विम्बहरूसँग खेल्दै बगेका छन्। एउटा साँचो मनको कोमलता र संवेदनशीलतालाई थोरै शब्दहरूमा सम्पूर्ण अभिव्यक्ति पोखेर प्रवाहित गरिएका छन् । नेपाली हुनुको गरिमाबोध कविमा छ। यो कृतिको मूल्य र स्तर पनि यिनै आधारमा आधारित रहेर निर्धारण गरिनुपर्ने हुन्छ । उनका कविता ज्यादै मार्मिक र पढ्नयोग्य छन्। विषयको गम्भीरतालाई असाध्यै सम्वेदनशीलताको कसीमा घोटेर सिर्जना गर्ने वासुदेव अधिकारीको सफल विशेषता यो कृतिमा पनि सशक्तरूपमा अभिव्यक्त भएको छ। कविलाई हार्दिक हार्दिक बधाई छ।

# एक्लै हिंड

**❖ रवीन्द्रनाथ टैगोर**

जब तिमी कसैलाई आफूसँग हिंड्न आह्वान गर्छौ
र कसैले तिम्रो आह्वान सुनेन भने
ढुक्कसँग तिमी एक्लै अघि सर।
तिमी जब जोकोहीलाई आफनो कुरा भन्छौ
तिम्रो कुरालाई कसैले वास्ता गरेन भने
तिमीले आफनो मन खुलस्त पार
र
तिमी एक्लै भए पनि अघि सर, अघि बढ
एक्लै हिंड, एक्लै हिंड।
यदि तिनीहरू तिमीलाई देखेर भाग्छन् भने
र लुक्छन् भने पनि
तिमी उनीहरूको चिन्ता नगर
घनघोर जङ्गलको बाटो भएर हिंड्नु परे पनि
जतिसुकै दुःख र कष्ट आइलागे पनि
तिमी त्यो बाटो पार गर्न नछोड
एक्लै हिंड, एक्लै हिंड।
आँधी ब्याधि आएको रातमा
कसैले बत्ती देखाउँदैन भने पनि
दुःख कष्ट सहेर भए पनि
तिमीले आफ्नो हृदयको बत्ती जगाएर बाल
कोही पनि साथमा छैन भने पनि
तिमी एक्लै हिंड, एक्लै हिंड।

*('अकेला चलो'को भावानुवाद)*

*राम विनय*

# 'घुमाउने घर' बालकवितामा प्रतिबिम्बित काव्यात्मकता



❖ रमेश प्रभात

*बालकका लागि लेखिएको कविता हो नै वास्तवमा बालकविता हो । बालसाहित्यको सिर्जनामा निरन्तर क्रियाशील स्रष्टा रमेशचन्द्र घिमिरे (२०२८) ले विविध विषयवस्तुलाई समेटेर सरल भाषामा बालकको मन तान्न सक्ने गरी कविता लेख्ने गर्छन् । यस्तो बालकेन्द्री रचना गर्नसक्नु उनको बालकविता लेखनको मूल प्रवृत्ति मात्र नभई प्राप्ति पनि हो । लोकलयको प्रयोग गरी लोपोन्मुख ग्रामीण विम्बलाई सरल तथा सरसढङ्गबाट चित्रण गरी तयार पारिएको 'घुमाउने घर' बालकविता निकै मर्मस्पर्शी कविता हो ।*

**आरम्भ**

'घुमाउने घर' कविता 'घुमाउने घर' बालकविता सङ्ग्रहको शीर्षक कविता हो । खोजी प्रकाशनबाट प्रकाशित 'घुमाउने घर' (बालकवितासङ्ग्रह)का सर्जक कवि रमेशचन्द्र घिमिरे हुन् । यो कृति आवरणसहित जम्मा बिस पृष्ठको आयाममा फैलिएको छ । कलाकार देव कोइमीको सुन्दर कलाले सुसज्जित यो कविताकृतिमा लामाछोटा दुबै खालका गरी कूल पन्ध्रवटा बालकविता सङ्गृहीत छन् । एउटा पृष्ठमा एउटा कविता राखेर तयार पारिएको यो कृति बालबालिकाका लागि आकर्षक खुराक बनेको पाइन्छ। सोही कविताकृतिभित्र समेटिएको शीर्षक कवितालाई आधार मानेर यो छोटो समीक्षा तयार पारिएको छ।

**कवि रमेशचन्द्र घिमिरेको छोटो चिनारी**

कवि रमेशचन्द्र घिमिरेको जन्म वि.सं.२०२८ चैत्र २१ लमजुङ जिल्लाको भोर्लेटारमा भएको हो । कवि, लेखक, साहित्यकारजस्ता साहित्यमा परिचय बनाएका घिमिरे लमजुङ क्षेत्रका शैक्षिक क्षेत्रमा समेत कहलिएका व्यक्तित्व हुन् । त्रि.वि.बाट नेपाली साहित्यमा एम.ए.सम्मको अध्ययन पूरा गरेका घिमिरेले नेपाली साहित्यका कविता, गीत, गजल, मुक्तक, हाइकु, बाछिटाजस्ता साहित्यिक लेखनमा सक्रियता देखाइरहेका छन् । यति हुँदाहुँदै पनि उनको पहिचान बालसाहित्यका क्षेत्रमा विशेष बन्दै गएको छ । विभिन्न पत्रपत्रिकामा उनका बालसाहित्यका विविध विधाका रचनाहरू छरिएर रहेका छन्। उनका हालसम्म बालसाहित्यका मलाई माया गर्ने को को ? (बाल चित्र पुस्तक, २०७२), सानी पुतली (बाल चित्र कविता, २०७५) र घुमाउने घर (बालकवितासङ्ग्रह, २०७८) जस्ता कृतिहरू प्रकाशित भएका छन् ।

नेपाली संस्कृति, प्रकृति, जीवनशैली, विज्ञान, प्रविधिजस्ता विविध भावलाई बालमैत्री तरिकाले प्रस्तुत गर्नु उनका कविताको भावगत विशिष्टता हो । त्यस्तै उनले आफ्ना सिर्जनामा विविध खालका लयलाई पनि सफलतापूर्वक प्रयोग गरेको पाइन्छ । उनले आफ्ना कवितामा बालबालिकाका लागि विविध खालका सन्देशसमेत दिने गरेको पाइन्छ । बालसाहित्यको सर्जक मात्र नभई समीक्षकको समेत परिचय बनाएका घिमिरे विभिन्न साहित्यिक सङ्घसंस्थामा सम्बद्ध छन् । दर्जनौं साहित्यिक संस्थासँग सम्बद्ध कवि घिमिरे चर्चित साहित्यिक पोर्टल 'साहित्यपोस्ट'का बालसाहित्य स्तम्भका स्तम्भकारसमेत हुन् ।

**'घुमाउने घर' बालकविताको भावविधान**

घुमाउने घर (बालकवितासङ्ग्रह) समसामयिक विषयवस्तुमा आधारित बालकविताको सञ्चयन हो । कविताको भाव सुहाउँदो खालका रङ्गीन चित्रहरूले सुसज्जित यस कृतिको शीर्षक कविता 'घुमाउने घर' ग्रामीण परिवेशमा आधारित कविता हो । यसमा गाउँघरमा पहिले प्रचलनमा रहेका र अचेल लोप हुनथालेका घुमाउने घरको सूक्ष्म बयान गरिएको पाइन्छ । उनी कविताको प्रारम्भमा गाउँमा पहिला देखिने घुमाउने घर अचेल कता हरायो ? भनेर यसरी प्रश्न गर्छन् :

*"कता गए झिँगटी कता गए खर ?*
*कता गए पुराना घुमाउने घर ?"*

(घुमाउने घर)

कवितामा उनी पहिला गाउँमा सिमेन्ट र छड नपाइँने भएकाले माटो र ढुङ्गाबाट घर बनाउने चलन रहेको कुरा गर्छन् । त्यसका लागि गाउँकै कर्मीहरू संलग्न हुने कुरा पनि उल्लेख गर्छन् । त्यस्ता घरमा ससाना आँखीबुट्टे झ्याल हुने गरेको भए पनि चिटिक्क देखिने कुरा गरिएको छ । हाम्रा बाजेका पालामा बनेका यस्ता घरमा बाजे र बाबुले आफ्नो जीवन गुजारेको सन्दर्भ पनि उल्लेख गरिएको छ। अचेल यस्ता पुराना घर हुनेलाई गाउँलेहरूले पाखे भनेर हेप्ने गरेको भए पनि बाले त्यसैलाई मर्मत गरिराखेको सन्दर्भ उल्लेख गर्दै मामा र भिनाजु यसमै रमाएको कुरा पनि गरिएको छ । दिदीलाई पनि यो घर मन परेको कुरा गरिएको छ । यति मात्र नभएर अर्को तीजमा यही घरमा दर खाने कुरा पनि गरिएको छ ।

यसरी कविले यो कवितामा गाउँघरमा कताकति देखिने घुमाउने घर कसरी बनाइन्छ ? त्यसको संरक्षण कसरी गर्नसकिन्छ ? त्यसको महत्त्व के छ ? आदिजस्ता प्रश्नको उत्तर पनि दिएका छन् । त्यस्तै गाउँमा मनाइने चाडपर्वको पनि कुरा गरेका छन् । घुमाउने घरमा प्रयोग हुने सामग्री, झ्याल, ढोका, दलिन आदिको पनि चर्चा गरिएको छ । यसरी ग्रामीण जीवनका सामग्रीको चिनारी दिँदै बालबालिकालाई ग्रामीण जीवनतर्फ आकर्षित गराउन खोजेका छन् । कवितामार्फत गरिएको उनको यस्तो अतीत प्रेम र गाउँप्रतिको लगाव निकै स्वागतयोग्य छ ।

‘घुमाउने घर’ बालकविताको लयविधान

प्रस्तुत ‘घुमाउने घर’ कवितमा ४+३,४+२ अक्षरको ढाँचामा संरचित १३ अक्षरे लोकलयको प्रयोग गरिएको छ। हेरौँ एउटा साक्ष्य ः

*“आँखीबुट्टे झ्यालका साना-साना चर*

*चिटिक्कको साँघुरो घुमाउने घर।”*

*(घुमाउने घर)*

बालकविताका लागि लयको प्रयोग अनिवार्य हुन्छ। लयमा लेखिएका कविता बालबालिकाले सजिलै टिप्न सक्छन्। यसका बारेमा कवि जानकार देखिन्छन्। ग्रामीण विम्बलाई लोकलयले राम्ररी पस्कन सकेकाले उनको यो कविता बालमैत्री बनेको छ।

*‘घुमाउने घर’ बालकवितामा विम्बविधान*

‘घुमाउने घर’ कवितामा ग्रामीण विम्बको सुन्दर प्रयोग गरिएको छ। घुमाउने घर, ढुङ्गा फोर्ने कर्मी, टुँडाटुँडी, आँखीबुट्टे झ्याल आदिले गाउँको झल्को दिने काम गरेको छ। त्यति मात्र होइन, यसमा अन्त्यानुप्रासको सुन्दर प्रयोग गरी भाषालाई आकर्षक बनाइएको छ। कविले कवितामा प्रयोग गरेको बज्यैले-मजैले, पाखे-राखे, चर-घर, कर-घर, दर-घर आदिजस्ता अन्त्यानुप्रास निकै प्रभावकारी बनेको छ। कविताको अन्त्यभन्दा अगाडि नै प्रयोग भएको दलान-ढलानजस्तो मध्यानुप्रास पनि कविताको सुन्दर पक्ष हो। विम्ब, प्रतीक र अलङ्कार प्रयोगका दृष्टिले पनि जटिल नभई यो कविता बालमैत्री बनेको देखिन्छ।

*‘घुमाउने घर’ बालकवितामा चित्रको प्रयोग*

‘घुमाउने घर’ कवितामा कलाकार देव कोइमीको सुन्दर चित्र राखिएको छ। अन्य कविताका तुलनामा केही लामो खालको यो कवितामा दुईवटा चित्र राखिएको भए पनि एउटै चित्रलाई उल्टोपाल्टो घुमाएर राखिनुले त्यति राम्रो देखिएको छैन। चित्रमा केही फरकपन दिन सकेको भए अझ प्रभावकारी हुने थियो। चित्र लेखकसँग सम्बन्धित नभएकाले यसमा कविको कुनै दोष भने देखिँदैन।

‘घुमाउने घर’ बालकविताको सन्देश

सिङ्गो ‘घुमाउने घर’ (बालकवितासङ्ग्रह)का सबै कवितामा कविले केही न केही सन्देश पस्कने काम गरेका छन्। उनले बालबालिकालाई मनोरञ्जन मात्र नदिई केही न केही शिक्षा दिनुपर्छ भनेर कविता लेखेजस्तो भान पाठकलाई पर्छ। कविले ‘घुमाउने घर’ कवितामार्फत नेपाली संस्कृतिको चिनारी दिँदै हामीले हाम्रा पुराना धरोहरको संरक्षण गर्नुपर्छ भन्ने सन्देश यसरी दिएका छन् ः

*“नभत्काउनू भनेर नाति गर्छ कर*

*हजुरबाले बना’को घुमाउने घर।”*

*(घुमाउने घर)*

**उपसंहार**

सामान्य पाठकले सोचेजस्तो सरल भाषामा बालबालिकाले बुझ्नेगरी बालकविता लेख्नु सजिलो काम हुँदै होइन। प्रौढले लेखेको बालकविताको मुख्य चुनौती

भनेकै बालकले ती रचनालाई कसरी ग्रहण गर्छन् ? भनेर हेर्नु हो। यस कोणबाट हेर्दा कवि रमेशचन्द्र घिमिरेद्वारा रचित बालकविताको कृति घुमाउने घर (बालकवितासङ्ग्रह) बालबालिकाको मन जित्नसक्नेगरी रचना गरिएको निकै प्रभावकारी कविताकृति बनेको पाइन्छ । त्यसमा पनि नेपाली जनजीवनमा लोपोन्मुख अवस्थामा रहेको घुमाउने घरलाई विषयवस्तु बनाई यस्तो सुन्दर खालको उनको कविता लेख्नु उनको सफलता हो ।

बालसाहित्यका अतिरिक्त कवि रमेशचन्द्र घिमिरेले कविता, गीत, गजल, मुक्तक, हाइकु, बालगीत, बालगजलमा समेत सशक्ततापूर्वक कलम चलाएका छन् । उनका डायरीका पानामा सुरक्षित अन्य रचनाहरूले पनि छिट्टै प्रकाशनको मुख देख्न पाउन् । उनीभित्र अपार सम्भावना छ, अब उनको कलम आख्यानयुक्त काव्यात्मक रूप खण्डकाव्य र महाकाव्यको यात्रामा पनि लम्किनुपर्छ । उनको काव्यात्मक बान्कीको नेपाली पाठकले छिट्टै रसास्वादन गर्न पाउन् भन्ने कामना र शुभेच्छासहित यो समीक्षा टुङ्ग्याउँछु ।

*(rameshprabhat29@gmail.com)*
*उपप्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर ।*

## बजारमा कृति




**कृति** : **बतुराउने चौतारो**

**विधा** : **लघु कथासङ्ग्रह**

**कथाकार** : **डा.षडानन्द पौड्याल**

**प्रकाशक** : **अक्षरधाम प्रकाशन, नागार्जुन, काठमाडौँ**

**मूल्य** : **रु.२५०।-**

**प्रकाशन वर्ष** : **२०७८**

# भगवानको हृदय

❖ **वासुदेव अधिकारी**

म विज्ञान र कर्ममा विश्वास गर्ने भगवानको फ्यान हुँ । भगवानलाई भेट्ने, उनीसँग सङ्गत गर्ने तथा उनका बारेमा चुरो कुरा चाल पाउने मेरो मनसुवा चरण चरण गरी पूरा हुँदै गएको छ । कोरोनाकालमा एक अर्कोसित भेट नगर्ने, भेटे पनि स्पर्श नगर्ने भयलाई हामीले एक विशेष सन्दर्भमा हात मिलाएर बिदा गरेका थियौँ । उहाँसित भएको एकाध भेटको सम्झना मिठो छ ।

भगवान अर्थात् डा.भगवान कोइराला । उनको 'हृदय'को साधारण संस्करणको विमोचन समारोहमा गएँ, पुस्तक आद्योपान्त पढेँ । 'हृदय' अत्यन्त सफा मनका धनी भगवानले नेपाली वाङ्मयलाई चिकित्सा क्षेत्र र सार्वजनिक संस्था व्यवस्थापनलगायतका सन्दर्भमा दिएको महत्त्वपूर्ण कृति हो । 'हृदय' सपना, सकारात्मक प्रयत्न र इमानका तीनवटा औजार प्रयोग गरी कसरी प्रभावकारी प्रतिफल उब्जाउन सकिन्छ भन्ने जिज्ञासाको सटिक उत्तर हो । यो किताब एक सफल डाक्टरको अध्ययन तथा पेसागत जीवनको ब्याकबक्स हो जसमा उनका सपना, यत्न, आत्मविश्वास, जीवनमूल्य, व्यवसायिक प्रयोग, सहकार्य, जनतामा समर्पित आर्थिक, सामाजिक, राजनीतिक सोच, कर्मकेन्द्रित जीवनशैली, समय व्यवस्थापनलगायतका विषय मिहिन र हार्दिक तबरबाट देखा परेका छन् ।

'हृदय' वा 'मुटु'को रेखदेख उनको कर्म हो भने 'हृदय'को खुला प्रकटीकरण उनको जीवन दर्शन हो । किताबमा भगवान जुन भूमिकामा पनि इमान्दार र सफा हृदय भएका जनसेवी देशभक्तका रूपमा देखिएका छन् । यो किताब मूलतः केही गर्ने सपना देख्ने युवाहरू, चिकित्साक्षेत्रमा क्यारियर बनाउने व्यक्ति, सार्वजनिक संस्थामा कार्यरत व्यवस्थापनका पदाधिकारी, राजनीतिज्ञ, पावर हातमा लिएर बस्ने नियामक आदिलाई उपयोगी छ। यो नेपाल हेर्ने ऐना पनि हो, नेपाल बनाउने औषधि पनि हो । कर्तव्यपरायणता र निष्पक्षताको विशेष धातुले बनेका भगवान किताबभरि चिकित्साक्षेत्रको सुधार तथा प्रभावकारी स्वास्थ्यसेवाका लागि समर्पित भएका देखिन्छन् । किताबबाट दरवार हत्याकाण्डका शोधार्थी, भूकम्प व्यवस्थापनसँग सम्बद्ध व्यक्ति, अनसनकर्मी डा.गोविन्द के.सी.का कुरा नबुझी हुने फ्यानहरूले पनि धेरै महत्त्वपूर्ण सूचना पाउन सक्छन् । लहैलहैमा उचाल्ने झन्डाको असर कति हुन्छ भन्ने चाल पाउन 'हृदय' पढ्न आवश्यक छ ।

हाम्रो सार्वजनिक संस्था तथा पदाधिकारी कस्ता छन् ? हाम्रो राजनीति र तिनका नेतृत्वले सार्वजनिक सेवाप्रवाहमा कस्ता नीति, नियुक्ति तथा प्रक्रिया अवलम्बन गरिरहेको छ ? तिनलाई कति कुरूप चरित्रलाई संरक्षण गर्ने बाध्यता छ ? त्यो हामी सबैले भोगेकै छौँ । त्यसलाई जिम्मेबारी बहनको सिलसिलामा भगवानले पनि भोगे र किताबमा अभिलिखित गरे । उनको भोगाइ चिकित्साक्षेत्रको व्यक्तित्व विकास तथा सेवाप्रवाहको लागि मात्र होइन सार्वजनिक संस्था शुद्धीकरणका साथै ती क्षेत्रमा हाबी

भएको राजनीतिक विकृति छिमल्नका लागि अत्यन्त उपयोगी छन् । अनेक नामका पार्टी र सङ्घसङ्गठनले कैयौँ स्वार्थी र घिनलाग्दा मनुवालाई कार्यकर्ताको रूपमा स्थापित गरेका छन् त्यसको दृष्टान्त 'हृदय'मा छ। अस्पतालजस्तो संवेदनशील सार्वजनिक संस्थाको अनेक कोणबाट आर्थिक दोहन हुँदै आएको तितो यथार्थ पढ्दा, चाल पाउँदा हृदय भारी हुन्छ । किताबमा स्वार्थसमूहको निम्छरो मनोबल उच्च नैतिकता भएका भिजनरी व्यक्तिका अघि लामो समय नटिक्ने अनेक दृष्टान्त पनि आएका छन् । यो नै भगवानको सफलताको कथा हो, समाज अघि बढाउने मूल्यवान् तागत हो । मैले 'हृदय'को निष्कर्ष र स्पिरिट पाठकका लागि मल्टिभिटामिनयुक्त पाएको छु।

'हृदय'मा पृथक क्षेत्रको ज्ञान र भगवान कोइरालाजस्तो इमानी व्यक्तिले पाइला पाइलामा भोगेको अनुभव पढ्दा मैले धेरै उज्यालो फेला पारेँ । खगेन्द्र सङ्ग्रौला आदिका एन्फेक्टेड एन्ड स्पोन्सर्ड विचारलाई लहैलहैमा पत्याई त्यसलाई नेपाली समाजविकासको मार्ग मान्ने तथाकथित अभियन्तासमेतले गहिरोसित यस किताबलाई पढी मनन गर्नसके यसले सकारात्मक पहलकदमीमार्फत परिवर्तनको ढोका खोल्न धेरैलाई प्रेरित गर्ने छ। अर्थात् 'हृदय' धेरै दियो सल्काउन सघाउने माउ दियो बन्ने छ।

'हृदय'को ब्याकबक्समा भगवान सानामा अत्यन्त सिधा रहेका, नौ कक्षामा पढाइ पोलेर खाइसकेका, प्रवेशिका परीक्षामा द्वितीय श्रेणीमा पास भएका, गणितमा ३२ अङ्क मात्र ल्याएका, हेल्थ असिस्टेन्टको पढाइमा सर्वोत्कृष्ट भएका, सर्वोत्कृष्ट नम्बर ल्याएर पनि एमबिबिएस पढ्न बङ्गलादेश जान नपाएका, साँखुको इन्द्रायणीमा हेल्थ असिस्टेन्ट भई काम गरेका, सोभियत सङ्घको पढाइमा पाँचमा पाँच अर्थात् पूर्णाङ्क नै ल्याउने गरेका, निजी खर्चमा बङ्गलादेशमा एमडी गरेका, अमेरिका तथा क्यानडामा एमएस गरी मुलुकको स्वास्थ्यसेवामा समर्पित भई लागेका, गङ्गालाल हृदय रोग केन्द्र, मनमोहन कार्डियोभास्कुलर सेन्टर तथा त्रिवि शिक्षण अस्पतालको कार्यकारी भई उदाहरणीय काम गरेकाजस्ता तथ्यहरू लोभलाग्दो कथनसहित आएका छन् । किताबमा उनको सादा परिवार, सौम्य बाआमा, लहडी दाइ, सुयोग्य र समझदार पत्नी, प्रतिभाशाली छोरालगायत अनेक डाक्टर, नर्स, प्रोफेसर, बिरामी, कमिसनखोर व्यक्ति, खुराफाती कर्मचारी, औषधि तथा स्वास्थसम्बन्धी मेसिन चोर आदिसँग भेट हुन्छ । तथापि मुख्य भेट र साक्षात्कार हुन्छ भगवानको इमान्दार कर्म र सही सम्यक विश्लेषणसँग ।

सिधा मानिस कडा हुनसक्छ ? भगवानले भएर देखाइदिएका छन् । जालसाजीयुक्त व्यवहार गर्ने धेरैलाई उनले नियमसम्मतरूपमा कडा भएरै ठेगानमा ल्याएका छन् । ठुलो पदमा नियुक्ति पाएको मानिसले आफूखुसी राजिनामा दिन्छ ? उनले कारणसहित राजिनामा दिएर देखाइदिएका छन् र सम्बद्ध पक्षले सहयोगको कबुल गरेपछि ब्याक पनि भएका छन् । आफ्नोनिम्ति समय कम भए पनि उनको जीवन रमाइलो छ तसर्थ 'हृदय'को पाठ पनि रमाइलो छ । उनको जीवन एक प्रकारको साहसिक यात्राजस्तो पनि लाग्छ । अनेकपटक दुर्घटना, अनेक खालका जोखिम तथापि काममा समर्पित हुने मनको आगोले सबै अनिष्ट भष्म गरेजस्तो ! उनले दुःखी गरिब जनतादेखि राजासम्मको

उपचार गरेका छन्, कैयौँ जनसेवी नीति निर्माणमा पहलकदमी लिएका छन् ।

'हृदय'को महत्त्वपूर्ण अंश अनेक तिकडम तथा अनेक तहका स्वार्थपरक हड्तालीहरूको एम्बुसमा परेको लक्ष्यभेदी डाक्टरको आत्मकथाजस्तो भएको छ। उनी लक्ष्यभेदी दीप हुन्, जसका वरिपरि नियमितजस्तै हुरी चलिरहे तर उनी निभेनन्, जलिरहे, बलिरहे । सोभियत सङ्घबाट पढाइ सकेर आउँदा ल्याउन पाएको दुई नाले बन्दुक बेचेर आएको पचास हजार रूपियाँले बिहे गरेका, मन्त्रीका भतिजालाई नियुक्ति नदिएवापत अख्तियारको छानविन खेपेका, घरि घरि असफल शल्यक्रियाका बिरामीका आफन्तको घेराउमा परेका भगवान किताबमा कैयौँ क्षणमा रोएका छन्, पेसागत सफलताको क्षणमा पटक पटक हाँसेका छन् । उनले हाम्रो शिक्षा, राजनीति, सार्वजनिक सेवाव्यवस्थापन आदिका सन्दर्भमा साँच्चै गुनिलो किताब उपहार दिएका छन् । उनमा प्रतिकूलतासँग जुध्ने विशिष्ट क्षमता देखिन्छ।

उनका केही निष्कर्ष मलाई अनेक कोणबाट मन परेको छः

कुनै पनि संस्था बन्नु र बिग्रिनुमा धेरै दूरी हुँदैन । नियमित अनुगमन, व्यवस्थापकीय इमान्दारी र सामूहिक प्रयास भइरहेका सार्वजनिक निकाय सफल हुन्छन् भन्ने सन्देश गङ्गालालले दिएको छ। (किताब कथा)

अहिलेको आँखाले हेर्दा त्यति वेलाको हाम्रो शिक्षण परीक्षा प्रणाली भुर थियो भन्नुपर्ने हुन्छ। सिर्जनात्मक होइन, घोकन्ते। छलफल होइन निर्देशनात्मक । व्यवहारिक होइन सैद्धान्तिक। (पृष्ठ ९)

विशेषगरी कुनै अमूक कम्पनीको टेन्डर स्वीकृत गरिदिनुपर्‍यो भन्दै मन्त्रीको खबर लिएर पिएहरू आउँथे । उनीहरूको अनुहार अहिले पनि मलाई याद आउँछ । उनीहरू कसरी पहिला ठुला ठुला कुरा गर्थे र अन्त्यमा लाज पचाएर आर्थिक लाभको कुरा गर्थे ! (पृष्ठ ८६)

कतिपय मन्त्री तथा उच्च पदस्थ अधिकारीलाई मैले आफ्नै खल्तीको पैसा तिरेर उपचार गरिदिनुपरेको छ। (पृष्ठ ८७)

नौ महिनाजति पछि ती महिला जँचाउन फेरि आइन् । मैले देख्नासाथ सोधेँ, 'त्यत्रो खर्च लाग्छ, कसरी कसरी आउनुभयो त्यहाँदेखि ?' उनले भनिन्, 'पाटो बेचेर आया हुँ हजुर।' (पृष्ठ १२४)

यस्तो (इमर्जेन्सी सेवा बन्द गर्ने) घटिया निर्णय हुँदा पनि डा.गोविन्द के.सी.ले आपत्ति जनाएको र त्यसलाई रोक्न कुनै प्रयास गरेको मैले थाहा पाइन। यी १३-१४ दिनको अवधिमा म धेरै पटक रोएँ। (पृष्ठ १७३)

बन्द (डा.गोविन्द के.सी.को अनसनको कारण)को अवधिमा अस्पताललाई करिब दुई करोड आर्थिक क्षति भयो।(पृष्ठ १७४)

अस्पतालको कामको सन्दर्भमा आउनसक्ने चुनौतीमध्ये ऊर्जा, उपकरण र जनशक्तिको व्यवस्थापन प्रमुख हुन् । यी विषयको व्यवस्थापन कर्दा कहिल्यै पनि एउटाको भरमा बस्नुहुन्न। (पृष्ठ १८७)

अन्तमा,

किताब लेख्नेभन्दा काम गर्ने महान् हुन्। कामको सही व्यवस्थापन गर्ने गराउने झनै महान् हुन्। लक्ष्यभेदी काम गर्नेले तितामिठा अनुभवसहित लेखेको किताब अत्यन्त प्रशंसनीय कार्य हो । सलाम डा.भगवान कोइराला।

*२४ असोज ०७१*

# साहित्य सन्ध्यामा 'महाकवि लक्ष्मीप्रसाद देवकोटोको सम्झना गर्दै शुभ कामना कविगोष्ठी' सम्पन्न

विगत उनन्चालिस वर्षदेखि अविच्छिन्नरूपमा मासिक साहित्यिक गोष्ठी गरिरहेको, समसामयिक विषयमा बहस तथा छलफल गरिरहेको र नेपाली प्रगतिवादी साहित्यमा योगदान गरिरहेका विभिन्न स्रष्टालाई 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' अर्पण गरिरहेको साहित्य सन्ध्याको ४३३ औँ विशेष शृङ्खला कार्तिक ५ गते शनिबार अपराह्न १ बजे जुम क्लाउड मिटिङका माध्यमबाट भर्चुअलरूपमा आयोजना गरी महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्झना गर्दै शुभ कामना कविगोष्ठी गरी सम्पन्न भयो ।

सन्ध्याका अध्यक्ष **राम विनय**को अध्यक्षतामा सम्पन्न उक्त विशेष गोष्ठीमा अतिथि एवम् टिप्पणीकारका रूपमा **प्रा.डा.ध्रुवप्रसाद घिमिरे** उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा डम्बर पहाडी, डा.गोविन्दप्रसाद आचार्य, प्राज्ञ नन्दु उप्रेती, ऐरावती प्रकाशनका अध्यक्ष रामदेव पाण्डेय, सीताराम ढकाल फाउन्डेसनकी उपाध्यक्ष विन्दु अधिकारी ढकाल उपस्थित हुनुहुन्थ्यो ।

गोष्ठीमा महेशराज खरेल, खेमराज निरौला, विन्दु अधिकारी ढकाल, डा.गोविन्दप्रसाद आचार्य, ओमप्रसाद कोइराला, गीता सापकोटा, रामदेव पाण्डेय, नन्दु उप्रेती, कुमार नेपाल, गोपालकुमार मैनाली, जयन्ती स्पन्दन, राम विनयले आआफ्ना कविता, गीत, मुक्तक वाचन गर्नुभएको थियो ।

वाचित रचनामाथि टिप्पणी गर्दै **प्रा.डा.ध्रुवप्रसाद घिमिरे**ले साहित्य सन्ध्याको आजको यो विशेष गोष्ठीमा नेपाली साहित्यका विराट प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्मान गरियो । देवकोटाले लेखेको मुनामदन खण्डकाव्य नयाँ झ्याउरे लयमा लेखिएको भनिएको छ तर यथार्थमा तत्कालीन समयमा लेखिएका प्रेम लहरी, प्रिती लहरीजस्ता लहरी साहित्यमै यो लेखिएको छ र यसको सूत्र प्रिती लहरीसँग ठ्याम्मै मिलेको पनि छ । आजको यो गोष्ठीमा वाचित कविताहरूमा आशावादी एवम् समयको सामर्थ्यको महत्तागान गाइएका कविता आएका छन् । समसामयिकता स्पष्ट चित्रित भएको, अग्रजको सम्मान गर्नुपर्ने भाव अभिव्यक्त भएको, नेपाली मात्रका चाडबाड मनाउनुपर्ने तर ढोँग र आडम्बरको प्रदर्शन गरिनुनहुने, अन्धविश्वासको पक्षपोषण गरिनुनहुने पक्षका र वर्तमानको समसामयिक युगजीवनको प्रतिविम्बन भएका कविता वाचित भएकाले गोष्ठी उपलब्धिमूलक, गुरुत्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो ।



# स्रष्टाले बेथितिका विरुद्धमा बोल्नै पर्छ

❖ केशवप्रसाद बडाल

आजको यो अविरल जनसाहित्य यात्राको सत्तरीऔँ शृङ्खला सशक्त, सुन्दर र महत्त्वपूर्ण रहेको छ । मसमेतको पहलमा वनसम्बन्धी ऐन २०४८ निर्माण भएर २०३६ सालताका भएको वनविनाशमा उल्लेख्य सुधार आई देशै हरियाली भएको सन्दर्भलाई पनि हाम्रा सिर्जनाले समेटनु आवश्यक छ । १७% तराई, ६८% मध्येपहाड र १५% उच्च हिमाली भूभाग रहेको हाम्रो मुलुकमा अहिले काम गरेर खाने मान्छे भोको बस्नुनपर्ने अवस्था विद्यमान छ तर हाम्रो तिस लाख हेक्टर खेतीयोग्य जमिनमध्ये २०% बाँझो भएको र बाइस लाख पचास हजार युवा विदेश पलायन भएका कारण मुलुक समस्यामा परेको छ। केपी ओली सरकारबाट हट्दाताका चौध अर्ब वैदेशिक मुद्रा सञ्चित रहेकोमा अहिले घटेर नौ अर्बमा झरेको र नेपाल आयल निगम टाट पल्टिने अवस्थामा पुग्नुले गलत र गैरकानुनी ढङ्गले सत्ता चलिरहेको दुरावस्था यो मुलुकले भोगिरहेको छ भन्ने यथार्थको चित्रण कवितामा गरिएको छ र राष्ट्रियताका पक्षमा आबाज बुलन्द गरिएको छ । स्वाभिमानको लडाइँलाई दमन गर्नेहरू अहिले गठबन्धनमा रहेका कारण पनि देश र जनताका समस्यामा सरकार बेखबर रहेको तर स्वार्थलिप्सामा भने लम्पट भएर लागेको तथ्यलाई पनि कविताले उजागर गरेका छन्, आक्रोश व्यक्त गरेका छन् ।

स्रष्टाले लेख्ने जनताका लागि नै हो । बोलेर के हुन्छ र ? भनियो भने र बोलिएन भने जनतासम्म विद्रोहको आबाज नै पुग्दैन र सङ्घर्ष तथा रूपान्तरणको पक्ष कमजोर हुन्छ भन्ने तथ्यलाई पनि स्रष्टाले हृदयङ्गम गर्नुपर्छ र सोहीअनुसार जनता जगाउने, सचेत पार्ने अनि समाज रूपान्तरणमा सहयोग पुग्ने सिर्जना गरिनुपर्दछ । आजको यो सुन्दर समारोहमा विद्वान् व्यक्तिहरूको गुणात्मक उपस्थिति रहेको यो अवसर आनन्ददायी रह्यो । सुन्दर र सामाजिक रूपान्तरणको वैचारिकता समेटिएका कविता श्रवण गर्ने र आफ्ना धारणा पनि राख्ने अवसर प्राप्त भएकोमा मलाई गौरवबोध भएको छ । मलाई यो अवसर दिने आयोजकलाई हार्दिक धन्यवाद दिन्छु, आजका कविनायकलाई पनि बधाई ज्ञापन गर्दछु ।

*-रमेश पोखरेल (साहित्यकार एवम् राजनीतिज्ञ केशवप्रसाद बडालले अविरल जनसाहित्य यात्राको ७० औँ शृङ्खलामा प्रमुख अतिथिका रूपमा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*